# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२८

पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

७ वर्ष ४ अङ्क

## (इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक—
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी—
रामजी तेवारी

# विषयसूची

| | | | |
|---|---|---|---|
| | | | पृष्ठ |
| १. विद्वत्पूजा (२ सङ्ख्या) | –नयराज पन्त | | १८९–२२८ |
| प्रस्तावना | | १८९–२०० | |
| श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालज्यू | | २०१–२२८ | |
| २. गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार | " | | २२८–२५२ |
| ३. नवग्रहस्तोत्र | " | | २५२–२५९ |
| ४. श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालको प्रतिसंस्कृता सिद्धान्तकौमुदीको विषयमा विद्वान्हरूको विचार | " | | २६०–२६४ |
| ५. विद्वच्छिरोमणि हेमराज र पण्डितराज सोमनाथको सम्बन्ध | " | | २६४–२६८ |

# विद्वत्पूजा (२ सङ्ख्या)

## प्रस्तावना

गुरु पण्डितवर सोमनाथ सिग्द्यालज्यूको दर्शन मैले आफ्नो ५ वर्षदेखि ७ वर्षभित्रका कुनै दिनमा पाएको हुँ । (किनभने मेरो अक्षरारम्भ ५ वर्षमा भएको हो तथा म ७ वर्ष हुँदा मेरा मातामहले रानीपोखरी संस्कृतपाठशालामा पढाउन छोड्नुभएको हो ।) मलाई अहिले त्यस बेलाको आफ्नो ठीक उमेर ज्ञान छैन । त्यस बेला मेरा मातामह पं. भुवननाथ पाँडे रानीपोखरी पाठशालामा ज्योतिषका अध्यापक हुनुहुन्थ्यो र मलाई हात समाती आफूसँगै पाठशाला लानुहुन्थ्यो । म पाठशालामा पनि उहाँसँगसँगै बसिरहन्थेँ । सबै पण्डितहरू पहिले प्रधानपण्डित श्रीगुरु सोमनाथको कोठामा जम्मा हुने र केही बेर गफगाफ गरी बिताउने चलन थियो । दिउँसो १ बजे पनि फेरि जम्मा भई गफगाफ गरी तमाखु खाने काम हुन्थ्यो । त्यस बेला श्रीगुरु सोमनाथको अनुहार मैले देखेको हुँ । परन्तु त्यस बेलाको श्रीगुरुको अनुहार अहिले म सम्झन सक्तिनँ । जसरी अहिले म पण्डित गोपाल पाँडेको अनुहारलाई सम्झन सक्तिनँ[1] ।

वि. सं. १९७७ वा १९७८ देखि कुमारीचोकपाठशालामा श्रीगुरु कविराज पाँडे (मेरी आमाकी फुपूका छोरा) सँग म पढ्न लागेँ । त्यहाँ एक दिन केही मानिस पं. कविराजलाई भेट्न आएका थिए । । तीमध्ये एकजना मानिसले मेरो मुख हेरेर यो ठग यहाँ पनि आएछ भनी भनेथे । त्यस बेला त मैले यसको अर्थ केही पनि बुझिनँ । अहिले विचार गर्दा ती मानिस रानीपोखरी संस्कृतपाठशालामा पढ्ने माथिल्ला कक्षाका कुनै छात्र होलान् जस्तो मलाई लाग्छ । मातामहसँग रानीपोखरी पाठशाला जाँदा अमरकोश लिएर म जान्थेँ । त्यहाँ कसरी पढ्थेँ, यो कुरो त म अहिले ठीकसँग भन्न सक्तिनँ । परन्तु अमरकोश ३०।४० श्लोकभन्दा बढ्ता मैले पढ्न सकेको थिइनँ । एकदिन मातामहले यसको चाख पनि छैन, यो पाठशालामा गएर पनि पल्टन्छ भनी घरमा कुटेको मैले सम्झेको छु । यस कारण त्यस बेला मैले रानीपोखरी पाठशालामा गरेका अविनीत कामलाई सम्झी उनले त्यो कुरा बोलेका हुन् भन्ने मलाई लाग्छ । पाठशालामा र गुरुज्यू हेमराजको घरमा पनि पण्डितवर सोमनाथसँग मेरा मातामहको बराबर सम्पर्क भइरहने हुनाले उहाँको नामलाई मैले बालककालदेखि नै सुनेको हुँ । तिहारमा एक दिन आज पाठशालामा जूवा भयो; सोमनाथले धेरै हारे; मैले यति जितेँ भनी मातामहले भन्नुभएको थियो । जित र हारको रकम र वर्ष अहिले मलाई याद छैन ।

---

१. पूर्णिमा ८ अङ्कको ५३ पृ. ।

कुमारीचोकपाठशालामा १, २ वर्ष मैले पढें । गुन्नेसम्मको हिसाब र नेपालीमा साना-साना कथा लेख्ने अभ्यास त्यस वेला मलाई भएको थियो ।

यसपछि वि. सं. १९८० तिर म मेरा मामा मास्टर मेरुनाथ पाँडेका साथमा स्रेस्ता-पाठशालामा पढ्न पुगें । यहाँ मेरा ४ जना गुरु हुनुहुन्थ्यो– मेरा मामा, मास्टर ललितनरसिंह जोशी, मास्टर जगतमान प्रधान, हाकिम मास्टर दिव्यमान जोशी । स्रेस्तापाठशालामा मैले ४ वर्ष जति पढें । उनताकाको नियमअनुसार हिसाब, औंठा, स्रेस्ता, लेखसमेत चार पास दिएँ । लेखबाहेक अरुमा म पास भएँ[२] ।

स्रेस्तापाठशालामा पढ्दै मैले मेरा मामाका साथी श्रीगुरु तीर्थप्रसाद नेपालसँग उहाँको घरमा अलिकता अङ्ग्रेजी पढें । उहाँ म्याट्रिक परीक्षामा उत्तीर्ण हुनुहुन्थ्यो । मेरा मामाको लिहाजले उहाँले मलाई ४ वर्ष जति घरमा अङ्ग्रेजी निःशुल्क पढाइदिनुभएको थियो ।

वि. सं. १९८४ को अन्त्यमा पाँचौं कक्षामा दरबार हाइस्कूलमा भर्ना हुन म ठीक भएको थिएँ । मेरा मामाले पनि यो प्रबन्ध मिलाइदिनुभएको थियो । दैवसंयोग त्यसै वेला मलाई ज्योतिषी हुने इच्छाले छोप्यो । मैले मामासँग ज्यौतिष पढ्छु भनी भनें । मामाले पनि पढ्ने भए पढ् भनी भन्नुभयो । तिनताका मामासँग म बीजगणित पढ्थें । तिनताका मेरा मातामह नारायणहिटी राज-दरबारमा पढाउनुहुन्थ्यो । प्रिन्सिपल सरदार बटुबाबू दरबारमा पढाउन आउँछन्; बाटामा फर्कंदा कहिलेकहीं सँगसँगै हुन्छौं; उनी मसँग बडो मिजास गर्छन्; तँलाई अङ्ग्रेजी पढ्न म उनीसँग कुरा गर्छु भनी मातामहले मसँग एक दिन भन्नुभयो । म त अङ्ग्रेजी पढ्दिनँ, ज्यौतिष पढ्छु भनी मातामह-सँग मैले भनें । मातामहले ज्यौतिष पढ्ने भए कौमुदी पढ्नुपर्छ भनी भन्नुभयो । पण्डित बाबुराम पोखरेल राम्रोसँग कौमुदी पढाउँछन्; उनीसँग गएर पढ्; म भनिदिउँला; साइत हेरेर पढेपछि राम्रो हुन्छ; फलानो दिन साइत छ; म घरमा यहीं थालिदिन्छु; पछि पाठशालामा गई बाबुरामसँग पढ्लास् भनी एक दिन रातमा साइत पारी मलाई मेरा मातामहले लघुकौमुदी प्रारम्भ गराइदिनुभयो । संज्ञा-प्रकरणसम्म मैले मातामहसँग घरमै पढें । यही बीचमा मेरा मामाले पाठशालाका ज्यौतिषका अध्या-पक श्रीगुरु पं. हेमनाथ भट्टसँग मेरो ज्यौतिष पढ्ने कुरा भनिदिनुभयो । पञ्चसन्धिसम्म कौमुदी पढेपछि ज्यौतिष पढ्न बढिया हुन्छ भनी पं. हेमनाथले भन्नुभएछ ।

वि. सं. १९८४ को फाल्गुन महीनादेखि म रानीपोखरी संस्कृतपाठशालामा गई श्रीगुरु पं. बाबुराम पोखरेलसँग लघुकौमुदी पढ्न लागें । त्यसको केही महीनापछि श्रीगुरु पं. हेमनाथ भट्टसँग लीलावती पढ्न म लागें । त्यसै वेला त्यहाँका प्रधानपण्डित श्रीगुरु पण्डितवर सोमनाथ सिग्द्यालको राम्रो दर्शन मैले पाएँ । पं. सोमनाथको अधिकार तथा रवाफिलो रङ्गढङ्गले सबै दबेका देखिन्थे ।

---

२. आचार्य परीक्षा दिइसकेपछि वि. सं. १९९५ मा फेरि लेख परीक्षा दिई मैले चारपास पूरा गरेको छु ।

वि. सं. १९८५ मा मैले सुबन्तसम्म लघुकौमुदी र सम्पूर्ण लीलावती पढें । मौनपवासको बिदामा श्रीगुरु पं. बाबुराम पोखरेलको घरमा गई बडो प्रार्थना गरी तिङन्त भ्वादिको भाग पढें । वि. सं. १९८६ मा श्रीगुरु पं. देवीदत्त पराजुलीकहाँ अनुवाद पढ्न म गएँ । उहाँकहाँ जान लाग्दा श्रीगुरु हेमनाथ भट्टले उहाँ त बडो जाज्वल्यमान पण्डित हुनुहुन्छ भनी भन्नुभयो । यसरी वि. सं. १९८६ मा रानीपोखरी पाठशालाका तीनजना अध्यापक मेरा गुरु हुनुभयो । हुनत म ज्यौतिष पढ्न तम्सेको थिएँ, तर श्रीगुरु बाबुराम पोखरेलको पाठनशैली र विद्वत्ताले मेरो मनमा बढ्ता प्रभाव पार्‍यो र म सबभन्दा बढ्ता मिहिनेत कौमुदीमा गर्न लागें । त्यसै वर्ष श्रीगुरु देवीदत्तसँग रघुवंश चतुर्थ सर्ग र श्रुतबोध मैले पढें । तीन वर्षमा पढ्नुपर्ने प्रथमपरीक्षाका ग्रन्थ मैले २ वर्षमा पढेको हुनाले श्रुतबोधको पढाइ अघिबाटै सिद्धिइसकेको थियो । त्यस बेला गणका कुरा मैले केही पनि बुझिनँ । साथी मुक्तिनाथ लुइँटेलको सङ्गतले गणको कुरालाई बुझेपछि श्रुतबोधलाई बुझीकन मैले कण्ठस्थ गरें । हुनत त्रेस्तापाठशालामा पढ्दा वि. सं. १९८३-८४ देखि नै साथी टुकराज मिश्रको सङ्गतले म कविता गर्न लागेको थिएँ । त्यस बेला मलाई छन्दको नियम केही पनि थाहा थिएन । वि. सं. १९८६-८७ देखि छन्दोबद्ध ढङ्गले पद्यरचना गर्न म लागें । वि. सं. १९८६ मा मैले प्रथमपरीक्षा (व्याकरण) दिएँ र तेस्रा भएँ । यस बेलासम्म ज्यौतिषमा मैले लीलावती र बीजगणित पढेको थिएँ । यसपछि वि. सं. १९८६ को हिउँदमा श्रीगुरु बाबुराम पोखरेलसँग परिश्रमपूर्वक मध्यकौमुदी पढ्न म लागें । मध्यकौमुदी सिद्धयाई काशिका पढ भनी श्रीगुरु बाबुरामले भन्नुभएको थियो । यसै वर्षको हिउँददेखि श्रीगुरु देवीदत्तको उपदेशले म मिहिनेत गरी अमरकोश कण्ठस्थ गर्न लागें । वि. सं. १९८७ मा श्रीगुरु हेमनाथसँग मैले रेखागणित ४ अध्याय पढें । वि. सं. १९८७ को अन्त्यदेखि श्रीगुरु देवीदत्त पराजुली साहित्यमध्यमाका ग्रन्थ पढाउन लाग्नुभएको थियो । उहाँसँग म ती ग्रन्थ पढ्थें । कौमुदी र कोशमा बढ्ता मिहिनेत गरेको हुनाले मलाई काव्यको अर्थ गर्न त्यति गाह्रो हुँदैनथ्यो । मेरो धेरै समय व्याकरण र साहित्य पढ्नमै बित्न लाग्यो । यो कुरो श्रीगुरु हेमनाथ भट्टलाई मन परेनछ । मेरा मामासँग हेमनाथ गुरुले तपाईंका भानिज त तपाईंले भने जस्तो गरी ज्यौतिष पढ्दैनन् भनेर भन्नु पनि भएछ । वि. सं १९८८ को प्रारम्भमा श्री ३ महाराज भीमशमशेरकहाँ कोटिहोम लाग्यो । त्यहाँ श्रीगुरु पं. बाबुराम पोखरेल जानुभएको थियो । २ महीना जति (ठीक समय मलाई याद छैन) कोटिहोममै बित्यो । त्यसपछि लगत्तै श्रीगुरु बाबुरामको स्वर्गवास भयो । यस घटनाले म अत्यन्त खिन्न भएँ । व्याकरण पढ्ने मेरो इच्छा अपूर्ण रहन गयो । अब व्याकरण पढ्न छोडी म मिहिनेतपूर्वक ज्यौतिष पढ्न लागें [3] र त्यसै वर्ष ज्यौतिष-

---

३ ज्यौतिषमध्यमामा लीलावती, भास्करीय बीजगणित, रेखागणित ४ अध्याय, ग्रहलाघव ६ अध्याय, लघुजातक, मुहूर्तमार्तण्ड थिए । यिनमा लघुजातक मैले मातामहसँग १३ वर्षको उमेरमा पढेको थिएँ । त्यसपछि मातामहसँग मुहूर्तमार्तण्ड पढेको थिएँ । पाठशालामा पढ्न जाँदा लीलावतीको केही भाग पनि मातामहसँग मैले पढिसकेको थिएँ । पाठशालामा पढ्दा पढ्दै घरमा ग्रहलाघव पनि मैले

मध्यमा दिने विचार गरें । मध्यमामा १ पत्र व्युत्पत्तिको थियो । सो पत्र प्रधानाध्यापक पढाउनुहुन्थ्यो । त्यस वर्ष परीक्षामा पञ्चतन्त्र पनि रहेकोले पञ्चतन्त्रलाई व्युत्पत्तिको रूपमा पढाउने श्रीगुरु पण्डितवर सोमनाथजीको निर्णय भएछ । त्यो पढ्न म पनि उहाँको कोठामा पुगें । उहाँको पढाइ बडो रमाफिलो ढङ्गको थियो । व्याख्यानात्मक ढङ्गले उहाँ पढाउनुहुन्थ्यो । पुस्तकका कुराभन्दा बाहिरिया विषयका कुरा ल्याई पढाउने उहाँको स्वभाव थियो । त्यस शैलीले म प्रभावित भएँ । श्रीगुरु देवीदत्त पराजुली पनि काव्य पढाउनुहुन्थ्यो । श्रीगुरु सोमनाथ सिग्द्याल पनि काव्य पढाउनुहुन्थ्यो । यी दुइ पढाइको तुलना त्यस वेला मैले गरें र श्रीगुरु सोमनाथको पाठनशैलीमा नै म बढ्ता प्रभावित भएँ । श्रीगुरु बाबुराम पोखरेलको व्याकरणको पढाइले मेरो हृदयमा अत्यन्त प्रभाव पारेको थियो । म सबै रूपलाई पाणिनिका सूत्रमा कस्न लागेको थिएँ । बाबुराम गुरुलाई मेरो यो स्वभाव मन परेको थियो । श्रीगुरु सोमनाथकहाँ यो रीतले पढ्ने मेरो इच्छा थियो तापनि त्यसो गर्न मैले पाइनँ । वि.सं १९८८मा मैले यहाँ ज्योतिषमध्यमाको परीक्षा दिएँ, उत्तीर्ण भएँ । काशीमा ज्यौतिषमध्यमाको परीक्षा दिन जाने भएँ । सोमनाथ गुरुले संस्कृत लेख्न राम्ररी सिक्नुपर्छ भन्ने उपदेश दिनुभयो र मलाई २ महीना जति व्यक्तिगत रूपमा अनुवाद गर्न सिकाइदिनुभयो ।

अहिले म नेपाली तथा संस्कृतमा जो लेख्छु, यसमा श्रीगुरु देवीदत्त पराजुली र श्रीगुरु सोमनाथ सिग्द्यालकै कृपा छ । धेरै पछिसम्म पनि उहाँहरूका उपदेशअनुसार लेख्ने र आफ्नो लेखलाई उहाँहरूबाट शुद्धयाउने नियममा म रहिरहें । म चन्द्रिका व्याकरणको अनुयायी भएर रहेको छु । यो पनि उहाँहरूकै शिक्षाको फल हो । सोमनाथ गुरु त मध्यचन्द्रिकाकारै हुनुभएकोले उहाँको शिक्षा त सोअनुसारको हुने नै भयो, श्रीगुरु देवीदत्त पनि त्यहीअनुसारको शिक्षा दिनुहुन्थ्यो । म अहिले संस्कृतव्याकरणअनुसार जो लेख्न बोल्न सक्छु, योचाहिं श्रीगुरु बाबुरामको शिक्षाको फल हो । यसमा मैले पछि अष्टाध्यायीक्रमले श्रीगुरु टेकनाथ पौडेलसँग व्याकरण पढी बल थपेको छु ।

वि. सं. १९८९ देखि म काशीमा ज्यौतिष पढ्न लागें । बर्खामा काठमाडौंमा बसेको वेला म यहाँ काव्यहरू पढ्थें । मेरा साथी माधव भट्टराई ( रा. पु. ) हुनुहुन्थ्यो । उहाँ

---

मातामहसँग पढेको थिएँ । सरल बीजगणित र बापूदेव शास्त्रीको बीजगणित मैले मामासँग पढेको थिएँ । यस कारण पाठशालामा ज्यौतिषका ग्रन्थ पढ्दा मलाई विशेष मिहिनेत गर्नुपर्दैनथ्यो । रेखागणित भने मैले घरमा पढेको थिइनँ । पाठशालाकै पढाइबाट मैले मिहिनेत गरी रेखागणितका सबै प्रतिज्ञालाई मनमनै दिनदिनै उध्रने बानी बसाएको थिएँ । पाठशालामा चलेको ज्यौतिषको पढाइ बापूदेव शास्त्री र सुधाकर द्विवेदीले काशीमा चलाएको पढाइको रूपको थियो । अहिले पनि रानीपोखरी संस्कृतपाठशाला, संस्कृतमहाविद्यालय, त्रिभुवनविश्वविद्यालयमा बापूदेव, सुधाकरले चलाएको पढाइ चलिरहेछ । मेरा मातामहले पढ्नुभएको पढाइ त्यो ढाँचाको होइन । जस्तै—आजभोलि सिद्धान्त पढिन्छ, उदाहरणको अभ्यास गरिँदैन । पुरानो पढाइमा सिद्धान्तमा भन्दा उदाहरणमा बढ्ता जोड दिइन्थ्यो । यस विषयलाई अर्को निबन्धमा म सविस्तर लेख्नेछु ।

सोमनाथ गुरुसँग साहित्य पढ्नुहुन्थ्यो । उहाँको अखाडा मेरो कोठा थियो । उहाँको साथ लागी मैले श्रीगुरु सोमनाथसँग मुद्राराक्षस, मृच्छकटिक, मालविकाग्निमित्र, उत्तररामचरित, कादम्बरी, नैषध, साहित्यदर्पण पढेको छु । यस पढाइले मलाई संस्कृतवाङ्मयमा प्रवेश गराइदियो । रानीपोखरी संस्कृतपाठशालामा अध्यापक भइसकेपछि साङ्ख्यतत्त्वकौमुदी र अलिविलासिसंलापका आफूले नबुझेका भाग श्रीगुरु सोमनाथसँग मैले पढेको छु । मुक्तावली, काव्यप्रकाश, शाङ्करभाष्य आदि ग्रन्थ सोमनाथ गुरुले पढाउन लाग्दा मैले सावधान भई सुनेको छु । यसै कारणले म सोमनाथ गुरुलाई सधैँ सम्झिरहन्छु । सोमनाथ गुरुको पाउमा दर्शन गर्ने काम र गुरुपूर्णिमासा गुरुपूजा गर्ने काम वि. सं. १९८८ देखि वि. सं. २०२९ सम्म अर्थात् पूरा ४१ वर्षसम्म मैले गरिरहेँ । आशौच परेको वर्ष गुरुपूजा छुट्यो ।

सोमनाथ गुरु मलाई स्नेह गर्नुहुन्थ्यो । उहाँले अनुवादचन्द्रिकाहरू लेख्दा धेरैजसो भाग मलाई सुनाउनुभएको थियो र मलाई केही काम पनि लगाउनुभएको थियो । उहाँको र मेरो गुरु चेलाको सम्बन्ध राम्रो थियो, पछि पनि राम्रो भयो ।

वि. सं. १९९७ को अन्त्यदेखि म रानीपोखरी संस्कृतपाठशालामा पढाउन लागेँ । म सत्ताइस वर्षको अनुभवहीन जोशिलो युवक थिएँ । त्यस बेला सोमनाथ गुरु आफ्नी जेठी गृहिणीको आशौचमा हुनुहुन्थ्यो । उहाँको मनमा नानाथरीका उद्वेग हुँदा हुन् । त्यस बेला यहाँका सबैजसा विद्यार्थीहरू व्याकरण पढ्ने धुनमा थिए । अरू विषय पढ्न चाहने विद्यार्थी बहुतै कम थिए[४] ।

---

४. मैले मध्यमा दिएको वि. सं. १९८८ मा हो । त्यस बेला व्याकरणमा १८ जनाभन्दा बढी र ज्यौतिषमा मसमेत २ जना मात्र थियौँ । अरू विषय खाली थिए ।

वि. सं. १९८७ को अन्त्यदेखि श्रीगुरु देवीदत्त पराजुली साहित्यमध्यमाका ग्रन्थ पढाउन लाग्नुभएको थियो । गोविन्दप्रसाद भट्टराई (हाल वाल्मीकि संस्कृतमहाविद्यालयका प्राध्यापक), ऋषभदेव रेग्मी ( हाल गोरखापत्रका सम्पादक ), लक्ष्मीप्रसाद पोखरेल, गोविन्दप्रसाद ढुङ्गाना आदि ५, ७ जना विद्यार्थी हुनुहुन्थ्यो । वि. सं. १९८८ को बर्खामा साहित्यमध्यमाको प्रथमवर्षको ६ महीने परीक्षा पनि भयो । त्यस बेला श्रीगुरु सोमनाथ सिग्द्याल बिरामी हुनुहुन्थ्यो, कायममुकायम हेडपण्डित श्रीगुरु टेकनाथ पौडेल हुनुभएको थियो । त्यसै वर्ष मङ्सीरमा साहित्यमध्यमाको प्रथमवर्षको परीक्षा दिन गोविन्दप्रसादजीहरू उपस्थित हुनुभएको थियो । श्रीगुरु सोमनाथले साहित्यमध्यमा खुलेको छैन भनी उहाँहरूलाई उठाइदिनुभयो । ऋषभदेवजीहरूको अखाडा मेरो कोठा थियो । उहाँहरू खिन्न भएर आई मलाई यो सबै कुरा सुनाउनुभएको थियो ।

देवीदत्त गुरुको काशीका आफ्ना साथी नारायण शास्त्री खिस्ते र आफ्ना सतीर्थ्य तथा गुरु दामोदरलाल गोस्वामीहरूसँग राम्रो सम्बन्ध थियो । म काशीमा मध्यमा परीक्षा दिन जाँदा देवीदत्त गुरुले नारायण शास्त्री खिस्ते र दामोदरलाल गोस्वामीलाई दिन मलाई परिचयपत्र दिनुभएको थियो ।

परन्तु अधिकारीहरूको नीतिचाहिँ व्याकरण, साहित्य, न्याय, ज्यौतिष, वेद सबै विषयको पढाइ समान-रूपले चलोस् भन्ने भएछ। यस कारण गोला हाली बराबर विद्यार्थी बाँड्ने चलन भएको रहेछ। गोला खाई ज्यौतिष पढ्न मकहाँ आउने विद्यार्थी निकै भए। तिनमा कसैले त खुरुखुरु ज्यौतिष पढे, कोही पढ्दैनौँ भनी रुन कराउन लागे। त्यस्तैमा पूर्वका एउटा विद्यार्थी जरो आएर मरी पनि गए। मैले विद्यार्थीहरूलाई पढ्छौ भने पढ, पढ्दैनौ भने नपढ भनी भनेँ। यसको असर अन्त पनि परेछ। त्यस वर्ष साहित्यमध्यमाको प्रथमवर्ग पढाउने पं. बद्रीनाथ अधिकारी हुनुहुन्थ्यो। बद्रीनाथजी प्रधानाध्यापकको कार्यालयको काम गर्ने हुनाले सोमनाथ गुरुका हजुरिया हुनुहुन्थ्यो [४]। बद्रीनाथजीका विद्यार्थीले पनि हामी साहित्य पढ्दैनौँ भनी भनेछन्। बद्रीनाथजीले गोलामा परेपछि तिमीहरूले पढ्नैपर्छ भन्नुभएछ। मकहाँ बाट ज्यौतिष नपढी अरू विषय पढ्न गएका विद्यार्थीको उदाहरण उनीहरूले दिएछन्। तिनीहरूले पनि छोड्न पाउँदैनन् भनी बद्रीनाथजीले भन्नुभएछ र टहलुवा गम्भीर मगरद्वारा तिनीहरूलाई समाती आफ्नो साथ लिई बद्रीनाथजी मकहाँ आउनुभयो। तपाईँले यिनीहरूलाई किन छोडेको, यसो गरेको हेडगुरु-लाई मन पर्दैन भन्ने उपदेश बद्रीनाथजीले मलाई दिनुभयो। यी पढ्दैनन्, मैले के गर्ने भनी मैले भनेँ। राखेर पढाउनुपर्छ, छोड्न पाइँदैन भनी बद्रीनाथजी जानुभयो। दिउँसो १ बजे प्रधानाध्यापकको वरि-परि पण्डितमण्डली बस्तथ्यो। दुइ चार दिनपछि त्यही मण्डलीमा तपाईँका विद्यार्थी भाँडिए, के गर्ने भनी बद्रीनाथजीले मसँग प्रश्न गर्नुभयो। मैले यथार्थ कुरो भनेँ। त्यसो गर्नु हुँदैन, पढाउन सकिनँ भनेर कागत लेख्नोस् भनी मेरो अघिल्तिर कागत र कलम ल्याई बद्रीनाथजीले राखिदिनुभयो। पढाउन सकिनँ भनेर त मैले कसरी भन्ने, पढ्ने उनीहरूको रुचि छैन भनी म लेखिदिन्छु भनी मैले कागत लेखि-दिएँ। बद्रीनाथजीले सो कागत लगी दराजमा राख्नुभयो। श्रीगुरु सोमनाथ पनि त्यहीँ हुनुहुन्थ्यो। उहाँले गम्भीर मुद्राले सबै कुरा सुन्नुभयो, विशेष बोल्नुभएन। यस्तै सानातिना घटना बराबर हुँदै गए। नय-

---

ती पत्रले मलाई काशीमा सुविस्ता भएको थियो। (श्रीगुरु नारायण शास्त्री खिस्तेसँग मैले केही काल अनुवाद गर्न सिकेको र पछि साहित्यदर्पणहरू पढेको छु। दामोदरलाल गोस्वामीले पढाएको काव्य-प्रकाशको केही पाठ प्रसङ्गवश मैले पछि सुनेको छु। गोस्वामीको पढाइ सोमनाथ गुरुको पढाइभन्दा पनि निकै माथिल्लो कक्षाको रहेछ भन्ने कुरा मैले त्यस बेला अनुभव गरेँ।) देवीदत्त गुरुले आफ्ना विद्यार्थीलाई व्यक्तिगत रूपमा साहित्य पढाई खिस्ते र गोस्वामीको सहायताद्वारा परीक्षा दिलाउनु-भएको थियो।

५. वि. सं. १९९६ को हिउँदमा बद्रीनाथजील आफ्ना एकजना छोरालाई यो अङ्ग्रेजी पढ्छ; राधानाथ लोहनीकहाँ हिसाब पढ्न पठाएको उहाँ राम्रो पढाइ भएन; तपाईँले यसलाई हिसाब पढाइदिनुहोस् भनी मेरो घरमा ल्याउनुभएको थियो। त्यस बेला म गुठीअड्डामा गई इतिहासविषयको अन्वेषणलाई काम लाग्ने कागतपत्रको खोजीमा लागेको थिएँ। यस कारण मलाई फुर्सद पनि थिएन। पहिला गुरु राधानाथलाई होच्च्याई बोलेको सुन्दा पछि मेरो पनि यही गति हुन्छ भन्ने सम्झी मैले बद्री-नाथका छोरालाई पढाउन मञ्जूर गरिनँ। यस कुराले बद्रीनाथजी मसँग रिसाउनुभएको रहेछ।

राज हजुरलाई टेर्दैनन्, हजुरको अपमान गर्छन् भन्ने भाव सोमनाथ गुरुको मनमा बद्रीनाथजीले पारिदिनुभएछ । यसमा बद्रीनाथजीको मात्रै दोष छैन, मेरो अनुभवहीनताको पनि दोष छ । जे भए पनि श्रीगुरु सोमनाथको पाउमा दर्शन गर्न मैले कहिले छोडिनँ । कहिले कहिले त श्रीगुरु सोमनाथ उहाँको पाउमा दर्शन गर्दा लत्याएर पनि हिँड्नुहुन्थ्यो । यो अवस्था वि. सं.२००२–३सम्म रह्यो । वि.सं.२००२ को पजनीमा (श्री ३ जुद्धले राज्य छोडी जाने वेलामा)पाठशालाका केही पण्डितहरूको वेतनवृद्धि भयो। सोमनाथ गुरुको पनि वेतनवृद्धि भयो । तर बद्रीनाथजीको वेतनवृद्धि भएन । मैले यति काम गरें, मेरो विषयमा सोमनाथ गुरुले केही पनि बोलिदिनुभएन भन्ने कुरा बद्रीनाथजी गर्न लाग्नुभएछ र प्रधानाध्यापकको कार्यालयको काममा सुस्ती गरिदिनुभएछ । यसबाट सोमनाथ गुरुलाई भार पर्न आयो । उहाँले माहिला गुरुज्यूसँग भनी आफ्नो कार्यालयको काम पं. रोहिणीप्रसाद भट्टराईद्वारा गराउन लाग्नुभयो । यसपछि सोमनाथ गुरु क्रमशः मसँग प्रसन्न हुँदै आउनुभयो । यो घटना पाठशालाको हो ।

नायबबडागुरुज्यू हेमराजका हजुरिया पण्डित सोमनाथ गुरु हुनुहुन्थ्यो । श्रीगुरुले हेमराजज्यूको तहबीलबाट पहिले प्रतिमहीना ३०। रु. र पछि प्रतिमहीना ५०। रु. पाउनुहुन्थ्यो [६] । यो कुरा मैले मेरा मातामहबाट सुनेको हुँ । राजदरबारमा हुने दानको ठूलो भाग पनि हेमराजज्यूले सोमनाथज्यूलाई नै पारिदिनुहुन्थ्यो । सोमनाथज्यू पनि उहाँको काममा तनमनले लाग्नुभएको थियो । सोमनाथजी बिरामी हुँदा डाक्टर वैद्य लिई उहाँको घर गुरुज्यू आफैं पुग्नुहुन्थ्यो । ज्यौतिषविषयको काम पनि हेमराजज्यूकहाँ पर्थ्यो । त्यो काम श्रीगुरु सोमनाथको हातबाट हुन सक्तैनथ्यो । त्यो काम मेरा मातामह गर्नुहुन्थ्यो । ज्यौतिषको काम नियत थिएन । यो काम गरेबापत राजदरबारबाट हुने मझौला खालका दान मेरा मातामह पाउनुहुन्थ्यो । हेमराजज्यू बाहिर गएको वेला पनि पञ्चाङ्ग आदिको काम त गर्नैपर्थ्यो । यस कारण यो काम मिलाउन मेरा मातामहलाई भेट्न कहिलेकहीं सोमनाथ गुरु आउनु पनि हुन्थ्यो । वि. सं. २००० पौषमा मेरा मातामहको स्वर्गवास भयो । त्यस वेलासम्म हेमराजज्यूकहाँ मैले केही काम गर्नुपरेको थिएन । वि. सं.२००१ को बर्खामा वि. सं.२००२ का पञ्चाङ्ग गुरुज्यूकहाँको सिपाहीले मकहाँ ल्याई छोडी गयो । मैले भाइ रामजी तेवारीलाई साथ लिई २ महीना जति लगाई बिहान बेलुका र बिदाको दिन हुनेज्यालसम्म परिश्रम गरी पञ्चाङ्ग–संशोधनको प्रतिवेदन तयार गरें । सो लिई एक दिन बिहान म गुरुज्यूको ढोकामा हाजिर भएँ । गुरुज्यू पटाङ्गिनीमा टहलिरहनुभएको रहेछ ।

---

६. सरकारिया पाठशालामा मासिक २५। रु. र ५। रु. भत्तामा सोमनाथ गुरु भर्ना हुनुभएको हो । प्रधानाध्यापक भएपछि उहाँ मासिक ४५। रु. पाउन लाग्नुभयो । श्री ३ चन्द्रले आफ्नो अन्तिम शासनकालमा मासिक ५०। रु. पुऱ्याइदिनुभयो । श्री ३ भीमले मासिक ८०। रु. पुऱ्याइदिनुभयो । श्री ३ जुद्धले मासिक १००। रु. पुऱ्याइदिनुभयो । श्री ३ जुद्धले राज्य छोड्ने वेलामा मासिक १२५। पुऱ्याइदिनुभयो । श्री ३ मोहनले मासिक १५०। रु. पुऱ्याइदिनुभयो । प्रजातन्त्र प्रारम्भ हुन लाग्दा केही वृद्धि भयो । पछि संस्कृतमहाविद्यालयको प्राचार्यको रूपमा उहाँ मासिक ४१५। रु. पाउनुहुन्थ्यो । त्यो छोडी मासिक ६००। रु. मा एकेडेमीको सदस्यको रूपमा उहाँ सर्नुभयो । त्यसपछि एकेडेमीमा कति वृद्धि भयो, मलाई थाहा छैन ।

मैले गुरुज्यूको दर्शन गरें । किन आएको भनी गुरुज्यूबाट सोधनी भयो । पञ्चाङ्ग-संशोधन ल्याएको भनी मैले भनें । कस्तो पञ्चाङ्ग–संशोधन, मलाई बुझाइदेऊ भनी गुरुज्यूले भन्नुभयो । मैले सबै कुरा एकएक गरी भन्दै गएँ । गुरुज्यूबाट बारंबार प्रश्न भइरह्यो । सबै प्रश्नका उत्तर मैले दिँदै गएँ । यसै गरी आधा घण्टा जति समय बित्यो । यसपछि माथि जाऔं भनी गुरुज्यूले मलाई माथि लानुभयो । त्यहाँ श्रीगुरु सोमनाथ केसरिराजलाई माघ पढाउन लाग्नुभएको रहेछ । मैले श्रीगुरुको दर्शन गरें । पाँच सात मिनेटपछि पढाइ बन्द भयो । गुरुज्यूलाई भारतचम्पूका निकै श्लोक कण्ठस्थ रहेछन् र बडो रसिलो ढङ्गले ती श्लोकका व्याख्यान गर्न गुरुज्यू लाग्नुभयो । यसपछि गुरुज्यूको आज्ञानुसार ती पञ्चाङ्ग मैले सोमनाथ गुरुलाई बुझाएँ । अब व्रतपर्वहरूको निर्णय गर्नू, यसपछि तिमीहरू बसी भित्र सबै कुरा ठीक गरी अनि अरूलाई बोलाई सभा गर्नू भन्ने आज्ञा दिई गुरुज्यूले हामीलाई बिदा दिनुभयो । सोमनाथ गुरुले केही बोल्नुभएन । त्यसपछि के भयो, मलाई केही थाहा भएन । एक्कासि ठूलो सभाको सूचना आयो । दुइ दिनसम्म सभा भयो । व्रतपर्व विवाह व्रतबन्धका मुहूर्तको निर्णय भयो । पञ्चाङ्ग छापिन गए । दैवसंयोग विवाहको एउटा मुहूर्तमा लग्नको नवांशशुद्धि रहेनछ । सो कुरो विवाहको लग्नसमयको निर्णय गर्दा सो लग्नभन्दा १ दिनअगाडि मात्र मैले थाहा पाएँ । अलि अगाडि थाहा पाएको भए गुरुज्यूलाई भनी संशोधन निकाल्न लाउन हुन्थ्यो । त्यसलाई पनि समय रहेन । यस कुराले म खिन्न भएँ । यसको २, ४ दिनपछि बाटामा श्रीगुरु पं. माधवराम जोशी [७]ले यता आऊ यता आऊ भनेर बोलाएर कुनामा लगी यो लग्नमा नवांशशुद्धि रहेनछ नि; हुनत म कसैलाई भन्दिनँ; भैगयो; यसो गर्नु हुँदैन भनी भन्नुभयो । मैले दिने उत्तर केही थिएन । हुनत सभामा सबै बसी निर्णय गरी सबैले सहीछाप गरेका थिए । श्रीगुरु माधवराम पनि सभामा हुनुहुन्थ्यो । परन्तु जवाफदेही मैले मात्र गर्नुपर्दो रहेछ । यस कुराबाट मुहूर्त विचार गर्दा निकै परिश्रम गर्नुपर्छ भन्ने भाव मेरो मनमा जम्यो । वि. सं. २००३ को पञ्चाङ्ग निर्णय गर्दा अलि विस्तारै काम होस् भनी मैले सोमनाथ गुरुसँग निवेदन गरें । सोमनाथ गुरुका हजुरिया पण्डित बद्रीनाथ गुरुज्यूका चाकडीदार हुनुभएकोले र ज्योतिषी पनि हुनुभएकोले मुहूर्त निर्णय गर्दा अघि सर्नुभयो । मैले काम विस्तारै होस भनी फेरि भने । मेरो कुरा कसले सुन्थ्यो । सबैलाई काम फटपट सिद्धयाई घर जानैकै हतार थियो । साबिकबमोजिमको काम भयो । मेरो निवेदन केही काम लागेन । यस घटनाले सोमनाथज्यूको म अप्रिय छु भन्ने कुरा अरूले पनि बुझे । मेरो उपरमा आक्रमण बढ्न लागे । मलाई एकतमासको लाग्यो । (यस कामबाट मलाई एक पैसाको पनि लाभ थिएन । तिनताका दान लिने रुचि मेरो थिएन[८], गुरुज्यूको तहबीलबाट म पैसा पाउँदैनथें । मातामहले गरिरहनुभएको काम मैले गर्नुपर्‍यो र गुरुज्यूको नगीचमा बराबर जाने अवसर मिल्दा उहाँको पुस्तकालयका छापा पुस्तक पढ्ने अवसर मैले पाएँ । मेरो लेखा पुरस्कार यही थियो ।) अब मैले

---

७. श्रीगुरु माधवरामसँग मैले उहाँको घरमा सिद्धान्तशिरोमणिको केही भाग पढेको थिएँ । उहाँ श्री ३ महाराज जुद्धशमशेरको ज्यूनार हुने बेलामा महाराजको साथमा रहनुहुन्थ्यो तथा महाराजका ज्योतिषी हुनुहुन्थ्यो ।

८. श्री ३ महाराजका दरबारका मैले देखेका दृश्यनात्मक निबन्धमा मैले यस विषयमा लेखेको छु । सो निबन्ध पछि प्रकाशित हुनेछ ।

यहाँ बसेर काम गर्नु ठीक छैन भन्ने सम्झें र यस कामबाट मलाई फुर्सद मिलोस् भनी गुरुज्यूसँग मैले भनें । गुरुज्यूले अरूले भन्यो भनेर आफ्नो काम छोड्ने हो भने त मैले जपमाला लिएर हिँडे हुन्छ; अरूले भन्दै गर्छन्; आफूले आफ्नो काम गर्दै जानुपर्छ; परन्तु काम राम्रोसँग गर्नुपर्छ; अहिलेलाई जे भयो भयो; अबदेखि दोहऱ्याई तेहऱ्याई काम गर्नू भनी भन्नुभयो । फेरि अर्को वर्षको काम आयो बद्रीनाथजी फेरि कागत कलम लिई कसिनुभयो । मैले गुरुज्यू बाजेसँग यो कुरा बिन्ती चढाइसकेको छु; काम राम्ररी गर्नुपर्छ भनी मर्जी भएको छ; यसरी घारघुर गरेर काम गर्न म दिन्नँ भनी मैले खुला सभामा बोलें । मैले भने जस्तै गरी विस्तारै काम भयो । सोमनाथ गुरु गुरुज्यूका हजुरिया पण्डित हुनुभएकोले र म गुरुज्यूको ज्यौतिषविषयको काम गर्ने भएको हुनाले कहिलेकहीँ गुरुज्यूको सामुन्ने पनि उहाँ र मैले मिली काम गर्नुपर्थ्यो । गुरुज्यूको दृष्टि मेरो उपर राम्रो भएकोले सोमनाथ गुरु पनि मेरो उपर स्नेहपूर्वक व्यवहार गर्न लाग्नुभयो । अघिको कटुता जम्मै गयो । यो कुरा नायबबडागुरुज्यूको घरको हो ।

वि. सं. २०१२ मा सिंहराशिमा बृहस्पति बसेका रहेछन् । सिंहमा बृहस्पति बस्दा विवाह व्रतबन्ध गर्ने वा नगर्ने भन्ने कुरा सभामै पेश गरी सो निर्णयबमोजिम गर्नुपर्थ्यो ।(त्यस बेला पञ्चाङ्गको ज्यौतिषविषयको काम म र मेरा सहचर रामजी तेवारी र शङ्करमान राजवंशीको जिम्मामा थियो । धर्मशास्त्रको कामचाहिँ पण्डितवर पद्मप्रसाद भट्टराईज्यहरूको हातमा थियो । शिक्षानिर्देशक गुरुज्यू नयनराजको प्रबन्धबाट यो काम भएको थियो ।) हामीले होश पुऱ्याउन सकेनौं । सिंहस्थ बृहस्पतिमा विवाह व्रतबन्धका मुहूर्त छापिए । ती पञ्चाङ्ग छापिएर वि. सं. २०११ को हिउँदमा काठमाडौंका बजारमा आए । शिक्षामन्त्रालयमा सिंहस्थ बृहस्पति हुँदा साइत दिएको विषयमा उजूरी परेछ । उहाँबाट मलाई बोलाहट आयो । त्यस बेला मेरी पत्नी बुधकुमारीको मृत्यु भएको ४५ दिन पुगेको थिएन । मैले आशौच बारिरहेको थिएँ । शिक्षानिर्देशक गुरुज्यूबाट उजुरीको विषयमा मसँग सोधनी भयो । मैले तत्काल उत्तर दिन सकिनँ । मैले केही दिन म्याद मागें । रामजी, देवीप्रसाद, शङ्करमान भई पुराना पञ्चाङ्गका उदाहरण तथा तदनुकूल शास्त्रका वचनहरूको सङ्ग्रह गरे [९] । नयनराज गुरुज्यको अध्यक्षतामा सभा बस्यो । त्यस सभामा पञ्चाङ्गकर्ता ज्योतिषी, उजूरवाला ज्योतिषी, पं. शेषराज रेग्मी ( हाल वाल्मीकिसंस्कृतमहाविद्यालयका प्राध्यापक) हरू र हाम्रो उपस्थिति थियो । दिएका साइत संशोधन गर्नु नपर्ने निर्णय सो सभाले गऱ्यो [१०]। गत वर्ष नै निर्णय भइसकेको सिंहस्थ बृहस्पतिको कुरा फेरि उल्टेर आयो । मेरो विचारमा जानाजान रचिएको जाल यो थियो । यस विषयमा यथार्थ कुरो प्रकट गर्नु आवश्यक भयो र पञ्चाङ्ग-संशोधन, व्याकरण-संशोधनहरू निरिकए । यो कुराको अलिकता चर्चा मैले पूर्णिमा १९ अङ्कको २२७ पृष्ठमा गरेको छु ।

श्रीगुरु पण्डितवर सोमनाथको अनुवादचन्द्रिकाको व्याकरणविषयका केही दोष पनि प्रकट भए । व्याकरण संशोधनले मेरै दोष पनि देखाएको छ[११] । संशोधनको काम कसैको मान वा अपमान

---

९. यी कुरा पञ्चाङ्ग–संशोधन २ सङ्ख्यामा छापिएका छन् ।

१०. यस विषयको कागत शिक्षामन्त्रालयमा अहिले पनि होला ।

११. व्याकरण–संशोधन ५ सङ्ख्या ।

गर्न उठेको होइन, विद्याको शुद्धपरम्परा चलाउन उठेको हो । यस वेला पनि प्राध्यापक बद्रीनाथ अधिकारीज्यहरूले मौका पाउनुभएछ र श्रीगुरु सोमनाथलाई मेरो विरुद्ध पारिदिनुभएछ । यस कारण श्रीगुरु सोमनाथज्यू फेरि मसँग रिसाउनुभयो । मैले उहाँको पाउमा दर्शन गर्ने काम र गुरुपूजा गर्ने काम चलाई नै राखें ।

घटनाचक्र विचित्र हुँदो रहेछ । वि. सं. २०१४ मा नेपाल एकेडेमी खुल्यो । त्यहाँ श्रीगुरु पण्डितवर सोमनाथ सिग्द्यालज्यू पनि सदस्य हुनुभयो । वि.सं. २०१५ मा श्रीगुरु सोमनाथकहाँबाट मलाई बोलाहट आयो । म तिम्रा विद्यार्थीहरूलाई पनि काम दिलाइदिन्छु, तिमी पनि एकेडेमीबाट केही पुस्तक प्रकाश गर भन्ने भावको कुरा श्रीगुरुले मसँग गर्नुभयो । हजुरलाई सबै कुरा थाहा छँदैछ; मैले विद्यापरम्परा चलाउन यो काम उठाएको हुँ; यस कामलाई हजुरले आशीर्वाद दिनुपर्छ भनी मैले भनें । हुन्छ, म लेखिदिन्छु भनी सोमनाथ गुरुले भन्नुभयो । यिनैताका नेपाल एकेडेमीका भाइसचान्सलर बालचन्द्र शर्माज्यूले इतिहास संशोधनलाई संमति दिनुभएको थियो । अदालती कुरा गर्न सिपालु बालचन्द्र शर्माज्यूले द्व्यर्थक शब्द लेखी इतिहास–संशोधकलाई थामथुम पार्ने नीति लिनुभएको छ[१२]; यस्तै घटना हुन नपाओस् भन्ने कुरा सम्झाई मैले भोलानाथ पौडेल र धनवज्र वज्राचार्यलाई श्रीगुरु सोमनाथको घरमा पठाएँ । मैले उनीहरूलाई श्रीगुरुबाट इतिहास–संशोधनको विषयमा होइन, पञ्चाङ्ग–संशोधन र व्याकरण–संशोधनको विषयमा संमति लिनुपर्छ भनी सम्झाएको थिएँ । श्रीगुरु सोमनाथबाट इतिहास–संशोधनको विषयमा मात्र राम्रो संमति आउँदा भोलानाथ र धनवज्र त्यसै फर्के । नेपाल एकेडेमीसँग मिली काम गर्ने हाम्रो कुरा त्यसै रह्यो । अघि पञ्चाङ्ग–संशोधनको विरोधमा रहनुभएका पण्डितवर पद्मप्रसाद भट्टराईज्यूसमेत भएको धर्मरक्षामहामण्डलबाट इतिहास, व्याकरण, पञ्चाङ्गसंशोधनको विषयमा वि. सं. २०१८ आश्विनमा प्रशंसापत्र प्राप्त भयो [१३] । वि. सं. २०१८ मा मेरो विद्यारक्षा ७ सङ्ख्या र भोलानाथ धनवज्रको व्याकरण–संशोधन १० सङ्ख्या निस्के । यी दुवैमा नेपाल एकेडेमीबाट निस्केको सोमनाथ गुरुको प्रतिसंस्कृता सिद्धान्तकौमुदीका केही त्रुटि देखाइएका छन् ।

संस्कृत–महाविद्यालयका पाले गोपी तामाङले[१४] एक बेनामी चिठी वि.सं. २०१९ को गुरुपूर्णिमाको १,२ दिनअगाडि ल्याई मलाई दिए । त्यसमा तपाईं आफ्नो दलबलसहित भई गुरुनिन्दा गर्न लाग्नुभएको छ, तपाईंले गुरुपूजा गर्नुपर्दैन भनी किरिमिरे अक्षरले लेखिएको थियो । गोपीलाई तिमीले यो चिठी कहाँ पायौ भनी मैले सोद्धा बाटामा एउटा मान्छेले दियो भनी गोपीले भने । मैले भाव बुझें । आफ्नो साबिक नियमअनुसार श्रीगुरु पण्डितराज सोमनाथको घरमा गुरुपूर्णिमामा गई उहाँको पाउमा पूजा गरें । त्यस वर्ष गुरुले मसँग केही पनि बोल्नुभएन ।

कालले विस्तारै काम गर्दै जाँदो रहेछ । श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्याल विस्तारै फेरि पुरानै प्रकृतिमा आउनुभयो र मसँग बसी शास्त्रचर्चा गर्न लाग्नुभयो ।

---

१२. सावधान–पत्र ६ सङ्ख्या ७ पृ. ।

१३. पूर्णिमा १९ अङ्कको २२८ पृ. ।

१४. गोपी श्रीगुरु सोमनाथको घरमा काम गर्छन् । यिनलाई श्रीगुरुले पालेमा भर्ना गराइदिनुभएको हो ।

श्रीगुरु पण्डितराज सोमनाथले वि. सं. २०२३ को आफ्नो जन्मोत्सवको दिन आफ्नो हस्ताक्षरले तलको वाक्य लेखी आफ्नो प्रतिसंस्कृता सिद्धान्तकौमुदी मकहाँ पठाइदिनुभयो–

प्रेमभाजनज्यौतिषाचार्यप्राध्यापकनयराजशर्मसु
प्रेमस्मृतिपुष्पं सोमनाथसिग्द्यालस्य
८३ वर्षप्रवेशदिने २०२३ आश्विनशुक्लचतुर्दश्याम्

अहिलेभन्दा ५,६ वर्षअगाडिदेखि श्रीगुरु सोमनाथको दर्शन गर्न म जाँदा प्रायः १,२ घण्टाको समय शास्त्रचर्चामै बित्थ्यो । आँखाको कमजोरी भए तापनि उहाँ सकीनसकी आफ्ना लेख बाँचेर मलाई सुनाउन लाग्नुभयो । प्रकाशित भएका तथा मलाई आउने श्रीगुरुका कविता मेरो मुखबाट सुन्दा उहाँ अत्यन्त प्रसन्न हुनुहुन्थ्यो र त्यस्तै भावका आफ्ना अरू कविता र अनुभवलाई सुनाउनुहुन्थ्यो । सोमनाथ गुरु आफ्नो घरमा ज्यौतिषविषयको काम पर्दा मलाई बोलाउन पठाई मसँग सल्लाह गर्नुहुन्थ्यो ।

वि. सं. २०२९ आश्विन ६ गते शुक्रवार श्रीगुरु पण्डितराज सोमनाथको दर्शन गर्न म उहाँको घरमा गएँ । उपप्रधानाचार्य रामचन्द्र पौडेल, प्रा. जुननाथ पण्डित, प्रा. सोमनाथ पौडेल, प्रा. बदरीनाथ भट्टराई आदि १०,१२ जना हामी गएका थियौं । श्रीगुरु रोगशय्यामा हुनुहुन्थ्यो । हाम्रा दलका अघिसरा जुननाथ पण्डित हुनुभयो । जुननाथजीले श्रीगुरुसँग केही बेर कुराकानी गरेपछि को को आएका छन् भनी श्रीगुरुले सोध्नुभयो र सबैका नाम बताइए । मेरो नाम लिई नगीच आऊ भनी श्रीगुरुले बोलाउनुभयो र तिम्रो केही भन्नु छ कि भनी श्रीगुरुले मसँग प्रश्न गर्नुभयो । मैले हजुरको आशीर्वाद पाऊँ भनी बिन्ती गरें । कल्याण होस् भनी श्रीगुरुले आशीर्वाद दिनुभयो । मेरो चिना हेर भनी श्रीगुरुले मलाई आज्ञा दिनुभयो । ग्रहदशाविचार, वेदध्वनि, वेदान्तचर्चा भए । आश्विन ९ गते सोमवार काशी जान्छु भनी श्रीगुरुले भन्नुभयो । पुगनपुग २ घण्टा जतिपछि बिदा भई हामीमध्ये केही निस्कयौं । श्रीगुरुको अन्तिम दर्शन यही रहेछ ।

मैले रानीपोखरी संस्कृतपाठशालामा पढ्दा ११ जना अध्यापक हुनुहुन्थ्यो–

१. श्रीगुरु पं. टेकनाथ पौडेल (व्याकरण पढाउने)
२. श्रीगुरु पं. बाबुराम पोखरेल (व्याकरण पढाउने)
३. श्रीगुरु पं. हेमनाथ भट्ट (ज्यौतिष पढाउने)
४. पं. कालिदास पराजुली (काव्य पढाउने)
५. श्रीगुरु पण्डितवर सोमनाथ सिग्द्याल (साहित्य, धर्मशास्त्र, दर्शन पढाउने)
६. पं. गङ्गानाथ भट्टराई (वेद पढाउने)
७. पं. दधिराम पौडेल (व्याकरण पढाउने)
८. पं. मोदनाथ रेग्मी (व्याकरण पढाउने)
९. पं. राधानाथ लोहनी (ज्यौतिष पढाउने)
१०. श्रीगुरु पं. देवीदत्त पराजुली (काव्य पढाउने)
११. पं. कोमलनाथ अधिकारी (व्याकरण, गणित पढाउने)

यी सबैमध्ये बढ्ता यशस्वी विद्वान् श्रीगुरु सोमनाथ सिग्द्याल नै हुनुहुन्थ्यो । उहाँको स्वर्गवास भएपछि मैले पढेको वेलाको रानीपोखरी पाठशालाका सबै गुरुहरू अब इतिहासका विषय हुनुभयो ।

श्रीगुरु सोमनाथको गृहस्थ जीवनको विषयमा मलाई अत्यन्त कम ज्ञान छ अथवा ज्ञानै छैन भने पनि हुन्छ । उहाँसँग मैले केही काल पढेको र उहाँको मातहतमा रही १७ वर्ष (रानीपोखरी संस्कृतपाठशालामा ११ वर्ष र संस्कृत–महाविद्यालयमा ६ वर्ष) काम गरेको हुनाले र उहाँका ग्रन्थहरूलाई पनि मैले सकेसम्म बुझ्ने चेष्टा गरी पढेको तथा उहाँका उपदेशहरू पनि मैले केही सुनेकोले उहाँको विषयको यथार्थ ज्ञान पछिसम्म रहिरहोस् भनी मैले उहाँको विषयलाई लिई संस्कृतमा १३ वटा पद्य बनाएँ । यी १३ पद्य वि. सं. २०२९ कार्तिक ६ गतेको शोकसभामा सुनाइएका थिए । तिनलाई यहाँ प्रकाश गराएको छु [१५] । श्रीगुरु सोमनाथको लेखनशैली सुन्दर थियो । श्रीगुरु अत्यन्त परिश्रमी हुनुहुन्थ्यो । श्रीगुरुको ज्ञान विस्तृत थियो । यी गुण मैले देखेका हुन् । यी गुण हाम्रा विद्यार्थिपरम्परामा अनुकरणीय तथा आदर्श भएर रहिरहून् भन्ने म चाहन्छु । श्रीगुरु पनि आफ्नो वंशपरम्परा यही विद्यार्थिपरम्पराबाटै चलोस् भन्ने इच्छा गर्नुहुन्थ्यो–

स्वर्याता गिरिजाऽऽत्मजः प्रथमतः, शान्तिः सुता निर्धवा,
दोलाख्या ललिताप्यपत्यरहिताऽशीतेरुपान्ते वयः । [१६]
अन्तेवासिपरम्परास्वभिरुचिं सस्नेहमातन्वती
विद्यासन्ततितन्तुदीपकविभां पुष्णात्वसौ कौमुदी ॥८॥

(प्रतिसंस्कृता सिद्धान्तकौमुदीको भूमिका ५ पृ.)

[छोरा पहिले नै गयो । गिरिजा (जेठी पत्नी) को पनि स्वर्गवास भयो । छोरी शान्ति विधवा भई । दोला र ललिता दुइटी पत्नीबाट पनि सन्तान भएनन् । म असी वर्ष पुग्न लागिसकें । यस प्रतिसंस्कृता सिद्धान्तकौमुदीले शिष्यपरम्परामा स्नेहपूर्वक अभिरुचि राख्तै विद्यावंशरूपी बत्तीको प्रकाशलाई फैलाओस् ।]

–नयराज पन्त
संशोधन–मण्डल
१०।३७४ वटु सवलबहाल
काठमाडौं, नेपाल

वि. सं. २०२९ कार्तिक १४ गते सोमवार

---

१५. सभामा सुनाइएका पद्यमा १,२ ठाउँमा संशोधन आवश्यक देखिएकोले यहाँ संशोधित रूप प्रकाश गरिएको छ । उ. प्र. रामचन्द्रज्यूहरूको सल्लाहअनुसार संशोधन भएको हो ।

१६. यहाँ "अशीतेरुपान्ते वयः" पाठ छापिएको छ । यो श्लोक श्रीगुरु सोमनाथले अघिअघि पनि मलाई सुनाउनुभएको थियो । त्यहाँ पहिले "षष्टेः पराची स्थितिः" (साठी वर्ष नाघें) भन्ने पाठ थियो । पछि फेरि "सप्तत्युपान्तं वयः" (उमेर ७० को नगीचमा छ) भन्ने पाठ भएको थियो । "अशीतेरुपान्ते वयः" यो पाठ पनि संशोधन गर्नुपर्ने भइसक्यो भनी पोहर मात्र सोमनाथ गुरुले मसँग भन्नुभएको थियो ।

# श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालज्यू

वेदान्तज्ञात् प्रथितयशसः पण्डिताल् लब्धजन्मा
कोषं काव्यादिकमपि गृहे सोमनाथः पपाठ।
भट्टोजीयां कृतिमपि कृतीर्विश्वनाथादिकाना-
मत्राधीत्य प्रपठनरुचिः काशिकां सः प्रपेदे ॥१॥

वेदान्तं जानातीति वेदान्तज्ञः। ज्ञा अवबोधने इति धातोः "आतोऽनुपसर्गे कः" (पाणिनिः ३।२।३) इति कप्रत्ययः।

प्रथितं यशः यस्य सः प्रथितयशाः। प्रथितयशसः = ख्यातनाम्नः।

प्रतीते प्रथितख्यातवित्तविज्ञातविश्रुताः ॥९॥
(अमरः ३।१)

लब्धं जन्म येन सः लब्धजन्मा = जातः।

पण्डितात् लब्धजन्मा। "जनिकर्त्तुः प्रकृतिः" (पाणिनिः १।४।३०) इति अपादानसंज्ञा।

पपाठ। पठ व्यक्तायां वाचि इति धातोः लिटि प्रथमपुरुषैकवचने।

भट्टोजीयां कृतिम् = सिद्धान्तकौमुदीम्। "वृद्धिर्यस्याचामादिस्तद् वृद्धम्" (पाणिनिः १।१।७३) इति सूत्रस्य "वा नामधेयस्य वृद्धसंज्ञा वक्तव्या" इति वार्तिकेन भट्टोजिशब्दस्य विकल्पेन वृद्धसंज्ञा। "वृद्धाच्छः" (पाणिनिः ४।२।११४) इति छप्रत्ययः।

विश्वनाथादिकानां कृतीः = मुक्तावल्यादीन् ग्रन्थान्।
अत्र = काष्ठमण्डपे।

अधीत्य = पठित्वा। इङ् अध्ययने नित्यमधिपूर्वः इति धातोः विहितस्य क्त्वाप्रत्ययस्य स्थाने "समासेऽनञ्पूर्वे क्त्वो ल्यप्" (पाणिनिः ७।१।३७) इति ल्यप् आदेशः। "ह्रस्वस्य पिति कृति तुक्" (पाणिनिः ६।१।७१) इति तुक् आगमः।
प्रपठनरुचिः = अधिकं पिपठिषुः।

अभिष्वङ्गे स्पृहायां च गभस्तौ च रुचिः स्त्रियाम् ॥२९॥
(अमरः ३।३)

काशिकाम् = काशीम् । "न सामिवचने" (पाणिनिः ५।४।५) "एतदेव ज्ञापकं भवति स्वार्थे कन्निति" (काशिका) इति स्वार्थे कन् प्रत्ययः । "केऽणः" (पाणिनिः ७।४।१३) इति ह्रस्वः ।

प्रपेदे । प्रपूर्वस्य पद गतौ इति धातोः लिटि प्रथमपुरुषैकवचने "अत एकहल्मध्येऽनादेशादेर्लिटि" (पाणिनिः ६।४।१२०) इति एत्वम् अभ्यासलोपः च ।

[वेदान्त जान्ने नाउँ चलेका पण्डितका छोरा भएर सोमनाथ जन्मनुभयो । सोमनाथले घरमा अमरकोश र काव्य आदि पढ्नुभयो । काठमाडौँमा सिद्धान्तकौमुदी, मुक्तावली आदि पुस्तक सोमनाथले पढ्नुभयो । त्यसपछि बढी पढ्ने विचारले सोमनाथ काशी जानुभयो ।]

नेपालमा पं. गङ्गादत्त गोतामे प्रसिद्ध विद्वान् थिए । गुरुज्यू लोकराजले आफ्ना भाइ छोराहरूलाई पढाउन गङ्गादत्तलाई लाएका थिए । गुरुज्यूहरूका पण्डित गङ्गादत्त थिए । पुरोहित वामदेवले आफ्ना छोराहरूलाई पढाउन विश्वनाथ शास्त्री (रिमाल)लाई काशीबाट ल्याए । विश्वनाथ पुरोहितहरूका पण्डित भए । गङ्गादत्त नेपालमै नीलदेव पन्तहरूसँग पढी पण्डित भएका र विश्वनाथ काशीमा पढी पण्डित भएका थिए । दुवै ठूला पण्डित थिए । उनीहरू दुवैको प्रशंसा श्री ३ वीरकहाँ गुरुज्यू र पुरोहितले पुऱ्याएछन् । श्री ३ वीरको दरबारमा ठूलो सभा भयो र गङ्गादत्त तथा विश्वनाथको शास्त्रार्थ भयो । व्याकरणमा दुवै जनाको पाण्डित्य बराबर ठहरियो र न्यायमा शास्त्रार्थ हुन लाग्दा विश्वनाथले न्याय मैले पढेको छैन भनी भने । यताबाट गङ्गादत्तको लम्बरी दक्षिणा ५। रु. र विश्वनाथको लम्बरी दक्षिणा ४।५० रु. भयो । यही प्रसङ्गमा अरू अरू पण्डितको पनि शास्त्रार्थ भयो । सोमनाथका बाबु जगन्नाथ सिग्द्याल र रामचन्द्र जोशी (डोटयाल) को वेदान्तमा शास्त्रार्थ भयो । त्यसमा रामचन्द्रको भन्दा जगन्नाथको विद्वत्ता बढ्ता देखियो र जगन्नाथलाई रामचन्द्रको भन्दा बढ्ता दक्षिणा भयो । यी कुरा मेरा मातामहबाट मैले सुनेको हुँ । त्यस सभाको अरू वर्णन पनि उहाँले गर्नुभएको थियो । तर त्यो मलाई अहिले ठीक याद छैन ।

काठमाडौँ क्वेछेँ टोलमा मेरा बाले बन्धकमा घर लिनुभएको थियो, त्यहीँ वि. सं. १९४१ आश्विनशुक्ल चतुर्दशीमा मेरो जन्म भएको हो भनी श्रीगुरु सोमनाथले पोहर मसँग भन्नुभएको थियो ।

मेरा बा मेरो उपरमा कडा दृष्टि राख्नुहुन्थ्यो । बाको अघिल्तिर म ठाडो भई बोल्न सक्तिनथेँ । उहाँ वेदान्तका विद्वान् हुनुहुन्थ्यो । काशीमा मेरो पढाइ सिद्धिने सिद्धिने वेलामा मेरा बाले तीर्थ गर्न जाँदा बाटामा (मलाई बाँकीपुर जस्तो लाग्छ ।) मेरा माहिला बालाई मलाई लिई आउनू भनी चिठी पठाउनुभएछ र माहिला बाले काशीबाट मलाई लिई त्यहाँ जानुभयो । बाको स्वभाव मलाई थाहा भएको हुनाले भामतीको खूब अभ्यास गरी म गएको थिएँ । भेट भएपछि बाले वेदान्तविषयका प्रश्न गर्नुभयो । मैले उत्तर दिएँ । बाले सुनिरहनुभयो, हो होइन केही भन्नुभएन । पछि माहिला बासँग जेठोले पढेछ भनी भन्नुभएछ । यो कुरो पोहर मात्र श्रीगुरु सोमनाथको मुखबाट मैले सुनेको हुँ ।

रानीपोखरी पाठशालामा आफ्ना बा पं. जगन्नाथ सिग्द्याल, पं. विष्णुहरि रिमाल, पं. विश्वनाथ रिमाल, पं. गङ्गादत्त गोतामेहरूसँग श्रीगुरु सोमनाथले पढ्नुभएको हो । पाकोपोखलडचाङमा डेरा गरी बसेका पं. सहदेव झा (मैथिल) सँग सोही डेरामा सोमनाथ गुरुले न्याय पढ्नुभएको हो । यो कुरा प्रा. हरिनाथ ढुङ्गेलबाट मैले हालै सुनेको हुँ ।

न्यायो वाङ्गात् प्रथितविदुषोऽपाठि कैलासचन्द्रात्
साहित्याद्या विविधविषया दाक्षिणात्याद् बुधेन्द्रात् ।
ज्ञाता गङ्गाधरपदयुतात् तेन वेदान्तविद्या
सुब्रह्मण्याच् श्रवसि विहिता नीलदेवस्य शिष्यात् ।।२।।

वाङ्गात् = वङ्गदेशे जातात् । "तत्र जातः" (पाणिनिः ४।३।२५) "तत्रेति सप्तमीसमर्थाज्जात इत्येतस्मिन्नर्थे यथाविहितं प्रत्ययो भवति । स्रुघ्ने जातः, स्रौघ्नः । माथुरः" । (काशिका) एवं वाङ्गः ।

अपाठि । पठ्धातोः कर्मणि लुङि प्रथमपुरुषैकवचने ।

तेन न्यायः कैलासचन्द्रात् अपाठि । "आख्यातोपयोगे" (पाणिनिः १।४।२९) इति नियमपूर्वके विद्याग्रहणे अर्थे अपादानसंज्ञा । एवम् अन्यत्र अपि ।

दाक्षिणात्यात् । "दक्षिणापश्चात्पुरसस्त्यक्" (पाणिनिः ४।२।९८) "दक्षिणा पश्चात् पुरस् इत्येतेभ्यस्त्यक् प्रत्ययो भवति शैषिकः ।" (काशिका) इति दक्षिणाशब्दात् त्यक् प्रत्ययः । "किति च" (पाणिनिः ७।२।११८) इति आदिवृद्धौ दाक्षिणात्यः । "अभिजनश्च" (पाणिनिः ४।३।९०) "स इति प्रथमासमर्थादस्येति षष्ठ्यर्थे यथाविहितं प्रत्ययो भवति । यत् प्रथमासमर्थमभिजनश्चेत् स भवति । अभिजनः पूर्वबान्धवः, तत्सम्बन्धाद् देशोऽप्यभिजन इत्युच्यते । यस्मिन् पूर्वबान्धवैरुषितं तस्मादिह देशवाचिनः प्रत्ययो, न बन्धुभ्यो, निवासजत्यासत्तेः । स्रुघ्नोऽभिजनोऽस्य स्रौघ्नः । माथुरः । राष्ट्रियः । निवासाभिजनयोःको विशेषः ? यत्र सम्प्रत्युष्यते स निवासः, यत्र पूर्वैरुषितं सोऽभिजनः ।" (काशिका) गङ्गाधरशास्त्रिणः अभिजनः दक्षिणा दिक्, अतः सः दाक्षिणात्यः ।

गङ्गाधरपदयुतात् = गङ्गाधरनाम्नः ।

श्रवसि विहिता = श्रुता ।

कर्णशब्दग्रहौ श्रोत्रं श्रुतिः स्त्री श्रवणं श्रवः ।।९४।।

(अमरः २।६)

[प्रसिद्ध विद्वान् बङ्गाली पण्डित कैलासचन्द्र शिरोमणिसँग सोमनाथले न्याय पढ्नुभयो । सोमनाथले प्रसिद्ध दक्षिणी पण्डित गङ्गाधर शास्त्रीसँग साहित्य आदि धेरै विषय पढ्नुभयो । नीलदेव पन्तका शिष्य सुब्रह्मण्य शास्त्रीसँग सोमनाथले वेदान्त पढ्नुभयो ।]

बङ्गाली पण्डित महामहोपाध्याय कैलासचन्द्रसँग सोमनाथ गुरुले न्याय वैशेषिक पढ्नुभएको हो । दक्षिणी पण्डित महामहोपाध्याय गङ्गाधर शास्त्रीकहाँ चलेका पाठलाई सोमनाथ गुरु सुन्नुहुन्थ्यो । कैलासचन्द्रकहाँ मैले न्याय पढे तापनि गङ्गाधर शास्त्रीकहाँ मैले पाठ नसुनेको भए मेरो बुद्धिविकास हुँदैनथ्यो भनी सोमनाथ गुरु भन्नुहुन्थ्यो । दक्षिणी पण्डित सुब्रह्मण्य शास्त्री (काशीका वर्तमान प्रसिद्ध विद्वान् पण्डितराज राजेश्वर शास्त्री द्राविडका मातामह) सँग मैले वेदान्त

पढेको हुँ, प्रसिद्ध नेपाली पण्डित नीलदेव पन्तसँग सुब्रह्मण्य शास्त्रीले पढ्नुभएको हो भनी सोमनाथ गुरु भन्नुहुन्थ्यो । यो कुरा पनि मैले प्रा. हरिनाथ ढुङ्गेलबाट हालै सुनेको हुँ ।

न्यायाचार्यः सरसकवितागुम्फकः काव्यतीर्थं
वेदान्तज्ञः स्वजननभुवं काशिकाया स आगात् ।
लब्ध्वा वृत्तिं नरपतिकृते पाठगेहे युवा स
शिक्षाध्यक्षं नरपतिगुरुं शिश्रिये हेमराजम् ॥३॥

सरसकवितागुम्फकः=सुकविः । गुम्फ ग्रन्थे इति धातोः "ण्वुल्तृचौ" (पाणिनिः ३।१।१३३) इति ण्वुल् प्रत्ययः ।

काव्यतीर्थम् =काव्यगुरुः ।

निपानागमयोस्तीर्थमृषिजुष्टे जले गुरौ ॥८६॥
(अमरः ३।३)

स्वजननभुवम् =जन्मभूमिं काष्ठमण्डपम् ।

जनुर्जननजन्मानि जनिरुत्पत्तिरुद्भवः ॥३०॥
(अमरः १।४)

आगात् । आङ्पूर्वस्य इण् गतौ इति धातोः लुङि प्रथमपुरुषैकवचने "इणो गा लुङि" (पाणिनिः २।४।४५) इति इधातोः स्थाने गाआदेशः । "गा तिस्थाघुपाभूभ्यः सिचः परस्मैपदेषु" (पाणिनिः २।४।७७) इति सिचः लुक् ।

वृत्तिम् =जीविकाम् ।

आजीवो जीविका वार्ता वृत्तिर्वर्तनजीवने ॥१॥
(अमरः २।९)

नरपतिकृते पाठगेहे =राजकीयायां पाठशालायाम् ।

नरपतिगुरुम् =राजगुरुम् ।

शिश्रिये । श्रिञ् सेवायाम् इति धातोः आत्मनेपदे लिटि प्रथमपुरुषैकवचने । "अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ" (पाणिनिः ६।४।७७) इति इयङ् आदेशः ।

[सोमनाथ न्यायको आचार्य परीक्षामा उत्तीर्ण हुनुभयो, काव्यतीर्थ परीक्षामा पनि उत्तीर्ण हुनुभयो । सोमनाथ राम्रो कविता लेख्न सक्नुहुन्थ्यो तथा वेदान्त पनि जान्नुहुन्थ्यो । पढाइ सिद्धिएपछि सोमनाथ काशीबाट काठमाडौँ फर्कनुभयो । यहाँ आएपछि युवक सोमनाथ रानीपोखरी संस्कृतपाठशालामा अध्यापक नियुक्त हुनुभयो । संस्कृतशिक्षाविभागका अध्यक्ष माहिला गुरुज्यू हेमराजको आश्रयमा सोमनाथ रहन लाग्नुभयो ।]

काशीमा श्रीगुरु सोमनाथ सिग्द्याल, श्रीगुरु देवीदत्त पराजुली, श्रीगुरु विष्णुप्रसाद

भण्डारीहरू★ मिली वि. सं. १९६३ मा सुन्दरीनामक नेपाली मासिक पत्रिका निकाल्नुभएको थियो। त्यसभन्दा केहीअघि उहाँहरूले सुक्तिसूधानामक संस्कृत मासिक पत्रिका पनि निकाल्नुभएको थियो। यताबाट श्रीगुरु सोमनाथको संस्कृत र नेपालीमा गद्य पद्य लेख्ने हात बसेको थियो।

सोमनाथ गुरु काशीबाट न्यायवैशेषिकको आचार्यपरीक्षामा पास हुनुभएको हो। उस वेला प्रथमश्रेणीमा उत्तीर्ण भएकालाई आचार्य र द्वितीयश्रेणीमा उत्तीर्ण भएकालाई उपाध्याय भन्ने चलन थियो। सोमनाथ गुरु न्यायवैशेषिकोपाध्याय हुनुहुन्थ्यो। श्रीगुरु सोमनाथले कलकत्ताबाट काव्यतीर्थ-परीक्षा पास गर्नु भएको थियो।

आफ्ना पिता पं. जगन्नाथको स्वर्गवास भएपछि श्रीगुरु सोमनाथ काशीबाट काठमाडौं आउनुभएको हो। वि. सं. १९६४ मा सोमनाथ गुरु पाठशालामा भर्ना हुनुभएको हो।

सोमनाथ गुरुले एकपल्ट मसँग भन्नुभएको थियो– मलाई पाठशालामा बडागुरुज्यू कुवलयराजले भर्ना गर्नु भएको हो। त्यस वेला हेमराजको उदय भएको थिएन। कुवलयराजले काम लगाएर मलाई राम्रो लेख लेख्ने बनाइदिनुभयो।

कुवलयराजको विषयमा पूर्णिमा ८ अङ्कका ६५,७३ पृष्ठमा पनि केही कुरा छन्।

विद्यासक्तेर्विहितमनसः सङ्ग्रहे पुस्तकानां
बाह्यैर्विज्ञैः सह परिचयं तन्वतः कीर्तिमीप्सोः।
द्वित्रान् ग्रन्थानपि रचयतो हेमराजस्य सङ्गाद्
भूरीन् ग्रन्थान् विविधविषयान् सोमनाथो ददर्श ॥४॥

विद्यायाम् आसक्तिः यस्य सः विद्यासक्तिः। विद्यासक्तेः = विद्याव्यसनिनः।
विहितं मनः येन सः विहितमनाः। विहितमनसः = सक्तचित्तस्य।
सङ्ग्रहः। संपूर्वाद् ग्रह् उपादाने इति धातोः "ग्रहवृदृनिश्चिगमश्च" (पाणिनिः ३।३।५८) इति अप् प्रत्ययः।
विज्ञैः = शिक्षितैः। "आतश्चोपसर्गे" (पाणिनिः ३।१।१३६) इति विपूर्वात् ज्ञाधातोः कप्रत्ययः।

प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः।
वैज्ञानिकः कृतमुखः कृती कुशल इत्यपि ॥४॥
(अमरः ३।१)

---

★श्रीगुरु विष्णुप्रसाद भण्डारी कलकत्ताको शिवकुमारभवनमा साहित्यका अध्यापक हुनुहुन्थ्यो। कलकत्तामा वि. सं. १९८९ मा काव्यप्रथमपरीक्षा दिई म उत्तीर्ण भएको थिएँ। वि. सं. १९९० मा मैले काव्यमध्यमाको फाराम भरेको थिएँ। कलकत्तामा म शिवकुमारभवनमा बसेको थिएँ। काव्यप्रथमा दिँदा मेरो नाम श्रीगुरु विष्णुप्रसादको छात्रमा दरिएको थियो। बिदामा काशीमा आई श्रीगुरु विष्णुप्रसाद बस्नुहुन्थ्यो। उहाँकहाँ साहित्य पढ्ने विद्यार्थी निकै हुन्थे। म पनि त्यहाँ गई पाठ सुन्थें।

परिचयम् = संस्तवम् ।

संस्तवः स्यात् परिचयः ... ।।२३।।

(अमरः ३।२)

तन्वतः । तनु विस्तारे इति धातोः विहितस्य लटः स्थाने "लटः शतृशानचावप्रथमासमानाधिकरणे" (पाणिनिः ३।२।१२४) इति शत्रादेशे "तनादिकृञ्भ्य उः" (पाणिनिः ३।१।७९) इति उप्रत्यये तन्वत् । तस्य षष्ठ्याः एकवचने ।

ईप्सोः = लिप्सोः । आप्लृ व्याप्तौ इति धातोः सन्प्रत्यये "आपज्ञप्यृधामीत्" (पाणिनिः ७।४।५५) इति आकारस्य स्थाने ईकारादेशे द्वित्वादिकार्ये "अत्र लोपोऽभ्यासस्य" (पाणिनिः ७।४।५८) इति अभ्यासलोपेन सिद्धात् ईप्सधातोः "सनाशंसभिक्ष उः" (पाणिनिः ३।२।१६८) इति उप्रत्यये ईप्सुः ।

द्वित्रान् । द्वौ वा त्रयो वा इति विग्रहे "सङ्ख्ययाव्ययासन्नादूराधिकसङ्ख्याः सङ्ख्येये" (पाणिनिः २।२।२५) इति बहुव्रीहिः । "बहुव्रीहौ सङ्ख्येये डजबहुगणात्" (पाणिनिः ५।४।७३) इति समासान्तः डच् प्रत्ययः ।

द्वित्राण्यहान्यर्हसि सोढुमर्हन् ...।।२५।।

(रघुवंशे पञ्चमे सर्ग)

–इति कालिदासः ।

भूरीन् = बहून् ।

प्रभूतं प्रचुरं प्राज्यमदभ्रं बहुलं बहु ।
पुरुहूः पुरु भूयिष्ठं स्फारं भूयश्च भूरि च ।।६३।।

(अमरः ३।१)

ददर्श । दृशिर् प्रेक्षणे इति धातोः लिटि प्रथमपुरुषैकवचने ।

[विद्यामा रुचि भएका गुरुज्यू हेमराज पुस्तक सङ्ग्रह गर्नुहुन्थ्यो । हेमराज विदेशी विद्वान्हरूसँग सम्पर्क राखेर आफ्नो कीर्ति फैलाउन चाहनुहुन्थ्यो । हेमराजले दुइ तीनवटा ग्रन्थ लेख्नुभएको छ । हेमराजको सङ्गतले सोमनाथले विभिन्न विषयका धेरै पुस्तकहरू हेर्ने मौका पाउनुभयो ।]

श्रीनेपालधराधिराजगुरुषु श्रीहेमराजाभिधे–
ष्वाचान्ताखिलदर्शनेष्वधिगतश्रौतक्रियामर्मसु ।
सोत्साहानिशसन्निधानसकलान्वीक्षाकृतानुग्रहे–
ष्वापुस्ते कृतवस्त्रयोऽप्यविकलाः प्राशस्त्यकोटिं पराम् ।।३७५।।

(वि. सं. १९५९ मा प्रकाशित भएको सदाशिव आचार्य दीक्षितको आचार्यवंशावली ६२ पृष्ठबाट)

[सम्पूर्ण दर्शन तथा वैदिक कर्मकाण्डको रहस्य राम्रोसँग बुझ्नुभएका, नेपालका राजगुरु हेमराजबाट उत्साहसाथ हरदम नजीकमै रही सबै कुरो हेरविचार गर्ने निगाह राख्नुभएकोले ती तीनवटै यज्ञ कत्ति पनि टूट नभई राम्रोसँग समाप्त भए ।]

जहाँ इलम छ वहाँ प्रतिष्ठा छ. इलम छैन भने प्रतिष्ठा पनी छैन. "विद्वान् सर्वत्र पूज्यते" यस्को यौटा दृष्टान्त हाम्रा गुरुराज हेमराज पण्डितज्यू हुनुहुन्छ. हाम्रै शास्त्र पढी विद्वान्हरूको सत्संग गर्नुभै अरू कस्तै इलमदारसँग परी आएमा हट्नुहुन्न. त्यत्तिकै मात्र होइन. अदालती काम होस् वा श्रेस्ता बरबन्दोबस्ती अड्डाखानातिरको काम होस्. जुन काम पत्याए पनी बहुतै राम्रो हिसाबसँग गर्नुभै- रहेको छ.

(श्री ३ महाराज जुद्धशमशेरको वि. सं. १९८९ को शिक्षाविभागको उत्सवको भाषणबाट)

हेमराजको विषयमा विदेशी विद्वान्हरूका विचार १ परिशिष्टमा दिइएका छन् ।

१. चन्द्रिकाव्याकरण २. महाभारतसम्बन्धे कश्चन विचारः (निबन्ध)

३. काश्यपसंहिताको उपोद्घात

हेमराजज्यूका हामीले अहिलेसम्म देखेका प्रकाशित पुस्तक यिनै हुन् ।

काश्यपसंहिताको उपोद्घातमा ज्ञातव्य विषय निकै छन् । इतिहासको दृष्टिले यो ग्रन्थ उच्चकोटिको छ । यस विषयमा छुट्टै निबन्धमा लेख्ने मेरो विचार छ ।

श्री ३ चन्द्रको शासनकालमा गुरुज्यू हेमराजको प्रबन्धबाट वीरपुस्तकालयको बृहत् सूचीपत्र पण्डितहरूद्वारा तयार गराइयो । त्यसमा श्रीगुरु सोमनाथको पनि हात थियो ।

**भाषाशुद्ध्यै व्यतनुत नवां व्याकृतिं हेमराज-**
**श्चन्द्रप्रीत्यै कृतिमथ स तां चन्द्रिकाख्यां व्यधत्त ।**
**लोके तस्याः प्रथनविधये हेमराजानुमत्या**
**सोमो मध्यं व्यतनुत नवं चन्द्रिकायाः स्वरूपम् ।।५।।**

भाषाशुद्ध्यै = भाषाशुद्धिं विधातुम् ।
चन्द्रप्रीत्यै = चन्द्रप्रीतिम् उत्पादयितुम् ।
"क्रियार्थोपपदस्य च कर्मणि स्थानिनः" (पाणिनिः २।३।१४) इति चतुर्थी ।
व्यतनुत = अकुरुत । विपूर्वस्य तन्धातोः आत्मनेपदे लङि प्रथमपुरुषैकवचने ।
नवाम् = नूतनाम् ।

प्रत्यग्रोऽभिनवो नव्यो नवीनो नूतनो नवः ।।७७।।
नूत्नश्च
(अमरः ३।१)

व्याकृतिम् = व्याकरणम् ।

नव्या कृतिर्भवतु पाणिनिसूत्रनिघ्ना, न व्याकृतिः श्रुतिवचोनियमाय शक्ता .. ॥६९॥
(अलिविलासिसंलापे चतुर्थे शतके)
–इति गङ्गाधरः ।

कृतिम् = ग्रन्थम् ।
व्यधत्त = अकुरुत । विपूर्वस्य डुधाञ् धारणपोषणयोः इति धातोः आत्मनेपदे लङि प्रथमपुरुषैकवचने ।
प्रथनविधये = प्रख्यानाय ।

विधिर्विधाने दैवेऽपि... ॥९९॥
(अमरः ३।३)

[नेपाली भाषा शुद्धसँग लेखियोस् भनी हेमराजले नयाँ व्याकरण बनाउनुभयो । हेमराजले श्री ३ महाराज चन्द्रशमशेरलाई खुशी पार्न आफ्नो व्याकरणको नाम चन्द्रिका राखनुभयो । चन्द्रिका व्याकरण चलाउन हेमराजको आज्ञानुसार सोमनाथले चन्द्रिकाको आधारमा मध्यचन्द्रिका बनाउनुभयो ।]

चन्द्रिका प्रथम द्वितीय प्रकाश वि. सं. १९६९ मा प्रकाशित

समर्पण

स्वस्तिश्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्री ३ महाराज मेजर जनरल सर चन्द्रशमशेर जङ्ग-बहादुर राणा जी, सी, बी; जी, सी, यस, आइ; जी, सी, भी, ओ; डी, सी, एल्; आनरेरी कर्णेल फोर्थ गोरखाज; थोङ्, लिङ्, पिम्, मा, को, काङ्, वाङ्, स्याङ्, प्रायम्मिनिष्टर एण्ड मार्शल विद्यानुरागीका करकमलमा यो "गोरखाभाषा–व्याकरण–चन्द्रिका" शुभचिन्तक हेमराज पण्डितले अत्यादरपूर्वक समर्पण गरियो ।

सोमनाथ गुरुको मध्यचन्द्रिकाको प्रथम संस्करण वि. सं. १९७६ मा प्रकाशित भयो ।

(त्यसको मुखपृष्ठमा)

श्रीयुत मान्यवर गुरुराज हेमराज पण्डितज्यूबाट बनाइबक्सेको ठूलो चन्द्रिका व्याकरणको आधारमा मजकूरकै मर्जीमुताबिक बनेको छोटकरी नेपाली व्याकरण

भूमिका

संसारमा मातृ-भाषासंग मानवजातिको कत्तिको गाढा नाता छ. सो कुरा प्रसिद्धै छ. हामी नेपाली पर्वते जातिको मातृ-भाषा गोरखाली भाषा हो. जो आजकाल नेपाली-भाषा भनि व्यवहार गरिन्छ. यसमा अघि विद्वान्हरूको सुधारण-दृष्टि बहुतै कम परेको थियो तापनी परमविद्यानुरागी श्री ३ महाराजबाट नेपाल–राज्यमा धेरै पाठशालाहरू खोली मातृ–भाषाको उन्नति गराइबक्सेको हुनाले अब यसतर्फ धेरैको दिल झुकेको देखिन्छ, यसैले यसमा पहिले मुख्य चाहिनुपर्ने कुराको पूर्तिलाई श्रीमान् मान्यवर गुरुराज हेमराज पण्डितज्यूबाट सर्व-प्रथम ठूलो विचार–पूर्ण चन्द्रिका व्याकरण बनाई ६९ सालमा प्रकाश गरिबक्सियो. सो व्याकरण अति-विस्तृत भई बालकहरूको निमित्त संक्षिप्त व्याकरणको आवश्यकता भएको हुनाले वाहाँकै आज्ञानुसार सोही 'चन्द्रिका' को आधारमा यो छोटकरी व्याकरण बनाई मातृ-भाषाका प्रेमीहरूको सेवामा उपस्थित गराएको छु.

यसमा पूर्वोक्त श्रीमान्बाट जहाँ जस्तो परिवर्तन र शैलीको अवलम्बनलाई निगाहसाथ राय बक्सिएथ्यो. सोहीबमोजिम परिवर्तनहरू गरी भए जति आफ्नो बुद्धि वर्गतलाई काम लगाई लेखेको छु.

धेरै ग्रन्थको अवलम्बन नभई प्राथमिक लेख हुनाले र मनुष्यको दृष्टि योग्यताको हदभित्रै रहने हुनाले पनी यसमा अझ सुधार गर्नुपर्ने विषय धेरै नै बाँकि हुनन् तापनी विद्वान्हरूबाट विचारसाथ सुधार गर्नु पर्ने कुराको सूचना पाउँदै रहे अर्को आर्को संस्करणमा बराबर सुधार हुँदै जानेछ भन्ने पूरा उमेद गर्दछु.

७६ साल पौष

(मदनपुरस्कारपुस्तकालयका पुस्तकबाट यी उद्धरण झिकिएका हुन् ।)

प्रौढं काव्यं बुधजनमनोहारि साहित्यदीपं
भट्टोजीयां कृतिमभिनव संस्कृतं रूपमाप्ताम् ।
अन्यान् ग्रन्थानपि कतिपयान् बालकानां हिताय
कृत्वा लेभे धनमथ यशः पण्डितः सोमनाथः ॥६॥

मनोहारि = हृद्यम् । "सुप्यजातौ णिनिस्ताच्छील्ये" (पाणिनिः ३।२।७८) इति णिनिप्रत्ययः ।

हितं मनोहारि च दुर्लभं वचः ॥४॥

(किरातार्जुनीये प्रथमे सर्गे)

—इति भारविः ।

प्रौढं काव्यम् = नैपालकभाषायां निबद्धम् आदर्शराघवमहाकाव्यम् ।
साहित्यदीपम् = नैपालकभाषायां निबद्धं साहित्यप्रदीप इति लक्षणग्रन्थम् ।
अभिनवं संस्कृतं रूपमाप्तां भट्टोजीयां कृतिम् = प्रतिसंस्कृतां सिद्धान्तकौमुदीम् ।
अन्यान् ग्रन्थान् = अनुवादचन्द्रिकादीन् ।

लेभे । डुलभष् प्राप्तौ इति धातोः लिटि प्रथमपुरुषैकवचने । "अत एकहल्मध्येऽनादेशादेर्लिटि" (पाणिनिः ६।४।१२०) इति एत्वम् अभ्यासलोपः च ।

[सोमनाथले आदर्शराघव महाकाव्य, साहित्यप्रदीप, प्रतिसंस्कृता सिद्धान्तकौमुदी बनाउनुभयो । यी ग्रन्थ विद्वान्हरूका लागि उपयुक्त छन् । बालकहरूलाई उपयोगी अरू धेरै किताप सोमनाथले बनाउनुभयो । यस कामबाट सोमनाथलाई धन र यश दुवै मिल्यो ।]

सोमनाथ गुरुले बनाउनुभएका हामीलाई थाहा भएका प्रकाशित ग्रन्थहरू-

१. आदर्शराघव
२. साहित्यप्रदीप
३. प्रतिसंस्कृता सिद्धान्तकौमुदी
४. मध्यचन्द्रिका

५. लघुचन्द्रिका
६. अनुवादचन्द्रिका (१–४ भाग)
७. संस्कृतचन्द्रिका
८. आदर्शराघवपुष्पाञ्जलि
९. सुन्दरचम्पू
१०. उपदेशशतक (अनुवाद)
११. चारुचर्या (अनुवाद)
१२. सनातन धर्मसन्देश
१३. सुधारकार्यविवरण

सोमनाथ गुरुका अनुवादचन्द्रिका वि. सं. १९९२ देखि निक्लन लागेका हुन्। त्यसभन्दा अगाडि देवीदत्त गुरुका रचनाचन्द्रोदयहरू पाठशालामा पाठ्यपुस्तक थिए। अनुवादचन्द्रिका निस्केपछि रचनाचन्द्रोदयहरू खारिज भए। देवीदत्त गुरुले खिन्न भई आफ्ना पुस्तक विद्यार्थीहरूलाई बाँडिदिनुभयो।

आदर्शराघव, साहित्यप्रदीप, प्रतिसंस्कृता सिद्धान्तकौमुदीहरू माथिल्ला कक्षाका छन्। यिनको विषयमा भिन्नै निबन्धमा विचार गर्नु आवश्यक छ।

चन्द्रो दानाधिकृतिमददाद् हेमराजाय तुष्ट–
स्तोषं सोमोऽकृत नृपगुरोर्दानवाक्यादिलेखैः।
राजागाराद् मुहुरलभत स्वर्णरत्नादिदानं
विद्वान् सोमो धनिकगणनालेख्यमाप्नोत् क्रमेण ॥७॥

अधिकृतिम् = अधिकारम्।
अददात्। डुदाञ् दाने इति धातोः लङि प्रथमपुरुषैकवचने।
चन्द्रः हेमराजाय दानाधिकृतिम् अददात्। "कर्मणा यमभिप्रैति स सम्प्रदानम्" (पाणिनिः १।४।३२) इति सम्प्रदानसंज्ञा।
अकृत। डुकृञ् करणे इति धातोः आत्मनेपदे लुङि प्रथमपुरुषैकवचने "उश्च" (पाणिनिः १।२।१२) इति सिचः कित्वम्। "ह्रस्वादङ्गात्" (पाणिनिः ८।२।२७) इति सकारस्य लोपः।
मुहुः = शश्वत्।

मुहुः पुनःपुनः शश्वदभीक्ष्णमसकृत्समाः ॥१॥

(अमरः ३।४)

अलभत। लभ्धातोः लङि प्रथमपुरुषैकवचने।
विद्वान्। विद ज्ञाने इति धातोः विहितस्य लटः स्थाने कृतस्य शतुः (शतृ) आदेशस्य स्थाने "विदेः शतुर्वसुः" (पाणिनिः ७।१।३६) इति विकल्पेन वसुः आदेशः।
धनिकगणनालेख्यम् = धनिकगणनायां लेखनम्। "तयोरेव कृत्यक्तखलर्थाः" (पाणिनिः ३।४।७०) इति भावे "ऋहलोर्ण्यत्" (पाणिनिः ३।१।१२४) इति ण्यत् प्रत्ययः।

देहत्यागादमरगणनालेख्यमासाद्य सद्यः ...।। ९५ ।।

(रघुवंशे अष्टमे सर्गे)

–इति कालिदासः ।

आप्नोत् =अलभत । आप्लृ व्याप्तौ इति धातोः लङि प्रथमपुरुषैकवचने ।

[हेमराजसँग खुशी भएका श्री ३ चन्द्रशमशेरले दरबारको दानको पजनीको अधिकार हेमराजलाई दिनुभयो। हेमराजकहाँ पर्ने सङ्कल्प आदि लेखपढको काम सोमनाथ गर्नुहुन्थ्यो । यस कामबाट सोमनाथसँग हेमराज खुशी हुनुभयो । सोमनाथले राजदरबारबाट बराबर सुन, रत्न आदि दान पाउनुभयो । यसरी विद्वान् सोमनाथ धनी पनि हुँदै जानुभयो ।]

राजदरबारबाट हुने दानमा आफ्नो एकाधिकार पार्न यहाँ सङ्घर्ष चलिरहन्छ । पण्डित वाचस्पति पन्त विशेष विद्याव्यसनी र विद्याको प्रचार गर्ने खालका थिए । श्री ३ रणोद्दीपसिंह पनि विद्वान्को कदर गर्ने खालका थिए (पूर्णिमा २५ अङ्कको ४२ पृ.) । यस कारण त्यस वेलाको राजदरबारको दानाध्यक्षको काम वाचस्पति पण्डित गर्दथे । वि. सं. १९४२ मा रणोद्दीपसिंह मारिए, केही कालपछि वाचस्पति धपाइए (पूर्णिमा २५ अङ्कको ४२ पृ.) । यसपछि गुरुज्यू लोकराज शक्तिशाली भई निस्के । दानाध्यक्षको काम गुरुज्यू लोकराजले पाए । वि. सं. १९४७ मा लोकराजको मृत्यु भयो । यसपछि पुरोहितहरूले यो काम पाए । पुरोहित प्रयागराज चन्द्रशमशेरका प्रिय थिए । प्रयागराजले पनि दानमा एकाधिकार राखे । प्रयागराजको मृत्यु भएपछि उनका छोरा विक्रमराज पुरोहित भए । त्यसपछि दानमा एकाधिकार गुरुज्यू हेमराजको भयो । यो कुरो श्री ३ चन्द्रको शासनभर रह्यो ।

गुरुज्यूहरू अड्डाको काम बोक्तनथे, दरबार जान्थे, आफ्नो काम गर्थे, आउँथे, चाकडीमा पनि बस्तैनथे; कुनै कुनै गुरुज्यूहरू घरमा विद्यार्थी पढाउँथे; साहेबज्यू र राणाजीहरू पनि पढ्न आउँथे; माहिला गुरुज्यू अड्डाको काम बोक्न र चाकडी गर्न लागे; गङ्गादत्त पण्डितहरूलाई सोध्यो भने पुस्तक पल्टाएर हामी भनिदिन्छौं, लेख्ने मान्छे ल्याऊ भनी भन्दथे; सोमनाथ पुस्तक पल्टाउने पनि लेख्ने पनि दुवै काम गर्न लागे भनी मेरा मातामह भन्नुहुन्थ्यो ।

**पाठागारे प्रमुखबुधतां हेमराजप्रसादात्**
**सोमो लेभे कविकुलविधौ दर्शने धर्मशास्त्रे ।**
**लब्धख्यातिः सह परिचयं शासकैर्विन्दमानः**
**प्राज्यैः शिष्यैर्महितचरणः पण्डितैर्वन्दितोऽभूत् ।।८।।**

प्रमुखबुधताम् =प्रधानाध्यापकपदम् ।

क्लीबे प्रधानं प्रमुखप्रवेकानुत्तमोत्तमाः ।
मुख्यवर्यवरेण्याश्च प्रवर्होऽनवरार्ध्यवत् ।।५७।।

परार्ध्याग्रप्राग्रहरप्राग्र्याग्र्याग्रीयमग्रियम् ।
(अमरः ३।१)

कविकुलविधौ = साहित्ये ।

भासो हासः कविकुलगुरुः कालिदासो विलासः– इति सुभाषितम् ।
इत्याद्युन्नेयमन्यत् कविसमयगतं सत्कवीनां प्रबन्ध ।
(साहित्यदर्पणे सप्तमे परिच्छेदे)
— इति विश्वनाथः ।

अशास्त्रीयमलौकिकं च परम्परायातं यमर्थमुपनिबध्नन्ति कवयः स कविसमयः ।
(काव्यमीमांसायां चतुर्दशे अध्याये)
—इति राजशेखरः ।

लब्धाः ख्यातिः येन सः लब्धख्यातिः ।
विन्दमानः = लभमानः । विद्लृ लाभे इति धातोः "लटः शतृशानचावप्रथमासमानाधिकरणे" (पाणिनिः ३।२।१२४) इति लटः स्थाने शानजादेशे "तुदादिभ्यः शः" (पाणिनिः ३।१।७७) इति शप्रत्यये "शे मुचादीनाम्" (पाणिनिः ७।१।५९) इति नुमागमे "आने मुक्" (पाणिनिः ७।२।८२) इति मुगागमे च विन्दमानः ।

सत्तायां विद्यते ज्ञाने वेत्ति विन्ते विचारणे ।
विन्दते विन्दति प्राप्तौ श्यन्लुक्श्नम्शेष्विदं क्रमात् ॥
(सिद्धान्तकौमुद्यां चुरादौ)

प्राज्यैः = बहुभिः ।
शिष्यैः = छात्रैः । शासु अनुशिष्टौ इति धातोः "एतिस्तुशास्वृदृजुषः क्यप्" (पाणिनिः ३।१।१०९) इति क्यप् प्रत्ययः । "शास इदङ्हलोः" (पाणिनिः ६।४।३४) इति शासः उपधायाः इकारादेशः । "शासिवसिघसीनां च" (पाणिनिः ८।३।६०) इति सकारस्य स्थाने षकारः ।

छात्रान्तेवासिनौ शिष्ये ... ॥११॥
(अमरः २।७)

महितचरणः = पूजितपादः । मह पूजायाम् इति धातोः कर्मणि क्तप्रत्यये महितः ।

स त्वं प्रशस्ते महिते मदीये वसंश्चतुर्थोऽग्निरिवाग्न्यगारे ... ॥२५॥
(रघुवंशे पञ्चमे सर्गे)
–इति कालिदासः ।

महितचरणपद्मः पद्मजन्मादिदेवै–
र्वसति सकलवासो वासुदेवश्च यत्र ॥२२॥
(सिद्धान्तशिरोमणौ गोलाध्याये भुवनकोशे)
–इति भास्करः ।

वदि अभिवादनस्तुत्योः इति धातोः इदितत्वात् "इदितो नुम् धातोः" (पाणिनिः ७।१।५८) इति नुमागमे वन्द् । "तयोरेव कृत्यक्तखलर्थाः" (पाणिनिः ३।४।७०) इति कर्मणि क्तप्रत्यये वन्दितः ।
अभूत् । भू सत्तायाम् इति धातोः लुङि प्रथमपुरुषैकवचने । "गातिस्थाघुपाभूभ्यः सिचः परस्मैपदेषु" (पाणिनिः २।४।७७) इति सिचः लुक् ।

[हेमराजको कृपाले सोमनाथ रानीपोखरी संस्कृतपाठशालाका प्रधानाध्यापक हुनुभयो । साहित्य, दर्शन, धर्मशास्त्रमा सोमनाथको पाण्डित्य प्रसिद्ध भयो । शासकहरूसँग सोमनाथको राम्रो परिचय भयो । धेरै शिष्यहरू सोमनाथलाई ढोग्न लागे । सोमनाथलाई पण्डितहरू पनि संमान गर्न लागे ।]

पाठशालाका प्रधानाध्यापक वैयाकरण विष्णुहरि रिमालको मृत्यु भएपछि सो पदको लागि जीवनाथ नेपाल र सोमनाथ सिग्द्याल दुइजना खडा भए । वैयाकरण जीवनाथको नोकरी बढ्ता भएकोले र मणिकुलको सहायता पनि भएकोले उनको कुरा श्री ३ चन्द्रकहाँ पुग्यो । आचार्य परीक्षामा उत्तीर्ण भएकाले र शिक्षाध्यक्ष हेमराजका हजुरिया पनि भएकाले सोमनाथको कुरा पनि श्री ३ चन्द्रमा पुग्यो । जोडकातोड भयो । (बटुबाबूले "वह तो पीछे भी हो सकते हैं" भनी जीवनाथको पक्ष लिए ।) गुरुज्यूको बलले सोमनाथकै पक्ष श्री ३ चन्द्रको मनमा चढ्यो ।(हेडपण्डित हुनेको मुखबाट म भारत सुन्छु भन्ने भयो । मैले महाराजलाई भारत सुनाएँ ।) यसपछि वि. सं. १९७२ मा सोमनाथ प्रधानाध्यापक भए + । यो भावको कुरा मैले मेरा मातामह र देवीदत्त गुरुहरूबाट सुनेको हुँ ।

एउटा भीम वेदान्ती रहिछन्; सोमनाथले उनलाई वेदान्त सिकाए; बटुबाबूले दोभासेको काम गरे; कलेज (त्रिचन्द्रकलेज) खुलेपछि सोमनाथले त्यहाँ पनि पढाए; त्यहाँ पढाएबापत उनले महीनाको ५। रु. भत्ता पाए भनी मेरा मातामह भन्नुहुन्थ्यो । यी भावका कुरा मैले अरूका मुखबाट पनि सुनेको छु ।

भूरीञ् शिष्यान् विविधविषयान् पाठयल्ँ लब्धकीर्ति–
राचार्याणामपि गुरुरभूत् सोमनाथो मनीषी ।
संमानार्थां विविधपदवीः शासकानुग्रहेण
सोमः प्राप्नोत् स सुचिरमभूदग्रणीः पण्डितानाम् ।।९।।

भूरीन् शिष्यान् विविधविषयान् पाठयन् । "गतिबुद्धिप्रत्यवसानार्थशब्दकर्माकर्मकाणामणि कर्ता स णौ" (पाणिनिः १।४।५२) "शब्दकर्मणाम्– अधीते माणवको वेदम् । अध्यापयति माणवकं वेदम् । पठति माणवको वेदम् । पाठयति माणवकं वेदम् ।" (काशिका) । एवं शिष्याः विविधविषयान् पठन्ति । सः शिष्यान् विविधविषयान् पाठयति । ण्यन्तात् पठ्धातोः विहितस्य लटः स्थाने शत्रादेशे पाठयन् ।
लब्धा कीर्तिः येन सः लब्धकीर्तिः ।
मनीषी = विद्वान् ।

+ यहाँ कोष्ठभित्रका वाक्य श्रीगुरु सोमनाथको मुखबाट मैले सुनेको हुँ ।

विद्वान् विपश्चिद् दोषज्ञः सन् सुधीः कोविदो बुधः ।
धीरो मनीषी ज्ञः प्राज्ञः सङ्ख्यावान् पण्डितः कविः ।।५।।
धीमान् सूरिः कृती कृष्टिर्लब्धवर्णो विचक्षणः ।
दूरदर्शी दीर्घदर्शी

(अमरः २।७)

माननीयो मनीषिणाम्... ।।११।।

(रघुवंशे प्रथमे सग)

—इति कालिदासः ।

संमानाय इमाः संमानार्थाः । "चतुर्थी तदर्थार्थबलिहितसुखरक्षितैः" (पाणिनिः २।१।३६) "अर्थेन नित्यसमासवचनं सर्वलिङ्गता च वक्तव्या । ब्राह्मणार्थं पयः, ब्राह्मणार्था यवागूः" (काशिका) एवं संमानार्थाः । प्राप्नोत् = अलभत । प्रपूर्वस्य आप्लृ व्याप्तौ इति धातोः लङि प्रथमपुरुषैकवचने ।

अग्रणीः = श्रेष्ठः । "सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप्" (पाणिनिः ३।२।६१) इति क्विप् प्रत्ययः ।

अप्यग्रणीर्मन्त्रकृतामृषीणां कुशाग्रबुद्धे कुशली गुरुस्ते... ।।४।।

(रघुवंशे पञ्चमे सग)

—इति कालिदासः ।

[सोमनाथ धेरै विद्यार्थीहरूलाई विभिन्न विषय पढाउनुहुन्थ्यो । विद्वान् सोमनाथका धेरै विद्यार्थीहरू आचार्य परीक्षामा उत्तीर्ण भए । शासकहरूको कृपाले सोमनाथले धेरै पदवीहरू पाउनुभयो । सोमनाथ धेरै कालसम्म श्रेष्ठ पण्डित भई रहनुभयो ।]

सोमनाथ गुरुका शिष्यहरूमा साहित्याचार्य, वेदान्ताचार्य, सर्वदर्शनाचार्य, धर्मशास्त्राचार्य, साङ्ख्ययोगाचार्यहरू प्रसिद्ध विद्वान् हुनुहुन्छ ।

हाम्रो यहाँका पण्डितहरूको योग्यता लम्बरी दक्षिणाबाट नापिन्थ्यो । लम्बरी हुन नसकेका पण्डितहरू सामान्य पण्डित कहलाउँथे । जसको लम्बरी दक्षिणा धेरै भयो, उही ठूला पण्डित कहलाउँथे । न्यायवैशेषिकमा उपाध्याय र काव्यमा तीर्थ भएका सोमनाथले ४। रु. लम्बरी दक्षिणा पाए । आचार्य परीक्षामा उत्तीर्ण भएकालाई ३। रु. लम्बरी दक्षिणा दिने चलन थियो । कुलचन्द्र गोतामे (गौतम) साहित्यको आचार्यपरीक्षामा प्रथमश्रेणीमा उत्तीर्ण भई साहित्याचार्य भएका थिए । गुरुज्यू हेमराजले कुलचन्द्रलाई ३।५० रु. दक्षिणा पाउने लम्बरी पण्डित बनाउने कुरा गरे । सोमनाथभन्दा म कम होइनँ भनी कुलचन्द्रले त्यो स्वीकार गरेनन् । त्यसपछि कुलचन्द्रले हेमराजका प्रतिद्वन्द्वी मणिहरूसँग सम्बन्ध जोडे ★ ।

---

★ विद्याविद्योतितस्वान्तः सौजन्यातिशयाश्रयः ।।१७।।
गुणानुरागिणा राज्ञा पदमुच्चैरवापितः ।

धर्मका विषयमा र नियामा रैतिमाथि करुणा गरनामा ।
कोहि जन्मन गएन कसैको पुत्र चन्द्रसमसेर सरीको ।।४५।।

इत्यादि कविता भएको अलङ्कारचन्द्रोदय लेखी कुलचन्द्रले प्रकाश गराए। कुलचन्द्रको लम्बरी दक्षिणा ४।५० रु. भयो। दैवसंयोग यसै ताकातिर मकैपर्व उठ्यो र सोमनाथलाई ५०। रु. जरीमाना भयो। सोमनाथले एक थोकमा आचार्य हुनेको ९ मोहर हुने, मेरो दुइ थोक छ, मेरो भने ४। रुपियाँ हुने भनी हेमराजसँग फिराद गरे। हेमराजले अहिले त हुँदैन, मौका पारी तिमीलाई गराइदिउँला भनी भने। पछि भीमशमशेरको राज्याभिषेकमा सोमनाथको ५। रु. लम्बरी दक्षिणा भयो। यो भावको कुरा मेरा मातामहले मलाई भन्नुभएको हो। देवीदत्त गुरुको मुखबाट पनि यस विषयका अलिकता कुरा मैले सुनेको हुँ।

सिद्धान्तकौमुदी पढाई धेरै विद्यार्थीलाई मध्यमपरीक्षामा उत्तीर्ण गराएकाले पं. दधिराम पौडेल र श्रीगुरु पं. टेकनाथ पौडेलको ३। रु. बाट ४। रु. लम्बरी दक्षिणा भयो। श्रीगुरु पं. देवीदत्त पराजुलीले मैले पनि साहित्य पढाएको छु; मेरा विद्यार्थी पनि उत्तीर्ण भएका छन्; म ३। रु. खाई बस्ने होइन; मेरो पनि ४। रु. हुनुपर्छ; हुनत कुलचन्द्र मेरा साथी हुन्; कुलचन्द्रभन्दा म कम होइन भनी खुट्टा दुख्यो भन्ने बहाना गरी दरबारमा दक्षिणा लिन जान छोडिदिनुभयो। केही वर्ष यही स्थिति रह्यो। कम्याण्डरइनचीफ पद्मशमशेरकहाँ यो कुरा जाहेर भएछ र श्री ३ महाराज जुद्धशमशेरले राज्य छोडी जाने वर्ष (वि. सं. २००२)मा पद्मशमशेरको प्रयत्नबाट पजनीकै दिन देवीदत्त गुरुको ४। रु. लम्बरी दक्षिणा भयो। हामीहरू विशालनगरदरबारभित्रको बाटोमा लहरै उभिइरहेका थियौँ। क. इ. पद्मशमशेर बाहिरबाट मोटरमा आउनुभयो र त्यहीँ ओर्लनुभयो। हामीले रुपियाँ राखी दर्शन गर्‍यौँ। देवीदत्त गुरुको मुख हेरी पराजुली पण्डित चित्त बुझेन त, दधिराम पण्डितको सरह भएन त भनी पद्मशमशेरले भन्नुभयो। देवीदत्त गुरुले हात जोडी कृतज्ञता बिन्ती गर्नुभयो। सोमनाथ गुरुको

---

दीक्षितः श्रीराममणिर्ग्रन्थौ वीक्षितवान् मम ।।१८।।
श्रेयःसमाहितमतेर्विद्वद्वृन्दकृतस्तुतेः ।
अनुरुन्धन् वचस्तस्य ग्रन्थद्वन्द्वममुद्रयम् ।।१९।।

(कुलचन्द्र गौतमको भागवतमञ्जरीको भूमिकाका २–३ पृष्ठबाट)

[गुण चिन्ने राजाले ठूलो पदमा राखिएका, विद्याले मन उज्यालो पारेका, सौजन्यशाली राममणि दीक्षितज्यूले मेरा दुइटा ग्रन्थ हेर्नुभयो। कल्याणकारी काममा लागेका, विद्वान्हरूले स्तुति गरिएका श्रीराममणिको आज्ञानुसार मैले यी दुइ ग्रन्थ छपाएँ।]

कुलचन्द्रका ग्रन्थ काव्यका दृष्टिबाट उत्तमकोटिका छन्। विदेशका विद्वान्हरूले पनि कुलचन्द्रका संस्कृत कवितालाई प्रशंसा गरेका छन्। यो विषयमा अर्कै निबन्धमा लखिनेछ।

मुख हेरी पराजुली पण्डित बेस हुनुहुन्छ भनी पद्मशमशेरले भन्नुभयो । सोमनाथ गुरुले उमेरमा त उहाँ सबभन्दा बढ्ता हुनुहुन्छ भनी भन्नुभयो । पद्मशमशेरले हामीले पढेका छैनौँ; जुन पण्डितको कपाल फुल्यो, उसैलाई हामी विद्वान् भन्छौँ भनी भन्नुभयो ।

पण्डितवर पद्मप्रसाद भट्टराई काशीमै बस्नुभएको हुनाले उहाँको लम्बरी दक्षिणा थिएन । पछि प्रजातन्त्रकालमा (साल अहिले मलाई याद भएन ।) पद्मप्रसादज्यूको सोमनाथ गुरुसरह नै ५। रु. लम्बरी दक्षिणा भयो । सो दिन राजदरबारमा केही उत्सव थियो । सो दिन सोमनाथ गुरु बडो गम्भीर मुद्रामा हुनुहुन्थ्यो ।

श्री ३ जुद्धबाट श्रीगुरु सोमनाथलाई तिमी के माग्छौ भनी सोधनी भएछ । सोमनाथ गुरुले म विचार गरेर बिन्ती चढाउँला भनेर भन्नुभएछ । यो कुरा श्रीगुरुले माहिला गुरुज्यूसँग गर्नुभएछ । हेडमास्टरले गोरखादक्षिणबाहु पाएका छन्, तिमी पनि त्यही माग भनी गुरुज्यूले भन्नुभएछ । यसो भई श्रीगुरु सोमनाथले गोरखादक्षिणबाहु पाउनुभयो । यो कुरा मलाई माधव भट्टराई (रा. पु.)ले भन्नुभएको हो । यो कुरामा कति सत्यता छ, म भन्न सक्तिनँ । जे भए पनि जुद्धशमशेरको पालामा सोमनाथ गुरुले गोरखादक्षिणबाहु पाउनुभएको हो । बीचबीचमा गोरखादक्षिणबाहु यस पदवीमा केही श्रेणीवृद्धि भएको थियो ।

श्री ५ महेन्द्रबाट श्रीगुरु सोमनाथले वि. सं. २०१६ मा पण्डितराजपदवी पाउनुभएको हो ।

श्री ५ महेन्द्रबाट भएको कोटिहोममा सोमनाथ गुरु आचार्य हुनुभयो । "अधिकारी सत्याल पाँडे यिनलाई पुगे अरूलाई बाँडे" यो उक्ति पं. गङ्गादत्त गोतामे बराबर भन्थे भनी मेरा मातामह भन्नुहुन्थ्यो । यो उक्ति मैले अरूका मुखबाट पनि सुनेको छु । यस कोटिहोमका आचार्य सोमनाथ सिग्द्याल अधिकारी थरका, सत्याल थरका, पाँडे थरका पनि नहुनुभएकोले गङ्गादत्त गोतामे बाँच्नुभएको भए त्यस वेला आफ्नो उक्तिमा उहाँले संशोधन गर्नुहुँदो हो ।

राणाराज्ये भजति विपुलं हेमराजेऽधिकारं
भक्तिं तन्वन् सहचरदशामाश्रयत् सोमनाथः ।
राणावंशे च्युतनृपपदेऽपि स्वभक्तिं दधानं
निस्तेजस्कं निजपरिवृढं हेमराजं स औज्झीत् ॥१०॥

हेमराजे अधिकारं भजति । "यस्य च भावेन भावलक्षणम्" (पाणिनिः २।३।३७) इति सप्तमी । सहचरदशाम् =सहचारित्वम् । सह चरति इति सहचरः । "नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः" (पाणिनिः ३।१।१३४) इति पचादित्वाद् अच् प्रत्ययः ।

दशाऽवस्थानेकविधापि ... ॥२१५॥
(अमरः ३।३)

आश्रयत् । आङ्पूर्वस्य श्रिञ् सेवायाम् इति धातोः लङि प्रथमपुरुषैकवचने ।
च्युतनृपपदे = भ्रष्टराज्याधिकारे ।
च्युतम् = भ्रष्टम् । च्युङ् गतौ इति धातोः "गत्यर्थाकर्मकश्लिषशीङ्स्थासवसजनरुहजीर्यतिभ्यश्च" (पाणिनिः ३।४।७२) इति कर्त्रर्थे क्तप्रत्ययः ।
नृपाणां पदं नृपपदम् ।

पदं व्यवसितत्राणस्थानलक्ष्माङ्घ्रिवस्तुषु ... ।।९३।।

(अमरः ३।३)

दधानम् = धारयन्तम् । डुधाञ् धारणपोषणयोः इति धातोः विहितस्य लटः स्थाने शानच् आदेशः ।
निस्तेजस्कम् = निस्तेजसम् । "शेषाद् विभाषा" (पाणिनिः ५।४।१५४) इति विकल्पेन समासान्तः कप् प्रत्ययः । "सोऽपदादौ" (पाणिनिः ८।३।३८) "सकार आदेशो भवति विसर्जनीयस्य कुप्वोरपदाद्योः परतः पाशकल्पककाम्येषु । पयस्पाशम् । पयस्कल्पम् । पयस्कम् । पयस्काम्यति" । (काशिका) इति सकारः ।

दारिद्र्याद् ह्रियमेति ह्रीपरिगतः प्रभ्रश्यते तेजसो
निस्तेजाः परिभूयते परिभवाद् निर्वेदमापद्यते ... ।।१४।।

(मृच्छकटिके प्रथमे अङ्के)

–इति शूद्रकः ।

निजपरिवृढम् = स्वप्रभुम् । "प्रभौ परिवृढः" (पाणिनिः ७।२।२१) इति परिवृढशब्दस्य निपातः ।

... स्वामी त्वीश्वरः पतिरीशिता ।।१०।।
अधिभूर्नायको नेता प्रभुः परिवृढोऽधिपः ।

(अमरः ३।१)

औज्झीत् । उज्झ उत्सर्गे इति धातोः लुङि प्रथमपुरुषैकवचने ।

[राणाशासनमा हेमराजको हातमा ठूलो अधिकार थियो । त्यस वेला हेमराजको हजुरिया पण्डितको रूपमा सोमनाथ भक्तिपूर्वक रहनुभएको थियो । राणाशासन गएपछि पनि हेमराजले राणावंशप्रतिको आफ्नो भक्तिभाव छोड्नुभएन, त्यस कारण प्रजातन्त्रकालमा हेमराजको हातमा केही अधिकार रहेन । यसपछि सोमनाथले आफ्ना मालिक हेमराजलाई छोड्नुभयो ।]

वि. सं. १९८० को हिउँदमा नारायणहिटी राजदरबारमा श्री ५ कान्छा मुमा रानीसाहेब (श्री ५ पृथ्वीवीरविक्रम शाहदेवकी कान्छी रानीसाहेब) बाट सप्ताह लाएको थियो । गुरुज्यू हेमराज वाचक हुनुहुन्थ्यो । पं. हरिनाथ प्याकुरेल, पण्डितवर सोमनाथ सिग्द्याल, पं. दामोदर भट्टराई र मेरा मातामह ४ जना उपवाचक हुनुहुन्थ्यो । सप्ताह सिद्धिने दिन मातामह कहिले आउनुहोला भनी म महाबौद्ध गणेशस्थानमा गएर बसिराखेको थिएँ । नयाँ लुगा लाई मातामह आउनुभयो । म सँगसँगै आएँ । मातामहले मसँग केही पनि बोल्नुभएन । घरमा धेरै वेर बिश्राम लिएपछि गुरुज्यू मसँग रिसाए भनी मातामहले भन्नुभयो । त्यस वेला मेरो उमेर १० वर्षको थियो । मैले विशेष कुरा बुझिनँ । पछि

मामासँग गुरुज्यू मसँग रिसाए भनी मातामहले भन्नुभयो । मामाले किन भन्दा भागवत पाठ गर्दा ठाउँठाउँमा गुरुज्यूको दोष मैले पक्रें, एक ठाउँमा त गुरुज्यूले शुद्धै हो भन्दा मैले अशुद्धै हो भनी भनें । यसबाट गुरुज्यू मसँग रिसाए । अरू उपवाचकले के गरे त भनी मामाले सोद्धा अरूले अँ अँ गरी टारिदिए भनी मातामहले भन्नुभयो ।

यो घटना भएको केही दिनपछि पुरोहित शिवराजकहाँबाट सिंहदरबारमा श्री ३ महाराज चन्द्रशमशेरबाट हुने नित्य गोदानको टिकट मातामहकहाँ आयो । एघाह्र मोहरको सो गोदान लिई फर्केपछि मातामहले त्यहाँको वर्णन मलाई सुनाउनुभयो । महाराज चन्द्रशमशेर धोती लाएर पूजाकोठामा आई आफैं सङ्कल्प पढी गोदान गर्नुहुँदो रहेछ भन्ने कुरा त्यस दिन मैले थाहा पाएँ । शिवराज पुरोहितका माहिला गुरुज्यू र माहिला पण्डित (काशीनाथ आ. दी.) विरोधी छन्; किनभने दरबारका जम्मै दान यिनीहरूले अँठचाएका छन्; नित्य गोदान आदि सानातिना दान मात्र राजा (चन्द्रशमशेर) ले शिवराज पुरोहितलाई छोडिदिएका छन्; कहिलेकहीं पाठशालाका जम्मै पण्डितलाई पालैसँग नित्य गोदानको टिकट शिवराज पुरोहित पठाइदिन्थे; मलाई र सोमनाथलाई माहिला गुरुज्यूका मान्छे भनेर दिँदैनथे; अहिले नारायणहिटीमा सप्ताहमा गुरुज्यू मसँग रिसाएको थाहा पाएर यो टिकट मलाई शिवराज पुरोहितले पठाइदिएका हुन् भनी मातामहले भन्नुभयो ।

यसपछि हेमराजज्यूले मातामहसँग अप्रसन्नता देखाउनुभयो वा भएन, सो कुरो मैले थाहा पाइनँ। गुरुज्यूले आफ्नी गृहिणी (केसरिराजकी आमा) लाई हिसाब पढाउन लाउने काम नछुटाउनुभएको र पञ्चाङ्गसंशोधन आदि काम पनि साबिकबमोजिम मेरा मातामहलाई लाइरहनु-भएकोले गुरुज्यूको विवेकले क्रोधलाई जितेछ भन्ने मलाई लाग्छ ।

मेरा मातामहको स्वभाव अरूको अर्घेलो सहन नसक्ने थियो । बाहिर भएका घटनाको वर्णन उहाँ मसँग प्रायः गर्नुहुन्थ्यो । एकदिन उहाँले बाहिरबाट आएर मसँग भन्नुभयो–आज सोमनाथ पण्डित मसँग रिसाए । मैले किन भनी सोद्धा आज दरबारमा श्राद्धको भागवतपाठमा हामीले पाठ सिद्धचाइसकेपछि सोमनाथ आए; त्यस वेला श्राद्ध पनि सिद्धिइसकेको थियो; लौ पण्डितजी श्राद्ध सिद्धियो; अब भागवतलाई ढोगिदिनुहोस् भनी मैले भनें; सोमनाथले रिसाएर यो कुरा जाहेर भइ-सकेको छ भनेर भने; सिंहदरबारको श्राद्ध सिद्धचाई गुरुज्यूसँगै उनी आएका रहेछन् भनेर मातामहले भन्नुभयो । यो कुरा हुँदा मेरो उमेर १४, १५ वर्षको थियो ।

सोमनाथ गुरुको लघुचन्द्रिकाको प्रथम संस्करण वि. सं. १९९१ मा प्रकाशित भएको हो । त्यसको भूमिकामा

...श्रीमान् मान्यवर प्रसिद्ध–प्रबल–गोरखादक्षिणबाहु गुरुराज हेमराज पण्डितज्यू सी. आइ. ई. का आज्ञानुसार पहिले जान्नुपर्ने जति विषय लिएर चन्द्रिका, मध्यचन्द्रिकाको सारांशरूपले यो संक्षिप्त व्याकरण लेखिएको छ .......

१९९१ पौष

सोमनाथ गुरुको संस्कृतचन्द्रिकाको प्रथम संस्करण वि. सं. १९९२ मा प्रकाशित भएको हो ।

त्यसमा

यो पुस्तक पुष्पाञ्जलि श्रीमान् सकलशास्त्रसम्पन्न प्रदीप्त–मान्यवर प्रसिद्ध–प्रबल–गोरखा-दक्षिणबाहु विद्वच्छिरोमणि गुरुराज हेमराज पण्डितज्यू सी. आई. ई. का करकमलमा सादर समर्पण गर्ने विनीत लेखक

(सं. १९९२)

भूमिका

... ...यसको रचनामा श्रीमान् प्रदीप्त मान्यवर प्रसिद्ध-प्रबल–गोरखादक्षिणबाहु विद्वच्छिरोमणि गुरुराज हेमराज पण्डितज्यू सी. आई. ई. बाट बखत बखतमा प्रकाश गरिबक्सेका शिक्षाप्रणाली-विषयक असाधारण विचार र प्रोत्साहन आदिद्वारा विशेष सहायताको सौभाग्य पाएको हुनाले श्रीमान्‌बाट बहुतै अनुगृहीत छु ... ... ... ...

सोममाथ गुरुको अनुवादचन्द्रिकाको प्रथम संस्करण वि. सं. १९९२ मा प्रकाशित भएको हो ।

त्यसमा

समर्पण

श्रीपशुपतिनाथको पादपीठ र श्री ३ महाराजको संस्कृतविद्याउपर असाधारण प्रेमलाई आफ्नो विद्यामय जीवनले उज्ज्वल गराइबक्सने सकलशास्त्रसम्पन्न श्रीमान् प्रदीप्त–मान्यवर प्रसिद्ध-प्रबल-गोरखादक्षिणबाहु विद्वच्छिरोमणि गुरुराज हेमराज पण्डितज्यू सी-आइ-ई-बाट चिरसञ्चित पुण्यफलस्वरूप प्रियपुत्र मेधावी बालक श्रीगुरुराज केसरिराज पण्डितज्यूलाई असाधारण शिक्षाप्रणाली-द्वारा आठै वर्षको अवस्थामा अनायाससंग विद्वत्परिवार शुहाउंदो संस्कृतसम्भाषणमा कुशल गराइबक्सेको देख्न पाउंदा अन्तःकरणदेखि आह्लादित भई उहां बालक गुरुराजको शिक्षामा थोडबहुत सहायता र उहांको प्रसादरूपले अरु संस्कृत पढ्ने छात्रहरूलाई पनि केही उपयोग हुन गए कृतकृत्य हुंदो हुं भन्ने उद्देश्यले अल्पबुद्धिअनुसार ग्रथन गरेको यो अनुवादचन्द्रिका ४ प्रकाशात्मक पुस्तकका रूपमा सहर्ष भक्तिपूर्वक श्रीमान्‌का करकमलमा पुष्पाञ्जलि समर्पण गर्दछु.

(सं. १९९२) विनीत–लेखक

भूमिका

··· यसको रचनामा श्रीमान् प्रदीप्तमान्यवर प्रसिद्ध–प्रबलगोरखादक्षिण–बाहु विद्वच्छिरोमणि गुरुराज हेमराज पण्डितज्यू सी. आइ. ई. बाट शिक्षाक्रमका उपर आफ्नो गहीरो अनुभवको प्रकाशन प्रोत्साहन सहायताको अनुग्रह बक्सेको हुनाले विशेष सौभाग्य संझेको छु ···

सोमनाथ गुरुको आदर्शराघवको प्रथम संस्करण वि. सं. २००५ मा प्रकाशित भएको हो ।

त्यसमा

लेखकको निवेदन

... श्रीयुत सुप्रसिद्ध–प्रबल–गोरखा–दक्षिणबाहु, प्रदीप्त–मान्यवर, (नायब) बडागुरुज्यू हेमराज पण्डितज्यूबाट यो लघु ग्रन्थमाथि पवित्र दृष्टि बक्सेर, बहुमूल्य प्रस्तावना–लेखले अलङ्कृत गराई, प्रोत्साहनसाथ प्रकाशनमा गरिबक्सेको अनुग्रहको कृतज्ञता यो जड लेखनीद्वारा यथार्थ प्रकाश गर्न असमर्थ भई अतिशय नम्रतासाथ केवल शतशः हार्दिक धन्यवाद समर्पण गर्दछु ।

विनीत–

सोमनाथ शर्मा

(मदनपुरस्कारपुस्तकालयका पुस्तकबाट यी उद्धरण झिकिएका हुन् ।)

शिवराज पुरोहितले मेरा मातामहलाई र सोमनाथ गुरुलाई माहिला गुरुज्यूका मान्छे भनेर सम्झे झैं नवग्रहस्तोत्रका रचयिताले सोमनाथ गुरुलाई र मलाई माहिला गुरुज्यूका नोकर★ भन्ने पदवी दिएका छन् । यो कुरा २ परिशिष्टमा छापिएको नवग्रहस्तोत्रबाट स्पष्ट हुन्छ ।

हेमराजज्यू हामीहरूसँग राजनीतिविषयका कुरा गर्नुहुँदैनथ्यो । तात्कालिक राजनीतिको विषयमा त गुरुज्यूले एक अक्षर बोलेको पनि मैले सुनेको छैन भने पनि हुन्छ । उद्वेगवश फ्वाट्ट मुखबाट तात्कालिक राजनीतिको कुरा निस्क्यो भने पनि तत्कालै सावधान भई हेमराजज्यू अर्कोतिर कुरा मोडिहाल्नुहुन्थ्यो । इतिहासविषयको चर्चा हुँदा राजनीतिविषयको चर्चा पनि प्रसङ्गवश आउँछ । त्यसबाट केही कुरा बुझिन्छ । हेमराजज्यूको विचारमा श्री ५ पृथ्वीनारायण शाह आदर्श राजा; राजकुमार बहादुर शाह, श्री ३ जङ्गबहादुर, श्री ३ चन्द्रशमशेर आदर्श शासक थिए । अघिल्ला ३ जना त उहाँको लेखा पनि इतिहासै थिए । श्री ३ चन्द्रको शासनभर उनको निकटतम सम्पर्कमा हेमराज रहनुभएकोले चन्द्रशमशेरका धेरै कुरा हेमराजलाई थाहा थिए । गुरुज्यू हेमराज प्रसङ्ग पर्दा सधैँ चन्द्रशमशेरको प्रशंसा गर्नुहुन्थ्यो । एकदिन प्रसङ्गवश खोपासीको शिवदेव अंशुवर्माको अभिलेखको अर्थ गर्दा चन्द्रशमशेर महाराजमा बढ्ता लोभ थियो भन्ने वाक्य हेमराजको मुखबाट निस्केको थियो । (यो प्रसङ्गलाई अन्त म लेख्नेछु ।) मैले अनुभव गरेअनुसार हेमराजको श्री ३ चन्द्रप्रतिको

---

★गुरुज्यू हेमराजका जेठा छोरा केसरिराजलाई मैले ६ महीना जति हिसाब पढाएको छु । सो पढाएबापत प्रतिमहीना २५। रु. म पाउँथें । एकपल्ट हेमराजले पुस्तक किन भनी मलाई भा. रु.१००। दिनुभएको थियो । आफ्ना बाबुको श्राद्धमा पाठशालाका पण्डितहरूलाई बोलाई हेमराजज्यू दक्षिणा दिनुहुन्थ्यो । टीका तथा आफ्नो जन्मोत्सवमा पनि हेमराज दक्षिणा दिनुहुन्थ्यो । हेमराजज्यूको घरबाट मैले गरेको अर्थलाभ यही हो । गुरुज्यू बाजेको कोठामा दिनभरि बसी काम गर्दा १, २ वटा सुन्तला प्रायः पाइन्थ्यो । गुरुज्यूसँग बसी काम गरेबापत आफ्नो ज्ञान बढाउने मौका भने मलाई प्रशस्त मिलेको थियो । ऐतिहासिकशिरोमणिज्यू र हेमराजज्यूको विद्याप्रेम प्रायः एकैनासको थियो जस्तो मैले अनुभव गरेको छु । यस विषयमा तुलना गरी पछि लेख्ने मेरो विचार छ ।

भक्ति अकृत्रिम थियो । प्रजातन्त्रकालमा पनि गुरुज्यूले चन्द्रशमशेरको भक्ति छोड्नुभएको थिएन । यो कुरा उहाँको वाक्यबाट बुझिन्थ्यो । यही राणाभक्तिले(*) प्रजातन्त्रकालमा हेमराजको अवनति गरायो । वि. सं. २००७ सम्म हेमराजका दाहिना हात सोमनाथ गुरु हुनुहुन्थ्यो । प्रजातन्त्रकालमा गुरुज्यूको कोठामा सोमनाथ गुरुको दर्शन मैले कहिले पाइनँ । वि. सं. २००९ तिर गुरुज्यूले मसँग प्रसङ्गवश भन्नुभएको थियो– मलाई मेरो जीवनमा यस्तो फुर्सद कहिले भएको थिएन । आजभोली म एक्लै छु । सोमनाथ पनि मकहाँ आउँदैनन् । त्यस वेला गुरुज्यूले आफ्नो जीवनलाई विद्याको धारातिर बढ्ता मोड्ने प्रयत्न गर्नुभएको मैले अनुभव गरेँ । एकदिन गुरुज्यूले मसँग भन्नुभयो–नेपालको इतिहास लेख । तिम्रो नाम रहन्छ । म सहायता गर्छु । मैले काम गर्ने सहायक पाए सजिलो हुन्थ्यो भनी भनेँ । पख त भनी गुरुज्यूले भन्नुभयो । कुरा त्यसै रह्यो ।

पोहर मात्र सोमनाथ गुरुले प्रसङ्गवश मसँग भन्नुभएको थियो– गुरुज्यूलाई राणाको अन्धभक्तिले बिगार्‍यो । पछि मेरो पनि आवतजावत छुट्यो । अन्तिम समयमा काशी जानुअगाडि गुरुज्यू मकहाँ आएका रहेछन् । म बाहिर गएको थिएँ । म आएको थिएँ भनी भनिदिनू भनी गुरुज्यू गएछन् । पर्सिपल्ट म गुरुज्यूकहाँ गएँ । गुरुज्यू त अघिल्लै दिन काशी हिँडिसकेछन् ।

मध्यचन्द्रिकाहरूका प्रजातन्त्रकालमा प्रकाशित भएका संस्करणहरूमा गुरुज्यूको प्रशंसा झिकिएको छ । आदर्शराघवको पछिका संस्करणबाट पनि गुरुज्यूको प्रस्तावना तथा प्रशंसा झिकिएको छ ।

प्राचार्योऽभूद् महति सुरगीःपाठगेहे स विद्वान्
हित्वा पाठाधिकृतिमभजत् प्राज्ञतां ग्रन्थकृत् सः ।
श्रेष्ठः प्राज्ञोऽपि स विधिवशात् प्राज्ञताया अपप्तद्
अन्ते सोऽभूत् कतिचन समाः कार्यभाराद् विमुक्तः ।।११।।

---

(*) सातसालपछि केही राणाहरूले सभामा गई म विभीषण हुँ भनी आफ्नो गौरव बढाएको सुनिएथ्यो । त्यसबाट राणाकालमा जस्तै प्रजातन्त्रकालमा पनि उनीहरूले अधिकार पाएथे । हेमराजजी विभीषण बन्नु असल सम्झनुहुँदैनथ्यो भन्ने कुरा सोमनाथ गुरुको आदर्शराघवको प्रथम संस्करणमा छापिएको गुरुज्यू हेमराजको प्रस्तावनाका तलका वाक्यबाट बुझिन्छ–

···रावण गृहस्थ र गृहस्थकै राजा भई सर्वसम्पन्न पनि थियो तापनि आफ्नो अधिकारलाई उसले पापकर्मतिर लगायो । रावण कामान्ध, भाई कुम्भकर्ण ६ महिनासम्म सुतेर समय खेर फाल्ने मोहान्ध थियो । विभीषणलाई धेरैले धर्मात्मा सम्झेका छन् तापनि आफ्नो कुल र जातिको दृष्टिले उनी पनि स्वार्थान्धै थिए । 'घरको भेदिया भई लङ्का दाह गर्ने' भन्ने उखानबमोजीम विभीषणैले घरको भेद बताएर रावणको मृत्यु भयो । यसबाट जसको कुलमा यस्ता बान्धव हुन्छन्, नोकरचाकर हुन्छन्, त्यस कुलको त्यस देशको नाश हुनामा बेर लाग्दैन भन्ने शिक्षा यसबाट पाइन्छ ।...

प्राचार्यः = प्रधानाचार्यः ।

सुरगीः = देववाणी संस्कृतभाषा ।

अमरा निर्जरा देवास्त्रिदशा विबुधाः सुराः... ॥७॥

(अमरः १।१)

ब्राह्मी तु भारती भाषा गीर्वाग् वाणी सरस्वती ... ॥१॥

(अमरः १।६)

महति सुरगीःपाठगेहे = राजकीये संस्कृतमहाविद्यालये ।

हित्वा = त्यक्त्वा । ओहाक् त्यागे इति धातोः "समानकर्तृकयोः पूर्वकाले" (पाणिनिः ३।४।२१) इति क्त्वाप्रत्ययः । "जहातेश्च क्त्वि" (पाणिनिः ७।४।४३) इति हास्थाने हि आदेशः ।

पाठाधिकृतिम् = महाविद्यालयस्य प्रधानाचार्यताम् ।

अभजत् । भज सेवायाम् इति धातोः लङि प्रथमपुरुषैकवचने ।

प्राज्ञताम् = राजकीयप्रज्ञाप्रतिष्ठानस्य सदस्यताम् ।

ग्रन्थकृत् = ग्रन्थकारः । "सुकर्मपापमन्त्रपुण्येषु कृञः" (पाणिनिः ३।२।८९) "स्वादिषु कर्मसूपपदेषु करोतेर्धातोः क्विप्प्रत्ययो भवति । सुकृत् । कर्मकृत् । पापकृत् । मन्त्रकृत् । पुण्यकृत् । धातोरनियतत्वादन्यस्मिन्नप्युपपदे भवति- शास्त्रकृत् । भाष्यकृत्" (काशिका) इतिवत् ग्रन्थकृत् ।

विधिवशात् = दैवात् ।

दैवं दिष्टं भागधेयं भाग्यं स्त्री नियतिर्विधिः ... ॥२८॥

(अमरः १।४)

अपप्तत् । पत्लृ गतौ इति धातोः लुङि प्रथमपुरुषैकवचने । "पुषादिद्युताद्य्लृदितः परस्मैपदेषु" (पाणिनिः ३।१।५५) इति च्लेः स्थाने अङ् आदेशः । "पतः पुम्" (पाणिनिः ७।४।१९) इति पुम् आगमः ।

सः प्राज्ञतायाः अपप्तत् । "ध्रुवमपायेऽपादानम्" (पाणिनिः १।४।२४) इति अपाये अर्थे अपादानसंज्ञा । एवम् अन्यत्र अपि ।

समाः = वत्सरान् ।

संवत्सरो वत्सरोऽब्दो हायनोऽस्त्री शरत् समाः ॥२०॥

(अमरः १।४)

[विद्वान् सोमनाथ संस्कृत-महाविद्यालय (हाल वाल्मीकि-संस्कृतमहाविद्यालय) का प्रधानाचार्य हुनुभयो । केही कालपछि संस्कृत-महाविद्यालय छोडेर ग्रन्थकार सोमनाथ नेपाल एकेडेमीका सदस्य हुनुभयो । एकेडेमीका सदस्यहरूमा सबभन्दा विद्वान् सोमनाथ हुनुहुन्थ्यो । तैपनि सोमनाथ एकेडेमीको सदस्यताबाट दैवसंयोग खिकिनुभयो । आखिरमा केही वर्ष सोमनाथले घर बस्नुपऱ्यो ।]

वि. सं. २००८ पौष ४ गते संस्कृत–महाविद्यालयको प्रारम्भ भएको र वि. सं. २००९ ज्येष्ठ ३१ गते श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवबाट विधिपूर्वक उद्घाटन भएको हो । यसका प्रिन्सिपल श्रीगुरु सोमनाथ हुनुहुन्थ्यो ।

वि. सं. २०११ चैत्र १ गते श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट सिंहासनारोहण हुँदा सोमनाथ गुरुलाई जीवनभरका लागि जागीर बक्सेको थियो ।

वि. सं. २०१४ मा संस्कृत–महाविद्यालय छोडी सोमनाथ गुरु नेपाल एकेडेमीको सदस्यतामा सर्नुभयो । एकेडेमीका भाइसचान्सलर बालचन्द्र शर्मा हुनुहुन्थ्यो ।

गोलामा परी सोमनाथ गुरुले वि. सं. २०२२ मा एकेडेमीको सदस्यपद छोड्नुपर्‍यो । एकेडेमीबाट झिकिएपछि सोमनाथ गुरुले एकेडेमीको आजीवन सदस्य पदसहित मासिक ३००। रु. पाउनुभयो ।

संस्कृत–महाविद्यालयका प्रधानाचार्यले वि. सं. २०१७ देखि राजपत्राङ्कित प्रथमश्रेणीको पद पाएको देख्दा आफूले जीवनभर पाएको सो पद छोडी आफू गएको र एकेडेमीबाट पनि आफू निस्किनुपरेकोले सोमनाथ गुरुलाई पश्चात्ताप भएको थियो ।

सोमनाथ गुरुले वि. सं. २०२४ मा राजकीय प्रज्ञाप्रतिष्ठानबाट रु. १० हजारको त्रिभुवन–पुरस्कार पाउनुभयो ।

वि. सं. २०२९ मा शाही नेपाल चलचित्रसंस्थानले सोमनाथ गुरुको वृत्तचित्र लियो ।

**बालः पुत्रो दिवमुपगतो द्वे प्रिये स्वः प्रयाते**
**निःसन्ताना चरमगृहिणी निर्धवाऽऽस्ते सुता च ।**
**इत्थं खिन्नः सुकृतनिरतो नागनागप्रमाब्दः**
**काशीं प्राप्य त्रिदिवमगमत् पण्डितः सोमनाथः ॥१२॥**

दिवम् उपगतः = स्वर्गतः । "तथायुक्तं चानीप्सितम्" (पाणिनिः १।४।५०) इति कर्मसंज्ञा । एवम् अन्यत्र अपि ।

स्वरव्ययं स्वर्गनाकत्रिदिवत्रिदशालयाः ।
सुरलोको द्योदिवौ द्वे स्त्रियां क्लीबे त्रिविष्टपम् ॥६॥
(अमरः १।१)

उप + गम् + क्त = उपगतः । "गत्यर्थाकर्मकश्लिषशीङ्स्थासवसजनरुहजीर्यतिभ्यश्च" (पाणिनिः ३।४।७२) इति गम्धातोः कर्त्रर्थे क्तप्रत्ययः । "अनुदात्तोपदेशवनतितनोत्यादीनामनुनासिकलोपो झलि क्ङिति" (पाणिनिः ६।४।३७) इति मलोपः । एवं नि + रम् + क्त = निरतः ।

चरमगृहिणी = कनिष्ठपत्नी । "पूर्वापरप्रथमचरमजघन्यसमानमध्यमध्यमवीराश्च" (पाणिनिः २।१।५८) इति तत्पुरुषसमासः ।

अन्तो जघन्यं चरममन्त्यपाश्चात्यपश्चिमाः.... ॥८१॥
(अमरः ३।१)

निर्धवा = विधवा ।

धवः प्रियः पतिर्भर्ता ... ॥३५॥
(अमरः २।६)

आस्ते = वर्तते । आस उपवेशने इति धातोः लटि प्रथमपुरुषैकवचने ।

खिद् + क्त = खिन्नः । खिद दैन्ये इति धातोः "गत्यर्थाकर्मकश्लिषशीङ्स्थासवसजनरुहजीर्यतिभ्यश्च" (पाणिनिः ३।४।७२) इति कर्त्रर्थे क्तप्रत्ययः । "एकाच उपदेशेऽनुदात्तात्" (पाणिनिः ७।२।१०)

अदिं हदिं स्कन्दिभिदिच्छिदिक्षुदीन् शदिं सदिं स्विद्यतिपद्यती खिदिम् ।
तुदिं नुदिं विद्यति विन्त इत्यपि प्रतीहि दान्तान् दश पञ्च चानिटः ॥
(काशिका)

इति इडागमनिषेधः । "रदाभ्यां निष्ठातो नः पूर्वस्य च दः" (पाणिनिः ८।२।४२) इति दकारस्य तकारस्य च स्थाने नकारौ ।

सुकृतनिरतः = धर्मपरायणः ।

स्याद् धर्ममस्त्रियां पुण्यश्रेयसी सुकृतं वृषः ॥२४॥
(अमरः १।४)

नागनागप्रमाब्दः = अष्टाशीतिवर्षः ।

काशीं प्राप्य । "कर्तरीप्सिततमं कर्म" (पाणिनिः १।४।४९) इति कर्मसंज्ञा ।

अगमत् । गम्धातोः लुङि प्रथमपुरुषैकवचने । 'पुषादिद्युताद्यॢदितः परस्मैपदेषु" (पाणिनिः ३।१।५५) इति च्लेः स्थाने अङ् आदेशः ।

[छोरो सानैमा गयो; दुइटी पत्नी पनि गइसके; कान्छीका पनि सन्तान छैनन्; छोरी विधवा छ भनी खिन्न हुनुभएका सोमनाथ धर्मकर्ममा लाग्नुभयो । अठासी वर्षको उमेरमा काशी पुगी सोमनाथ स्वर्ग जानुभयो ।]

सोमनाथ गुरुले आफ्नो सङ्ग्रहका पुस्तकहरू वाल्मीकि–संस्कृतमहाविद्यालयलाई समर्पण गर्नुभयो ।

सोमनाथ गुरुले नारायणघाट (चितौन)मा मन्दिर बनाई शिवलिङ्गस्थापना गर्नुभएको छ । त्यसको लागि श्रीगुरुले ब्याङ्कमा १५०००। रु. गूठी राख्नुभएको छ ।

वि. सं. २०२८ मा श्रीगुरु सोमनाथले पशुपतिको ठूलो पूजा, ब्राह्मणभोजन गराउनुभयो ।

सोमनाथ गुरुले अन्तिम समयमा वेद, भागवतहरूको पारायण सावधान भई सुन्नुभयो भनी प्रा. हरिनाथ ढुङ्गेल भन्नुहुन्थ्यो ।

वि. सं. २०२९ आश्विन ९ गते काठमाडौंबाट श्रीगुरु सोमनाथ काशी जानुभयो र त्यही आश्विन २८ गते शनिवार रातको साढे नौ बजे काशी रामघाटमा उहाँको स्वर्गवास भयो ।

पोहरसम्म नारायणघाटमै बस्ने र त्यहीँ देहत्याग गर्ने इच्छा श्रीगुरु सोमनाथ व्यक्त गर्नुहुन्थ्यो । यसपालि श्रीगुरुलाई काशी जाने इच्छा भयो र उहाँ काशीमै मुक्त हुनुभयो ।

वि. सं. २०२९ कार्तिक १३ गते शोक मनाउन नेपाल–उपत्यकामा आधा दिन बिदा भयो ।

स्वर्यातोऽपि स्वकृतिवपुषा भूतले वर्तमानो
जिज्ञासुभ्यो वितरतु चिरं दर्शनं सोमनाथः ।
विद्यावंशः प्रसरतु शुभः पण्डितेशस्य तस्य
तस्मै शान्ति प्रदिशतु शिवस्तद्गृहे स्ताच् शिवं च ॥१३॥

२०२९।७।६।१ आश्विनशुक्लपौर्णमास्याम्

स्वकृतिवपुषा = निजकृतग्रन्थरूपशरीरेण ।

अथ कलेवरम् ।

गात्रं वपुः संहननं शरीरं वर्ष्म विग्रहः ॥७०॥
कायो देहः क्लीबपुंसोः स्त्रियां मूर्तिस्तनुस्तनूः ।
(अमरः २।६)

वर्तमानः । वृतु वर्तने इति धातोः विहितस्य लटः स्थाने "लटः शतृशानचावप्रथमासमानाधिकरणे" (पाणिनिः ३।२।१२४) इति शानच् आदेशः । "कर्तरि शप्" (पाणिनिः ३।१।६८) इति शप् प्रत्ययः । "पुगन्तलघूपधस्य च" (पाणिनिः ७।३।८६) इति उपधायाः गुणः । "आने मुक्" (पाणिनिः ७।२।८२) इति मुक् आगमः ।

जिज्ञासुभ्यः = ज्ञातुम् इच्छद्भ्यः । "धातोः कर्मणः समानकर्तृकादिच्छायां वा" (पाणिनिः ३।१।७) इति ज्ञाधातोः सन् प्रत्ययः । "सनाशंसभिक्ष उः" (पाणिनिः ३।२।१६८) इति सन्नन्तात् ज्ञाधातोः उप्रत्ययः ।

वितरतु = ददातु । विपूर्वात् तॄ प्लवनतरणयोः इति धातोः लोटि प्रथमपुरुषैकवचने ।

त्यागो विहापितं दानमुत्सर्जनविसर्जने ।
विश्राणनं वितरणं स्पर्शनं प्रतिपादनम् ॥२९॥
प्रादेशनं निर्वपणमपवर्जनमंहतिः ।
(अमरः २।७)

विद्यावंशः = शिष्यपरम्परा । "सङ्ख्या वंश्येन" (पाणिनिः २।१।१९) "विद्यया जन्मना वा प्राणिनामेकलक्षणसन्तानो वंशः" (काशिका)

प्रसरतु = विस्तृतिं गच्छतु । प्रपूर्वस्य सृ गतौ इति धातोः लोटि प्रथमपुरुषैकवचने ।
पण्डितेशस्य = पण्डितराजस्य ।
प्रदिशतु = ददातु । प्रपूर्वस्य दिश अतिसर्जने इति धातोः लोटि प्रथमपुरुषैकवचने ।
शिवः = पशुपतिः ।

शम्भुरीशः पशुपतिः शिवः शूली महेश्वरः... ॥३२॥

(अमरः १।१)

स्तात् = अस्तु । अस भुवि इति धातोः आशिषि लोटि प्रथमपुरुषैकवचने । "तुह्योस्तातङ्ङाशिष्यन्यतरस्याम्" (पाणिनिः ७।१।३५) इति तुस्थाने विकल्पेन तातङ् आदेशः । "श्नसोरल्लोपः" (पाणिनिः ६।४।१११) इति अकारलोपः ।
शिवम् = कल्याणम् ।

श्वःश्रेयसं शिवं भद्रं कल्याणं मङ्गलं शुभम् ॥२५॥
भावुकं भविकं भव्यं कुशलं क्षेममस्त्रियाम् ।
शस्तं च

(अमरः १।४)

[स्वर्ग जानुभए तापनि आफ्ना कृतिहरूद्वारा पृथ्वीतलमा रहनुभएका सोमनाथको दर्शन जिज्ञासुहरूले धेरै कालसम्म पाइरहून् । पण्डितराज सोमनाथको विद्यावंश रात्रदिन चलोस् । सोमनाथलाई पशुपतिनाथबाट शान्ति मिलोस् । उहाँको घरमा कल्याण होस् ।]

(२ श्लोकको बाँकी टिप्पणी)

अपाठि । नाक्षराणि पठता किमपाठि प्रस्मृतः किमथवा पठितोऽपि ।
इत्थमर्थिचयसंशयदोलाखेलनं खलु चकार नकारः ॥१२१॥

(नैषधीयचरिते पञ्चमे सर्गे)

—इति श्रीहर्षः ।

(४ श्लोकको बाँकी टिप्पणी)

वीरपुस्तकालयको सूचीपत्रको शुरूमा लेखिएको

उप्रान्त घण्टाघर लायब्रेरीमा रहेका पुस्तकहरूको दस्तुरमाफिकको सूचीपत्र बनी नरहेको हुनाले सो पुस्तकालयका हाकिमहरू बदली हुदा लगत अकर्णबमोजीम बुझबुझारथ चलिआएकोमा सो लगतमा कुनै पुस्तक अङ्कपत्र ग्रन्थपत्रहरू नजाचिएको ताडपत्रको बाध भन्ने मात्र लेखिई त्यसमा रहेको ग्रन्थहरू केही नखुलेको कुनै फरक परेको कुनै हराएको छ भन्ने र अघि यहाँ आएका हरप्रसाद शास्त्रीले त्यस पुस्तकालयमा रहेका पुस्तक हेरी धेरैजसो पुस्तकको ग्रन्थ ग्रन्थकारको नाम ग्रन्थको विषय पुस्तकको नाप किसिमसमेत खोली लेखी छपाएको क्याटलागसँग पनि त्यहाँ रहेका कुनै कुनै पुस्तक नभिडने भएको छ भन्ने र साबिक हाकिम पण्डित विद्यानाथले ७१ सालमा चढाएको रिपोर्टमा पनी कुनै ग्रन्थमा एक थोकको अर्को थोक नाम

परेको कुनै लगतमा घटीबढी भएको इत्यादि लेखी जाहेर गरेमा पनी प्रायः गोस्वारा कुरा जाहेर गरेको भई पूरा कुरा त्यसबाट पनी नखुल्ने बुझबुझारथ हुदा पनी केही घटीबढी हुन गएको छ भन्ने कुरा श्री ३ महाराज दाजैज्यूका हजुरमा जाहेर भएको हुनाले सो लायब्रेरीमा रहेका पुस्तकहरूको नाम ग्रन्थ पत्र नाप किसिमसमेत खोली पुराना लगतकितापहरू र पण्डित हरप्रसाद शास्त्रीले छपाएको क्याटलागसँगसमेत भिडेनभिडेको सबै कुरा दुरुस्त खुल्ने गरी जो चाहिने मानिस खटाई दस्तुरमाफिकको लगत किताप खडा गराउनु अघिको लगतमा रुजु नभएको कुरा टिपी जाहेर गर्नु भन्ने श्री ३ महाराज दाजैज्यूबाट हुकुम बक्सेको हुनाले लेखिएबमोजीम लायब्रेरीमा रहेका पुस्तकहरूको लगतकिताप तयार गराई जाहेर गर्ने काम गर भन्ने विषयको डाइरेक्टर अफ् पब्लिक इन्स्ट्रक्सन र श्रीकुमारीचोक नेपालफाट पुस्तकखानाका हालवाला हाकिम साबिकवाला हाकिमका नाउमा समेत ७९ साल भाद्र ३ गते रोज ३ मा श्रीकम्याण्डरइनचीफबाट १ छापे पुर्जी गरीबक्सेको हुनाले सोबमोजीम श्रीडाइरेक्टर मान्यवर गुरुराज हेमराज पण्डितज्यू सी. आइ. इ. बाट खटाइबक्सेका हेडपण्डित सोमनाथ उपाध्याय पण्डित हरिनाथ उपाध्याय श्रीकुमारीचोक नेपालफाटबाट खटी आएका सुबेदार गुलाफसिंङ खडका क्षेत्री र साबिकवाला हाकिम पं. विद्यानाथ नआएका हुनाले पुस्तकखानाका हालवाला हाकिम पण्डित दीपकेश्वर उपाध्याय र श्रीडाइरेक्टरबाट थप मद्दत खटाइबक्सेका पण्डित राधानाथ पण्डित बुद्धिनाथ र पैह्लातर्फको साफी लेख्ने पण्डित खिलनाथ दोस्रा तेस्रातर्फको साफी लेख्ने पण्डित नेमिनाथहरूसमेत भई ७९ साल आश्विन १७ गतेदेखि काम शुरू गरी एकछापेको आर्डरबमोजीम पुस्तकखानाका पुस्तकहरू भरशक हेरी जांची बुझी यो लगती सूचीपत्र तयार भएको छ.

(यो उद्धरण राष्ट्रिय अभिलेखालयबाट ल्याइएको हो ।)

(५ श्लोकको बाँकी टिप्पणी)

चन्द्रिका आख्या यस्याः सा चन्द्रिकाख्या । चन्द्रिकाख्याम् =चन्द्रिकानामधेयाम ।

अथाह्वयः ॥७॥
आख्याह्वे अभिधानं च नामधेयं च नाम च ।

(अमरः १।६)

(६ श्लोकको बाँकी टिप्पणी)

"नपुंसकमनपुंसकेनैकवच्चास्यान्यतरस्याम्" (पाणिनिः १।२।६९) "नपुंसकानपुंसकमात्रकृते विशेषे अनपुंसकेन सहवचने नपुंसकं शिष्यते, एकवच्चास्य कार्यं भवति अन्यतरस्याम् । शुक्लश्च कम्बलः शुक्ला च वृहतिका शुक्लं च वस्त्रं तदिदं शुक्लम् । तानीमानि शुक्लानि" (काशिका) । एवं बुधजनमनोहारि प्रौढं काव्यम्, बुधजनमनोहारी साहित्यदीपः, बुधजनमनोहारिणी अभिनवं संस्कृतं रूपम् आप्ता भट्टेजीया कृतिः, तदिदं बुधजनमनोहारि ।

सोमनाथ गुरुले संस्कृतमा लेख्नुभएको आदर्शराघवपुष्पाञ्जलि पनि प्रौढ काव्य हो भनी प्रा. लोकनाथ ढकालले सम्झाउनुभयो ।

कतिपयान् = कांश्चन ।

वर्णैः कतिपयैरेव ग्रथितस्य स्वरैरिव ।
अनन्ता वाङ्मयस्याहो गेयस्येव विचित्रता ।।७२।।
(शिशुपालवधे द्वितीये सर्गे)
–इति माघः ।

(१३ श्लोकको बाँकी टिप्पणी)

प्रसरतु । "पाघ्राध्मास्थाम्नादाण्दृश्यर्त्तिसर्त्तिशदसदां पिबजिघ्रधमतिष्ठमनयच्छपश्यर्च्छधौशीयसीदाः" (पाणिनिः ७।३।७८) "सर्तेर्वेगितायां गतौ धावादेशमिच्छन्ति । अन्यत्र सरति, अनुसरतीत्येव भवति ।" (काशिका)

✦★✦

१ परिशिष्ट

# गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार[१]

–नयराज पन्त

### फ्रान्सका विद्वान् सिलभेन लेभीको

हे मां रक्ष शर्म भवितुमस्माकमर्हसीति पुनः पुनर्विद्यार्थिभिरभियाचितत्वाद् यो हेमराज-शर्मनामधेयं लेभे तस्मै राजगुरुपदालंकृताय विद्वद्वराय मित्रश्रेष्ठाय तत्प्रसादादर्जितं प्रकरणद्वयम् अप्रकाशितपूर्वं उपहारीक्रियते

(यहाँ समर्पणवाक्यमा लेभीले हेमराजशर्माशब्दको एक किसिमले अर्थ गरेका छन् । सो अर्थ काव्यरूपको हो । यहाँ नेपालीमा साररूप अर्थ दिइन्छ ।)

[हामीलाई रक्षा गर्नुहोस् भनी विद्यार्थीहरू वारंवार जससँग प्रार्थना गर्छन् । उहाँ ठूला विद्वान् मेरा ठूला मित्र राजगुरु हेमराज शर्मामा उहाँकै अनुग्रहबाट मैले पाएका अप्रकाशित यी दुइ ग्रन्थ चढाउँछु ।]

---

१ हेमराजजीको विषयमा धेरै विदेशी विद्वान्हरूले विचार प्रकट गरेका छन् । ती जम्मैलाई अहिले सङ्ग्रह गर्न सकिएन । अहिले पाइए जति यहाँ प्रकाश गरिएका छन् ।

ठूला विद्वान् राजगुरु हेमराज शर्माको मातहतमा सरकारी पुस्तकालय रहेको छ। उहाँले... काशीको पाठशालामा पढ्नुभएको हो। व्याकरणका सबै परिष्कार र सूक्ष्मतासँग परिचित उहाँको... संस्कृतभाषामा विस्तृत अधिकार छ। उहाँले पण्डितहरूसँग हुने विद्वत्तामा वास्तव कुरा विचार गर्ने शक्ति र प्रशासनकुशलता थप्नुभएको छ। ती ओजस्वी पुरुषको चित्रण म अन्यत्र गर्नेछु।. यी दुइ ग्रन्थ पत्ता लाउने काममा म उहाँको ऋणी छु।

(प्रसिद्ध बौद्ध दार्शनिक आचार्य वसुबन्धुका विंशिका-त्रिंशिकालाई सिलभेन लेभीले सम्पादन गरी वि. सं. १९८२ मा पेरिसबाट प्रकाशित गरेका छन्। त्यसको भूमिका फ्रेञ्च भाषामा छ। गुरुज्यू हेमराजको पुस्तकालयमा फ्रेञ्चको अप्रकाशित अङ्ग्रेजी अनुवाद थियो। अहिलेभन्दा २६,२७ वर्षअगाडि गुरुज्यूको पुस्तकालयमा रहेको सिलभेन लेभीको सो पुस्तक मैले हेरेको थिएँ। त्यहाँको समर्पणवाक्य र अङ्ग्रेजी अनुवादको केही भाग मैले सारी लिएको थिएँ।)

## भारतीय विद्वान् नारायण शास्त्री खिस्तेको

श्रीमन्तोऽनेकमहीपालशिरोमुकुटमाणिक्यरञ्जितचरणनखद्युतयः श्रीमन्नेपालसम्राड्गुरवो विद्वद्धौरेयाः श्रीहेमराजगुरवोऽपि प्रियतमाः शिष्याः शास्त्रिवराणाम्—

नम्राः प्राञ्जलयो बुधाः प्रतिदिनं तिष्ठन्ति यत्प्राङ्गणे
नेपालाधिपतिर्विभीर्विहरते यन्मन्त्रतेजोबलात् ।
वाग्देवी च रमा च यान् बुधवरान् तुल्यात्मना सेवते
कीर्तिश्चन्द्रसमा हिमालयमपि प्रायो हसत्युच्चकैः ॥८५॥

(वि. सं. १९८५ मा काशीबाट प्रकाशित भएको नारायण शास्त्री खिस्तेको विद्वच्चरित-पञ्चकका ३१–३२ पृष्ठबाट। श्रीगुरु नारायण शास्त्री खिस्तेको वाक्य काव्यरूपको छ। यहाँ नेपालीमा साररूप अर्थ दिइन्छ।)

[नेपालका राजगुरु हेमराज हाम्रा गुरु गङ्गाधर शास्त्रीका प्रिय शिष्य हुनुहुन्थ्यो। ठूला विद्वान् हेमराजज्यूलाई सरस्वती तथा लक्ष्मी दुवैको कृपा प्राप्त भएको छ। उहाँको पटाङ्गिनीमा विद्वान्हरू नम्र भई हात जोडेर बस्नुहुन्छ।]

## भारतीय विद्वान् विष्णु सुक्थङ्करको

कलेशन्ज् अफ् द् म्यानुस्क्रिप्ट् वेर् काइन्ड्लि सप्लाइड् बाइ राजगुरु पण्डित हेमराज (नेपाल), हू ह्याड् इट् कलेट्इड्, फर् दि इन्स्टिटच्युट् बाइ लोकल् पण्डितस्। ...

सेन्ट् ट दि इन्स्टिटच्युट् फर् कलेशन्, थ्रू द् काइन्ड् अफिस्इज् अफ् राजगुरु पण्डित हेमराज (नेपाल)।

(१४ पृष्ठबाट)

अन्डर् दीज् सर्कम्स्टन्स्इज्, वी क्यान्नट् बी सफिश्अन्ट्लि ग्रेट्फुल् ट राजगुरु हेमराज पण्डित, सी. आइ. ई., डाइरेक्टर् अफ् पब्लिक् इन्स्ट्रक्शन्, नेपाल, थ्रू हुज् गुड् अफ्इस्इज् द् डोर्ज् अफ् द् रिच् स्टोर्-हाउस् अफ् द् नेपाली मटीर्इअल् वेर् थ्रोन् ओप्न् टु अस्—मटीर्इअल् ह्विच् इज् अल् बट् इन्याक्सेस्इब्ल् टु इन्डोलजिस्ट्स्—यान्ड् वी ह्याभ् बीन् प्लेस्ड् इन् ए पजिश्अन् ट पब्लिश्, फर द् फर्स्ट् टाइम् इन् द् हिस्टरि अफ् महाभारत स्टड्इज्, कलेशन् अफ् भ्याल्यु-एब्ल् नेपाली म्यान्युस्क्रिप्ट्स् । दिस् सुप्रीमलि अन्सेल्फिश् यान्ड् प्रोफाउन्ड्लि लर्निङ् प्याट्रन् अफ् संस्कृत स्टडइज् ह्याज् रिअल्लि डन् मोर् द्यान् मेर्लि सप्लाइङ् ट दि इन्स्टिटच्युट्, फ्री अफ् कस्ट्, कलेशन्ज् अफ् नेपाली म्यान्युस्क्रिप्ट्स् अभेल्एब्ल् ट हिम् इन् लोकल् लाइ-ब्ररिज् । रिअलाइजिङ् द्याट् देर् वेर् भ्याल्युएब्ल् म्यान्युस्क्रिप्ट्स् ट बी ह्याड् आउट्साइड् काठ-मान्डु, द् हेड्क्वार्टर्ज् अफ् द् राजगुरु, ही कज्ड् ए सर्च् ट बी मेड्, याट् हिज् ओन् एक्स्पेन्स्, थ्रूआउट् द् डिस्टन्ट् आउट्पोस्ट् अफ् हिन्दू कल्चर् यान्ड् सिभ्इलाइजेशन्, फर् ओल्ड् महाभारत म्यान्युस्क्रिप्ट्स्, यान्ड् द् फाइन्ड् अफ् द् भ्याल्युएब्ल् म्यान्युस्क्रिप्ट्... दि ओल्डेस्ट् अफ् द् डेट्इड् म्यान्युस्क्रिप्ट्स् अफ् आउर् क्रिट्इकल् याप्अरेटस्, इज दि अन्एक्स्पेक्ट्इड् यान्ड् वेल्कम् फ्रूट् अफ् द् राजगुरु'ज् एग्जर्शन्ज् इन् द् कज् अफ् महाभारत रिसर्च् । ओन्लि दोज् हू नो द् डिफ्इकल्टिज् इन् द् वे अफ् अब्टेन्इङ् एन्इ म्यान्युस्क्रिप्ट्स् फ्रम् नेपाल विल् बी इन् ए पजिश्अन् टु अप्रीशिएट् फुल्लि द् डेट् ह्विच् दि एड्इटर् यान्ड् दि अद्अर् मेम्बर्ज् अफ् द् महाभारत एड्इटर्इअल् बोर्ड्, यान्ड् बियन्ड् द्याट् द् होल् वर्ल्ड् अफ् इन्डोलजिस्ट्स्, ओ ट द् राजगुरु । संस्कृ-तिस्ट्स् ह्याभ् मच् टु होप् फर् फ्रम् द् डिस्प्याश्अन्अट् एफ्अर्ट्स् अफ् दिस् ट्रूलि पेट्रि-अट्इक् यान्ड् कल्चर्ड् राजगुरु, हू लूज्इज् नो अप्अर्टच्यूनइटि अफ् प्लेस्इङ् हिज् इमेन्स् लर्न्इङ् यान्ड् अन्बाउन्ड्इड् रिसर्स्इज् फ्रीलि याट् द् डिस्पोज्अल् अफ् अल् सीर्इअस् वर्कअर्ज् इन् द् फील्ड् अफ् संस्कृत रिसर्च् ।

(१०८ पृष्ठबाट)

(वि. सं. १९९० मा पूनाबाट प्रकाशित भएको महाभारतको आलोचनात्मक संस्करणको उपोद्घातबाट)

[ यस संस्था (भाण्डारकरको प्राच्यविद्यासम्बन्धी अन्वेषणसंस्था) को लागि नेपाली पण्डितहरूद्वारा यो हस्तलिखित ग्रन्थ रुजु गराई नेपालका राजगुरु पण्डित हेमराजले रुजु गरेका ती पाठ कृपा गरी पठाउनुभयो ।

नेपालका राजगुरु पण्डित हेमराजको कृपापूर्ण सहायताद्वारा रुजु गर्नाको लागि यो हस्त-लिखित ग्रन्थ यस संस्थामा पठाइएको हो ।

भारतीय विद्याका अध्येताहरूको पहुँच पुग्नै नसकेको नेपाली सामग्रीको मूल्यवान् पुस्तकालयको ढोका नेपालको शिक्षाविभागका डाइरेक्टर राजगुरु हेमराज पण्डित सी. आइ. ई. को कृपापूर्ण सहायताद्वारा हाम्रो निम्ति खुल्यो । महाभारतविषयक परिशीलनको इतिहासमा पहिलो

पटक बहुमूल्य नेपाली हस्तलिखित ग्रन्थहरू रुजु गरी छाप्ने स्थितिमा हामी पुगेका छौं । यस अवस्थामा उहाँ राजगुरुसँग जति कृतज्ञ हुनुपर्थ्यो, त्यति कृतज्ञ हुन हामीले सकेका छैनौं । अतिनिःस्वार्थ, संस्कृतविद्याका रक्षक, महापण्डित उहाँ राजगुरुले नेपालका पुस्तकालयमा आफूले पाएका हस्तलिखित पुस्तकहरू रुजु गरी तिनको पाठ हाम्रो संस्थामा निःशुल्क पठाई ठूलो काम गर्नुभएको छ । आफ्नो वासस्थान काठमाडौं बाहिर पनि मूल्यवान् हस्तलिखित ग्रन्थ हुन्छन् भन्ने सम्झी उहाँले हिन्दू संस्कृति र लोकयात्राको सुदूर पीठ (नेपाल) भर महाभारतका प्राचीन हस्तलिखित प्रतिहरूको आफ्नै खर्च लगाएर खोजी गराउनुभयो । यसद्वारा हाम्रो आलोचनात्मक संस्करणको लागि लेखिएको कालसमेत भएका हस्तलिखित ग्रन्थमध्ये सबभन्दा पुरानो ... ग्रन्थ पाइयो । महाभारतविषयक अन्वेषणकार्यमा सो ग्रन्थ पाइएला भनी चिताइएकै थिएन । राजगुरुको उद्योगको यो स्वागतयोग्य फल हो । नेपालबाट कुनै पनि हस्तलिखित ग्रन्थ पाउन कति गाह्रो छ भन्ने कुरा थाहा पाउनेले मात्र महाभारतका प्रधान सम्पादक, सम्पादकमण्डलका अरू सदस्य र अरू भारतीयविद्याका सम्पूर्ण अध्येताहरू राजगुरुका कति ऋणी छन् भन्ने कुरा ठीकसँग बुझ्न सक्छन् ! संस्कृतविद्याका सबै गम्भीर अन्वेषकहरूलाई आफ्नो अपरिमित पाण्डित्य र असीमित साधनको निःशुल्क उपयोग गर्न दिने, वास्तव देशभक्त र परिष्कृत मन भएका उहाँ राजगुरुका निष्काम कर्मबाट संस्कृतविद्याका अध्येताहरूले धेरै आशा गरेका छन् ।]

भारतीय विद्वान् जयचन्द्र विद्यालङ्कारको

वि. सं. २०१० मा गुरुज्यू मधेसबाट आएपछि गुरुज्यूकहाँ म गएँ । माथि बोलाहट भयो । गुरुज्यू बाजे पलङमा पल्टिरहनुभएको रहेछ । सिलोट पेन्सिल ल्याऊ भनी हातले इशारा गर्नुभयो । मैले लगेर दिएँ । मलाई सञ्चो छैन; म बोल्न सक्तिनँ; तिमी जाऊ भनी सिलोटमा गुरुज्यू बाजेले लेख्नुभयो । म फर्कें । नायब बडागुरुज्यू हेमराजको अन्तिम दर्शन यही थियो । यसको केही महीनापछि वि. सं. २०१० पौषमा ७५ वर्षको उमेरमा काशीमा उहाँको स्वर्गवास भयो ।

---

+यस शास्त्रार्थको वर्णन प्रा. शेषराज रेग्मीको मुखबाट पनि मैले सुनेको छु ।

⊛'अब्रह्मचरियं पहाय ब्रह्मचारी समणो गोतमो अनाचारा पटिविरतो मेथुना गामधम्मा'ति ।

(दीर्घनिकाय ब्रह्मजालसूत्तबाट)

(संस्कृतच्छाया)

अब्रह्मचर्यमपहाय ब्रह्मचारी श्रमणो गौतमोऽनाचारात् प्रतिविरतो मैथुनाद् ग्राम्यधर्मादिति ।

⊛नेपाल में.. ब्राह्मण का अब्राह्मण स्त्री में उत्पन्न लडका जोशी होता है और कुछ पीढियो बाद पूरा ब्राह्मण हो जाता है ।

(राहुल साङ्कृत्यायनको तिब्बत में सवा बरसको ८३ पृष्ठबाट)

लिखा था– "मैं कम्युनिस्ट विचार रखता हूँ । यह उनको मालूम था, और मुझे भी मालूम था, कि वह परमनिरंकुश सामन्तवादके समर्थक हैं । तो भी संस्कृत, भारतीय संस्कृति, तत्संबन्धी अनुसंधान ऐसी चीजें थीं, जिनके कारण हममें १९ वर्षसे घनिष्ठता स्थापित हो गई थी । सबसे पिछली बार जब मिले थे, तो माहिला गुरु शासनके एक सबल स्तम्भ और प्रभावशाली राजगुरु थे । अब राणा चले गये, इसलिये वह "पानीके बाहरकी मछली" जैसे थे ।

बडे प्रेमसे मिले । दो–तीन घंटे तक साहित्य और अनुसन्धानकी चर्चा चलती रही । उनके ज्येष्ठ पुत्रको मैंने कभी आठ–दस वर्षका बालक देखा था, अब वह लम्बे तगडे जवान थे । साहित्याचार्य करके ग्रेजुयट बन रहे थे । कनिष्ठ पुत्रके रंगढंगसे राजगुरुको बहुत दुःख था । वह बी. ए. करके अनब्याहे आगे पढनेके लिये ईंगलैंड या अमेरिका जानेकेलिये उतावले थे । राजगुरुका वंश राणा जङ्गबहादुरके विलायत जानेमें बाधक नहीं हुआ, पर वह उस समय अपने खान–पान और सभी चीजोंका पूरा प्रबन्ध करके गये थे । राजगुरुके कनिष्ठ पुत्र निश्चय ही गंगाजल और गंगाकी मिट्टी लेकर यहाँसे नहीं जाते. वह वहाँ होटलोंमे खाते । खैर, खानेकी छूआछूत ज्यादा दिन टिक नहीं सकती, इसका राजगुरुको विश्वास हो चला था, पर, डर था कि कहीं वह वहींसे व्याह करके न आये । मुझसे सलाह ली । मैंने कहा– "प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्रवदाचरेत् ।" सोलह क्या वह तो बीस वर्षसे ऊपरके हो गये थे । ऐसे पुत्रपर आप अँकुश कैसे रख सकते हैं । वह कह रहे थे– "यदि ब्याह करके जाता, तो अच्छा ।" मैंने कहा– "इसकी क्या गारन्टी है, कि यहाँसे ब्याह करके जानेपर किसी गोरीके प्रेमपाशमें बद्ध होनेसे वह रुक जायगा ।" राजगुरु लाखोंके धनी थे । पुत्रोंको सभी तरहके आर्थिक सुभीते थे । वह अपना–अपना रास्ता लेंगे, यह तो निश्चित ही था ।

काठमाण्डूमें मैं जिस जगह ठहरा था, वह राजगुरुके निवाससे दूर नहीं था । २१ जनवरी को[३५] देखा, वह पैदल ही मेरे यहाँ चले आये हैं । आश्चर्यकी बात नहीं थी, उनका स्नेह ही मेरे ऊपर ऐसा था । पर, उनका स्वास्थ्य अब बहुत खराब था । मैंने यह कहा, तो कहने लगे–"कोई बात नहीं । बहुत दूर नहीं था । मैं धीरे-धीरे चला आया ।" इसके बाद तीन घंटे तक हम तल्लीन होकर नैपालके इतिहासपर बातचीत करते रहे । वह नैपालके विश्वकोश थे, इसलिये उनसे बात करनेमें बडा आनन्द आता था । यही अन्तिम भेंट थी । इसके शायद सालभर बाद अखबारोंमें पढा, माहिला गुरु अब इस दुनियामें नहीं रहे । मैंने एक अत्यन्त सहृदय मित्रको और उनके रूपमें एक प्राचीन ज्ञान–राशिको हमारे देशने खोया । माहिला गुरुका पुस्तकालय बहुत विशाल था । सैकडों तालपत्रों-की पोथियाँ उन्होंने जमा की थीं । दूसरे हजारों ग्रन्थ भी अब दुर्लभ थे । उनके पुस्तकालयको किसी पुस्तक–विक्रेताने खरीद लिया । यह सुन कर मुझे खेद हुआ । यदि नैपाल या भारतके राष्ट्रीय पुस्तकालयको सारी ग्रन्थराशि मिल गई होती, तो उसका ठीकसे उपयोग होता । पुस्तक विक्रेता

३५. वि. सं. २००९ माघ ८ गते ।

सूखे पत्तोंकी तरह उन ग्रन्थोंको बिखेरेगा।[३६] मेरा सिद्धान्त था, संग्राहकको अपने जीवनमें ही संगृहीत सामग्रीकी सुरक्षाका प्रबन्ध करना चाहिये। इसीलिये तिब्बतमें संगृहीत अपनी सारी सामग्रीको मैंने पटना म्यूजियमको दे दिया था, जिसके अध्यक्ष उस समय जायसवालजी थे।

(वि. सं. २०१४ मा इलाहाबादबाट प्रकाशित भएको राहुल साङ्कृत्यायनको जिनका मैं कृतज्ञका १३६–१४१ पृष्ठबाट)

२ परिशिष्ट

# नवग्रहस्तोत्र

**–नयराज पन्त**

पढ्दा पढाउँदा विशेष आनन्दको अनुभव म गर्छु। मेरो पढाइमा विद्यार्थीहरू प्रायः सन्तुष्ट पनि रहन्छन्। तर म विद्यार्थीहरूले पढाइभन्दा बाहिरको विषयको हल्लाखल्लामा लाग्नु हुँदैन भन्ने सिद्धान्तको पक्षपाती छु। मेरो यो सिद्धान्त अधिकारीहरूको बिलकुलै पक्षपाती हो भन्ने सम्झी विद्यार्थीहरू मेरो यो सिद्धान्तको प्रायः विपरीत रहन्छन्। यसै कारण मैले कहिलेकहीं कटु आलोचनाको पात्र बन्नुपर्छ। यस्तै एउटा घटना अहिले म सुनाउँछु।

वि. सं. २००४ को बर्खाको कुरो हो। रानीपोखरीसंस्कृतपाठशालाको ज्यौतिषको

---

३६. हेमराजजीको पुस्तकालयका पुस्तकलाई श्री ५ को सरकारले खरीद गरी राष्ट्रिय पुस्तकालयको रूपमा राखेको छ। हेमराजज्यूले पुराना कागतपत्र राम्ररी सङ्ग्रह गरेर राख्नुभएको थियो। लेभी, टुचीहरूसँग भएको आफ्नो पत्रव्यवहारलाई पनि उहाँले ठूलो कापीमा टाँसी लेखी सङ्ग्रह गर्नुभएको थियो। एकादिन ती पत्रहरू बाँच्तै गुरुज्यूले मलाई सुनाउनुभएको थियो। यसबाट ती विदेशी विद्वान्हरूको संस्कृतभाषामा विशेष पाण्डित्य हुँदो रहेनछ भन्ने मलाई लाग्यो र यसको चर्चा मैले गुरुज्यू बाजेसँग गरें पनि। गुरुज्यू बाजेले यिनीहरूका लेख यस्तै हुन् भनी भन्नुभयो। आफ्नै हस्ताक्षरले लेखेका व्याकरणविषयका अप्रकाशित कारिका भएको ठूलो कापी पनि गुरुज्यू बाजेले मलाई देखाउनुभएको थियो। इतिहासलाई काम लाग्ने अरू धेरै लेख पनि गुरुज्यू बाजेका सङ्ग्रहमा थिए। गोरखापत्रलाई हेरी उपयुक्त समाचारमा चिनो लगाई हेमराजज्यू राख्नुहुन्थ्यो। यो कुरो मैले आफ्नै आँखाले देखेको हो। ती अहिले कहाँ छन्, केही थाहा छैन।

अध्यापक म थिएँ ।[१] ज्यौतिष पढ्ने विद्यार्थी त धेरै थिएनन् । साधारण गणित पनि मैले पढाउनुपर्थ्यो । मध्यमाको द्वितीयवर्षका जम्मै विद्यार्थीहरू साधारण गणित पढ्न मकहाँ आउँथे । मेरो पढाइदेखि तिनीहरू प्रसन्नै थिए । मैले बनाएका केही श्लोकहरू पनि तिनीहरूले कण्ठस्थ गरेका रहेछन् । यद्यपि ती श्लोकहरू अझसम्म प्रकाशित भएका छैनन् । ती विद्यार्थीहरूमध्ये अहिले केही निकै ठूलो पदमा पुगिसकेका छन् । अहिले पनि प्रसङ्गवश तिनीहरूमध्ये कुनै कुनै ती श्लोक मलाई सुनाउँछन् ।

विद्यार्थीहरूले आन्दोलन गर्ने भएका छन् भन्ने हल्ला त अलिकता मैले सुनेको थिएँ । तर सो कस्तो तथा कहिले कहाँ हुन्छ भन्ने कुरा मलाई थाहा थिएन । सो कुरो बुझ्न मैले चेष्टा गरेको पनि थिइनँ । पाठशालामा साबिकबमोजिम पढाउन जान्छु त केही विद्यार्थीहरू पढाइ रोक्ने काममा लागेका रहेछन् । खलबली निकै रहेछ । संस्कृत-शिक्षाविभागका डाइरेक्टर नायबबडागुरुज्यू हेमराजज्यू, पुलीसविभागका अधिकारी क. चन्द्रबहादुर थापाहरू पनि पाठशालामा आउनुभयो । भूगोल, इतिहास हामीले पढ्न पाउनुपर्छ भन्ने विद्यार्थीहरूको भनाइ थियो । भूगोल, इतिहास पढ्न तिमीहरूलाई म दिन्छु, परन्तु तिमीहरूले किन यस्तो मार्ग लियौ भन्ने गुरुज्यूको भनाइ थियो । वादविवाद बढ्दै गयो । चन्द्रबहादुरले केही विद्यार्थीहरूलाई पक्रेर लानुभयो । श्री ३ पद्मको कृपाबाट विद्यार्थी छुटे । विद्यार्थीको आन्दोलन झन् बढ्यो । विद्यार्थीहरू छात्रावास छोडी वाग्मतीको धर्मशालामा बसी भिक्षा मागी निर्वाह गर्न लागे । केही विद्यार्थी भिक्षा माग्न मकहाँ पनि आएका थिए । मैले उस वेलाको आफ्नो दैनिक तलब रु. २। उनीहरूलाई भिक्षा दिएको थिएँ । यतिन्जेलसम्म विद्यार्थी मसँग प्रसन्नै थिए । पढ्न आउने विद्यार्थीलाई म जाऊ भनी भन्दैनथें, नआउनेलाई आऊ पनि भन्दैनथें । केही दिनपछि विद्यार्थीहरूले भूगोल, इतिहास पढ्न पाउने सरकारी आज्ञा निस्क्यो । विद्यार्थीहरू प्रसन्नतापूर्वक छात्रावास फर्के ।

गोरखापत्रमा संस्कृतशिक्षाको उपरमा आक्षेपयुक्त केही लेख छापिएका थिए । ती आक्षेपको

---

१. श्री ३ पद्मको शासनकाल थियो । कर्मचारीहरूले सुपथ मोलमा चामल पाएका थिए । हामीले पनि सुपथ मोलमा चामल पाउनुपर्छ भनी निवेदन गर्न सबै पण्डित मिली माहिला गुरुज्यूको ढोकामा जाने कुरा चल्यो । प्रत्येक पूर्णिमा र औंसीमा प्रायः पण्डितहरू गुरुज्यूको ढोकामा उपस्थित हुनुहुन्थ्यो । श्रीगुरु देवीदत्त पराजुली र म जाँदैनथ्यौं । यस दिन पनि म गइनँ । गुरुज्यूले तिमीहरूले भनेको कुरा सकेसम्म म गरिदिउँला भन्नुभयो रे, हामीलाई चाँडै हुनुपर्छ भनी कुनै पण्डितजीले भन्दा गुरुज्यू रिसाउनुभयो रे भन्ने हल्ला पछि सुनियो । विद्यार्थीको आन्दोलन भइसकेपछि गुरुज्यूले त्यस वर्ष आफ्नो जन्मोत्सव (आषाढशुक्ल द्वितीया) मा पण्डितहरूलाई १, १ मुरी धान घरघरमा पठाइदिनुभयो ।

अर्को एकपल्ट हेमराजजीले आफ्ना ज्वाइँ भानिज तथा पाठशालाका पण्डितहरूलाई बोलाई केही दान दिनुभएको थियो । साल र दानको वस्तु अहिले ठीक याद रहेन ।

उत्तर श्रीगुरु प्रधानाध्यापक पण्डितवर सोमनाथ सिग्द्यालले सबै पण्डितहरूको सहिछाप गराई गोरखापत्रमा पठाउनुभएको थियो । सो लेख गोरखापत्रमा छापियो । गोरखापत्रमा छापिएको सो लेख यस प्रकारको छ–

"हाम्रो संस्कृत र संस्कृतज्ञ"

दिई हवल्दार देवीप्रसाद पौड्यालको नामबाट २००४ श्रावण १ गतेको गोरखापत्रमा प्रकाशित भएको लेखको उपर केही वक्तव्य :—

हाम्रो संस्कृतविद्याको परम्परा वैदिक कालदेखिको हो, प्राचीन हो, भन्ने कुरा सर्वसंमतै छ । यसका उपर बीचबीचमा कैयन् आघात प्रत्याघात पर्न आए तापनि यो विद्या अझसम्म जीवितै छ । हामी हिन्दू आर्यजातिका संस्कार व्यवहार नियमहरू यसैका भरमा छन्, यसको सम्बन्ध यही लोकमा मात्र होइन कि पल्लो दुनियाँसँग पनि छ, जहाँसम यसको सत्ता छ, त्यहीसंम नै हाम्रो जातीय सत्ता छ, यो डुब्यो भने हामी बाँचेर पो के गर्नु ?

संस्कृतविद्या पेट पाल्ने विद्या मात्र होइन, आत्माको संस्कृतिको रक्षा गर्ने सम्पत्ति पनि हो, यसमा लौकिक अलौकिक दुवैतर्फका कल्याणभावना भरिएका छन्, अगिका ऋषि मुनिहरूले स्वार्थतिर नलागी वृक्षतल पर्णकुटीहरूमा रही बल्कलधारी फलमूलाहारी भएर पनि आफ्ना वेदादि शास्त्रको अध्ययन अध्यापनहरूद्वारा सन्मार्गप्रचारको परम्परा खडा राखेका हुन्, हामी उनै आर्यका सन्तान ह्वौं, समयको परिस्थितिले त्यो कक्षामा रहन नसके पनि जो जति सकिन्छ "निष्कारणं षडङ्गो वेदोध्येयो ज्ञेयश्च" अर्थात् निःस्वार्थ भावसँग यसमा लाग्नुपर्छ, यसमा जीवन सुम्पनुपर्छ, भन्ने सिद्धान्तमा रही खोले फाँडो साग सिस्नु जो मिल्दछ, त्यसमा सन्तोष गरी सीधासासाधा रहनसहनमा शान्ति सुखको अनुभव गर्दै आफ्ना पूर्व शास्त्रहरूको सम्प्रदाय परम्परा टुट्न नदिई यथाशक्ति रक्षा गरिराख्नु नै परम कर्तव्य हो, भन्ने संझी यो प्राचीन परम्पराको त्यान्द्रो अझसंम हामीले समातिरहेका छौं, हामी मात्र होइन, हाम्रा सन्तति शिष्यपरम्पराहरूलाई पनि त्यही त्यान्द्रोको अवलम्बन गरेर रहने कुराको उपदेश यावज्जीव दी रहनेछौं, यही हाम्रो दृढ संकल्प छ, यही हाम्रो हिन्दुत्व हो, आर्यसन्ततित्व हो, विवेकशीलता हो, घमण्ड होइन ।

शान्तिप्रिय सीधासाधा चालका संस्कृतज्ञहरूमा हामीलाई सबैले मानून् भन्ने मपाइँ भावना घमण्ड कदापि छैन, रतिभर फुलेका पनि छैनौं, आफूले जानेको कुरो अर्कोले नजानून् भन्ने विचार कसैमा पनि छैन । जसको हृदयमा आफ्नो संस्कृतिको रक्षा र परम्परा प्रचार गर्नु नै परम ध्येय छ, तिनमा त्यस्तो दोष कसरी हुन सक्तो हो, पण्डितहरूले आफ्ना ग्रन्थका अर्थ अरूले सुने भने ग्रन्थको ग्रन्थत्व र आफ्नो ब्रह्मत्व नै स्वाहा होला भन्ने डर मानेको भए, आफूले जानेका कुरा अर्काले नजाने हुन्थ्यो, भनी ठानेको भए, आफूले जानेको कुरा अर्कालाई सिकाउन गाह्रो मानेको वा अरूले जाने आफ्नो पेट भोको रहन्छ भनी ठानेको भए, संस्कृतको पठनपाठन धारणशक्ति र हाम्रा प्राचीन ग्रन्थ-

माथिको विश्वास भक्ति कम हुँदै निश्रदै गएको भए, पढाएका छात्रहरू बिरानो मुलुकको जाँचमा उत्तरोत्तर बढी संख्यामा उत्तीर्ण र प्रथमश्रेणीमा समेत धेरै पास भएको ३८ संख्याको गोरखापत्रको सूचनानुसार फल कसरी निस्कदो हो । पण्डितहरूले लीजर नलीकन पाठशालामा पढाइराखेका छन् यति मात्र होइन, बिहान बेलुका र छुट्टिमा समेत आएका विद्यार्थीहरूलाई घरमा समेत पढाइराखेका छन्, कसैसित पनि कसैले पनि ट्यूसन फी लिएका छैनन् । यो केवल पेटको र वृत्तिको दृष्टिले होइन, आफ्नो परम्पराको कर्तव्य धर्म संझेर गरेको हो ।

हाम्रा विद्यार्थीहरुले पनि परिश्रमसाथै पढेका छन् । आफ्नो गुरुसंगको पढाइकै भरमा उभिएका छन्, बनारस जस्तो विद्यापीठमा देशदेशान्तरका विद्यार्थीहरुसंग दाजिएर जाँच दिई पहिला दोस्रा भएर गौरव राखेका छन् । कति त लेखक र कवि पनि बनिसकेका छन् ।

यस्तो पवित्र पठनपाठनको विषयमा समेत अनेक मिथ्यादोषको आरोप गरी पशुत्वको कलङ्क लगाउनेलाई उत्तर दिने शब्द धेरै हुनन्, परन्तु त्यस्तो अपवित्र शब्द हामी मुखबाट निकाल्न चाहदैनौं ।

समयको प्रभावले कहिले कुनै हाँगाका विद्याको प्रचार विशेष हुन्छ । हो अहिले संस्कृतको भन्दा अंग्रेजीहरुको प्रचारक्षेत्र फैलिएको होला । व्यावहारिक विषयको विवेचनामा उसतर्फ प्रगति बढेको पनि होला । तर विद्याका प्रस्थानहरू भिन्नभिन्न अनेक छन् । एकले अर्कालाई गतार्थ संझन उचित हुँदैन । सबै किसिमका विद्या राष्ट्रको सम्पत्ति हो । भारतमा र यूरोपमा संस्कृतका विद्यालय र विद्वान्हरू छदैछन् । ठाउंठाउं नया संस्कृत विद्यालय खुल्दै गएको पनि सुनिन्छ । देशदेशान्तरका विद्वान्हरू यहा कति आए । आजसम्म नेपालले नाम बिकाएको छैन । अझ कति आउनन् । त्यस बखतमा हबलदार साहेब धोती फेरेर आउनुहुनेछैन । त्यसनिमित्त पनि जो जति सकेको रक्षा गरी राख्नै पर्‍यो ।

"हिन्दुस्थानको राष्ट्रभाषा हिन्दी नै हो । त्यसको वृद्धि गर्नु पर्छ, त्यसैबाट उच्चकक्षासम्मको पठनपाठन र पाठ्यग्रन्थको निर्माण हुनुपर्छ । असेम्बलिमा पनि हिन्दीमै बोलचाल बहस हुनुपर्छ । यसको निमित्त संस्कृतको रक्षा र वृद्धि गर्नुपर्छ । यसैबाट हिन्दीको शब्दभण्डार भर्नुपर्छ" भनी हिन्दुस्थानका शिक्षामन्त्रीहरूले भनेकाले संस्कृत शब्दले अलंकृत हिन्दी भाषाको उन्नति प्रचार हुने कुरामा सन्देह छैन । संस्कृतमय भएकोले नै बंगाली भाषा उन्नत भएको हो । नेपाली भाषाको पनि उन्नति हुँदै गइरहेछ । यसलाई चाहिने शब्द पनि संस्कृतबाटै भर्न लागिरहेछन् । आमा छोरी दिदी बहिनीहरूको झैं संस्कृत हिन्दी बंगाली नेपाली भाषाहरूको सम्बन्ध मेलमिलाप प्रगतिले बढाउंदै लैजांदा संस्कृतको चाहना हुनेछ भन्ने लाग्दछ । संस्कृत भाषाको रक्षा नभए लेखकले "संस्कृतभाषा न पठितव्यम्" लेखे झैं सबैले लिङ्गव्यत्यय आदि गरी जथाभावी लेख्न लागे भने लोकमा के हंसी होइन ?

संस्कृततर्फको परिवर्तनको कुरालाई पनि अगिको समयको पठनपाठनप्रणालीमा बरपर

परिस्थितिको अनुसार बखतबखतमा भईरहेकै थियो। बनारस कालेजको परिवर्तनअनुसार यहाँ पनि चाहिदो परिवर्तन भएकै छ, हुन्यैछ।

कौमुदीका सूत्र घोक्न गाह्रो मानेर हेयर्, इज् यर् डग्, भन्न सजिलो मात्र लागे भन्ने कुरालाई पनि देश विदेशको भाषा सजिलो त कहिले हुन्थ्यो। हो, जीवननिर्वाहलाई मदत दिइरहेछ। अर्थशास्त्र, नीति, कृषि-पशुपालन, वास्तुविद्या, शल्यतन्त्रहरूका विषयमा हाम्रा प्राचीन आचार्यहरूले पनि ग्रन्थ निर्माण गरी प्रचार गरेका थिए। परन्तु कालचक्रका प्रभावले धेरै ग्रन्थ नष्टभ्रष्ट भई छिना टुक्रो जस्ता हुन गएकाले ती विषयमा विकसित भएका भाषान्तरका ग्रन्थहरूको अध्ययनले ज्ञानोपार्जन गर्न इच्छा गर्नेहरूका निमित्त अंग्रेजीतर्फ ती विभाग पनि खुलेकै छन्। त्यसतर्फ रुचि भई प्रवृत्त हुनेहरु त्यसतर्फ लागून्। ज्ञान विज्ञानको वृद्धि गरून्, तिनलाई हामी सहर्ष अनुमोदन गरी रहेकै छौं, गर्नेछौं, बाधक कहिल्यै हुनेछैनौं, किन्तु तिनीहरूले आफ्नो सम्प्रदाय सभ्यता धर्म संस्कृतभाषालाई नबिर्सून्। जातीय अभिमान सेलाउन नदिऊन् भन्ने यत्ति हाम्रो प्रार्थना छ। अध्यात्मवाद धर्मवाद आरोग्यशास्त्र व्याकरणादि शास्त्रहरू कुनै भाषान्तरका ग्रन्थभन्दा संस्कृतविद्यामा कम छैनन्। आफ्ना सम्प्रदाय सभ्यता धर्मचर्चा संस्कृततर्फ पनि भरपूर छन्। कठिन भए पनि त्यसतिर रुचि गरी पढ्न आउनेलाई अरूले बाधक हुनु पनि उचित होइन, विद्या जुनसुकै होस् त्यसको फल विचारको मार्जन हो। संस्कृतका ग्रन्थबाट होस् वा अरू भाषान्तरका ग्रन्थबाट होस् विचार माझिएको छ भने त्यसले जुन गोरेटो फेला पारे पनि ठूलो मार्ग खडा गर्न सक्छ। विषयान्तरमा पनि बुद्धि दौडाउन सक्तछ। विचार माझिन सकेको छैन भने जुनसुकै विद्या पनि जतिसुकै पढे पनि अविद्या हुने हुन्छ।

रामायण भागवत आदिबाट आदर्श महापुरुष श्रीरामचन्द्र श्रीकृष्णचन्द्रहरूका चरित्र भावनाद्वारा ऐहिक पारमार्थिक अनेक सदुपदेशहरूको लाभले जीवनको सुधारको निमित्त अहिलेसम्म पनि कति महापुरुष कति सत्पुरुषहरू अखण्ड निरन्तर उपासनाको रसमा मग्न छन्। अहिले नेपालमा पनि यसको महिमा कम छैन। वर्णाश्रमको व्यवस्था आध्यात्मिक सुधारहरूको ज्ञानविज्ञानद्वारा परमोपयोगी रामायण महाभारत पुराणहरूमा र धर्ममा पनि श्रद्धा भक्ति उड्न लाग्यो भने आफ्नो हिन्दुत्व पनि कति दिन अडिएला? देवीप्रसादजीलाई धार्मिक कथा पुराणको आवश्यकता रहेनछ, स्वर्गको पनि परवाह रहेनछ, भन्ने कुरा उहाँको लेखबाटै स्पष्ट छ, सभ्य असभ्य सबैले आफ्ना आफ्ना धर्मको अभिमानमा जीवन अडचाइहेछन्, राष्ट्रको निर्माण, रक्षा, उन्नति गरीरहेछन्। हवल्दार साहेब! ऋषिमुनिका सन्तान नै भैकन पनि यसरी विमुख हुनु उचित होला र?

"अंग्रेजी नपढेका मानिसलाई मानिसको गणनाबाट छुट्याएर अरूकै गणनामा गन्नुपर्न थाल्यो, हुन पनि संस्कृत पढ्ने पण्डितजीहरूबाट केही काम नचलेको अन्धाले कैं आफ्नो अगाडी बिग्रदै गएको देख्नु नै भएन…" इत्यादि लेख्नुभएकालाई संस्कृत पढेका पण्डितहरूलाई विद्वान्मा गणना गरी सरकारबाट नम्बरी गराई विवेक श्रद्धा राखी बक्सेको देख्तादेख्तै पनि मानिसै नदेख्नेलाई पो अन्धो भन्न शुहाउला कि?

बखतबखतमा सरकारबाट बक्सेको सुदृष्टिले समेत संस्कृतको यतिसम्म उन्नति हुन आएको हो। हवल्दार साहेबले लेखेबमोजिम संस्कृतका ग्रन्थहरुले एकातिर कुनामा थुप्रिई प्राचीन लेखकहरूको तपस्या गर्नुपर्नेछैन भन्ने हामीलाई दृढ विश्वास छ।

—संस्कृतज्ञ पण्डितहरू

(वि. सं. २००४ श्रावण १३ गतेको गोरखापत्रका ३–४ पृष्ठबाट। यो उद्धरण मदन-पुरस्कारपुस्तकालयबाट ल्याइएको हो।)

डाइरेक्टर गुरुज्यूको इशाराले हेडपण्डित सोमनाथले जाल गरी हामीहरूलाई फुक्याएर हाम्रो जागीर नबढाउन हामीलाई सो लेखमा सहिछाप गराउन लाउनुभएको रहेछ, सो लेखमा हाम्रो मञ्जूरी छैन भन्ने हल्ला केही दिनपछि पण्डितहरूमा चल्यो। प्रधानाध्यापकज्यूले ठूलो विरोधको सामना गर्नुपऱ्यो। केही दिनपछि गुरुज्यूकहाँका पण्डित (हाल वाल्मीकि-संस्कृतमहाविद्यालयका उप-प्रधानाचार्य) रामचन्द्र पौडेलले सो लेख ल्याई प्रधानाध्यापकज्यूलाई दिनुभयो। प्रधानाध्यापकज्यूले सबै पण्डितको अगाडि लेख यही हो; तपाईंहरूको सहिछाप यहीँ छ; मेरो विचारमा त यो ठीक छ, जे गर्नुपर्छ; गर्नुहोस् भनी सबैको अगाडि त्यो लेख (जसको १ प्रति गोरखापत्रमा छापिएको थियो।) राखिदिनुभयो। त्यसमा १४ जना पण्डितजीहरूले आफ्नो सहिछाप केर्नुभयो। सहिछाप केर्नेहरूका नाम यस प्रकारका छन्— श्रीगुरु पं. देवीदत्त पराजुली, श्रीगुरु पं. टेकनाथ पौडेल, पं. दधिराम पौडेल,[२]

२. पं. दधिराम पौडेलको विषयमा मलाई अहिले धरमर परेको छ। किनभने आफ्नो उमेर ७० वर्ष पुगेपछि मेरा मातामह पं. भुवननाथ पाँडेले आफूखुशी वि. सं. १९९० मा राजदरबारमा पढाउने पण्डितपद छोड्नुभएको हो। त्यसपछि दरबारमा पढाउने पण्डितपद खाली नै रह्यो। वि. सं. १९९७ मा राजदरबारमा पढाउने पण्डितको आवश्यकता परेछ र मेरा मातामहलाई बोलाहट भयो। ७० वर्षको उमेरमा बूढो भएँ भनी यो काम छोडेको हुँ; अहिले त म ७७ वर्ष पुगिसकेँ; काम गर्न असमर्थ छु भनी मातामहले भन्नुभयो +। त्यसपछि पं. दधिराम पौडेल राजदरबारमा पढाउने पण्डितको रूपमा काजमा खटिनुभयो। उहाँ तलब भने रानीपोखरी पाठशालाबाटै पाउनुहुन्थ्यो। यस कारण वि. सं. २००४ मा सो कागतमा उहाँको सहिछाप थियो वा थिएन भन्न मलाई धरमर पऱ्यो। १४ जना त अवश्य हुनुहुन्थ्यो। अरूको नाम पनि मैले सम्झेको छैन।

+

जोपलिङ रोड
लखनौ
फाल्गुन ९

श्रीपण्डित भुवननाथ पांडेके नमस्कार.

तिमीले पठाएको फा० २ गतेको पत्र बनारस पुगी यहाँ आएकोले आज पाएँ, उमेर ज्यादा भई पढाउन नसक्ने भएकोले सोहीबमोजीमको जबाब दिने काम गरेको बुझेँ.

मलाई अझ ठीक हुन सकेको छैन. अलिअलि लठ्ठीको सहाराले हिंडे पनि दुख्ने छदैछ. लखनौमा औषधि गर्न आएको छु. फाल्गुनभरी यही बस्ने विचार गरीरहेछु. अरू हालखबर उस्तै छ.

तिम्रो—
हेमराज शर्मा

पं. पूर्णभद्र सुवेदी, पं. हेमनाथ घिमिरे, पं. डिल्लीराज रेग्मी, पं. बोधराज पन्त, पं. गोविन्दप्रसाद भट्टराई (हाल वाल्मीकि–संस्कृतमहाविद्यालयका प्राध्यापक), पं. लोकनाथ ढकाल (हाल वाल्मीकि–संस्कृतमहाविद्यालयका प्राध्यापक), पं. जुननाथ पण्डित (हाल वाल्मीकि–संस्कृतमहाविद्यालयका प्राध्यापक), पं. तोयनाथ पाँडे (हाल वाल्मीकि–संस्कृतमहाविद्यालयका प्राध्यापक), पं. सोमनाथ पौडेल (हाल वाल्मीकि–संस्कृतमहाविद्यालयका प्राध्यापक), पं. बालमुकुन्द रेग्मी, पं. कोमलनाथ अधिकारी । नौ जनाले हामीले गरेको सहिछाप ठीक छ; हामी यसमा सहमत छौँ; हामी सहिछाप केर्दैनौँ भनी भन्नुभयो । सहिछाप नकेर्नेमा श्रीगुरु पण्डितवर सोमनाथ सिग्द्याल, पं. कालिदास पराजुली, पं. राधानाथ लोहनी, पं. रामनाथ आचार्य (हाल वाल्मीकि–संस्कृतमहाविद्यालयका प्रधानाचार्य), पं. बद्रीनाथ अधिकारी, पं. रोहिणीप्रसाद भट्टराई (हाल त्रिचन्द्र कलेजका प्राध्यापक), पं. बुद्धिनाथ अर्ज्याल, पं. रविनाथ आचार्य र मसमेत जम्मा ९ जना थियौँ । केही दिनपछि हातहातै नवग्रहस्तोत्र आइपुग्यो । सो यस प्रकारको छ–

## अथ नवग्रहस्तोत्रम्

कैलासशिखरे रम्ये गिरिराजतनूजया ।
पृष्टं नवग्रहस्तोत्रं शङ्करोऽभिदधे प्रियाम् ।।
शिव उवाच- ऊर्ध्वनेत्रो रोगग्रस्तः पङ्गुभृत्यश्च[३] स्मातंजः ।
परपीडाप्रदाता च नयः सूर्यग्रहः स्मृतः ।।
परदारपरो नित्यं द्विजिह्वश्चातिदुर्मतिः ।
पङ्गोर्भीतश्च शुष्काङ्गः कालिदासः शशी स्मृतः ।।

---

३. बात भएकोले हेमराजज्यू पाठशालामा खोच्याउँदै आउनुभएको थियो । यस कारण यहाँ गुरुज्यूलाई पङ्गु (लङ्गडा) भनिएको हो ।

श्री ३ पद्मको शासनकालमा तात्कालिक जङ्गीलाठ बबरशमशेरले अमेरिका गई नेपाल र अमेरिकाको सम्बन्ध जोड्नुभयो । वि. सं. २००४ वैशाखमा अमेरिकाली राजदूत स्याटर थ्वेटको नेपाल आगमन भयो । स्याटर थ्वेटसँग हुने सन्धिपत्रमा हस्ताक्षर गर्ने समय निश्चित गर्नुपरेछ र नायब बडागुरुज्यू पाठशालामा आउनुभयो । मलाई बोलाएर मोटरमा हाली आजभोलि राष्ट्रिय नाचघर रहेको ठाउँनिर गई मोटर अडाउनुभयो र अमेरिकासँग सन्धि गर्ने साइत सोध्नुभयो । गुरुज्यूलाई हतार रहेछ र चाँडै चाँडै गर भनी मोटरमै बसी समय लिई गुरुज्यू जानुभयो । शिक्षाविभागका उच्च अधिकारीसँग आधा घण्टा जति भएको यो गुप्तवार्ताले पनि केही मानिसको मनमा नानाथरी शङ्का पारिदिएको रहेछ ।

व्याघ्रनेत्रो व्याघ्रश्मश्रुर्लोभी कामी च दुर्मतिः ।
कालवर्णो रामनाथो भौमग्रह उदाहृतः ।।
विद्यार्थिनां कालसमः कालकार्षापणग्रहः[४] ।
हृदये कालनिलयो बद्री राहुः प्रकीर्तितः ।।
रामाभीतश्च खर्वोऽयं दुष्टपङ्गुनिषेवकः ।
बृहस्पतिग्रहः सोमो मर्मस्पृग् गर्ववारिधिः ।।
अल्पबुद्धिर्मषीजीवी कालवर्णः परीक्षकः ।
रोहिणी विप्रमूर्खश्च शनैश्चरग्रहो मतः ।।
स्वल्पबुद्धिः पणे लुब्धोऽभिमानी दुग्धपीवरः ।
बुद्धिहीनः श्मश्रुलश्च बुद्धिनाथो बुधग्रहः ।।
कालश्चातातिपिशुनो वाचाटश्चातिभीषणः ।
पराङ्मुखो भव्यकार्ये रविनाथो हि केतुकः ।।
स्थूलकायश्चतुर्नेत्रो निद्रालुश्चारपूरुषः ।
वैशेषिको ज्योतिषी च राधानाथो हि भार्गवः ।।
मुखादुदीरितं वाक्यं पीयूषपरिकल्पितम् ।
निशम्य देवदेवस्य मुमुदे मेनकात्मजा ।।

इति श्रीवायुपुराणे श्रावणमाहात्म्ये शिवगौरीसंवादे नवग्रहोत्पत्तिर्नाम नवमोऽध्यायः

❀

४. नवग्रहस्तोत्र आषाढशुक्ल पूर्णिमा (गुरुपूर्णिमा) भन्दा पछि निस्केको हो । वि. सं. २००३ सम्म विद्यार्थीहरू आफ्नो श्रद्धा तथा गच्छेअनुसार गुरुपूजा गर्थे । वि. सं. २००४ मा विद्यार्थीहरूले २,४ पैसा चढाई गुरुपूजा गरे । एकजना पण्डितलाई विद्यार्थीहरूले कालो मसीले केही लेखिएको पैसा चढाए भनी सुनिएथ्यो । यताबाट कालकार्षापणग्रहको अर्थ खुल्छ । वि. सं. २००५ देखि गुरुपूजा गर्ने प्रथा प्रायः गएको जस्तो भयो ।

३ परिशिष्ट

# श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालको प्रतिसंस्कृता सिद्धान्तकौमुदीको विषयमा विद्वान्‌हरूको विचार

—नयराज पन्त

भारतशासनद्वारा सम्मानपत्रप्राप्तानां साहित्यवाचस्पति (हि० सा० सा०) वाचस्पति (का० हि० वि० वि०) पदवीविभूषितानां वाराणसेयसंस्कृतविश्वविद्यालयस्य सम्मानितप्राध्यापकानां म० म० श्रीगिरिधरशर्मचतुर्वेदमहोदयानां विशिष्टसम्मतिः

नेपालाभिजनैर्विद्वत्प्रकाण्डैः श्रीसोमनाथसिग्द्यालमहाशयैः प्रतिसंस्कृता विशेषविवृतिसहिता वैयाकरणसिद्धान्तकौमुदी बहुषु प्रकरणेषु मयालोचिता । अत्र महाविदुषा ग्रन्थकृता मूलस्यापि प्रतिसंस्कारो विहितः, तदुपरि विवृतिरपि च लिखिता । छात्राणां जिज्ञासिता विषया मूल एव संनिवेशिताः, यथा कथं भाषाया उद्‌गम इति आगमार्गेणारम्भ एव दर्शितम्, किं नाम संस्कृतभाषायां लिङ्गतत्त्वमिति स्त्रीप्रत्ययारम्भे, विभक्तीनां कथं क्रियाभिः सम्बन्ध इति शाब्दबोधप्रकारश्च कारकप्रकरणे इत्यादि । अन्यदपि यत्र यत्रापेक्षितम्, तत्रोदाहरणबाहुल्यं मूल एव संनिवेशितम् । प्रक्रियासु च मूलपरिष्कारे उदाहरणबाहुल्यं च विशेषेण श्रमः कृतः । गणेषु श्रीमता भट्टोजिदीक्षितेन सर्वोऽपि धातुपाठः संगृहीतः, अत्र तु येषां विरलः प्रयोगः, नैव वा येऽद्यत्वे प्रयुज्यन्ते, ते धातवो निष्कासिताः । अन्यच्च यद्यत्कृतं तत्सर्वं ग्रन्थकृतैव भूमिकायां प्रदर्शितमिति विज्ञायेतैव पाठकैः । विवृतौ च महाभाष्यं मुख्यतयाधारीकृतम्, शास्त्रान्तरीया विषयाश्चापि यथोपयोगं तत्र तत्र विवृताः । मनोरमा–शेखरयोस्तु विषयाः क्वचिदेव संगृहीताः काठिन्यमपहातुम् । यद्यपि लोकरुचेर्विभिन्नता दुष्परिहरा, विचारभेदश्चापि दुर्निवार इति क्वचन मदीयो विचारभेदः सम्भवत्येव, मद्दृष्टावुपयोगिनोऽपि च केचन विचारा नात्र संगृहीता इति शक्यते वक्तुम्, तथापि सोऽयं प्रतिसंस्कारः समयोपयोगी, बहुपरिश्रमसाध्यश्चेति निर्व्याजं हृदयेन ब्रवीमि । प्रतिसंस्कृतो ग्रन्थोऽयमस्मिन्काले छात्राणां विदुषां च महान्तमुपयोगमावक्ष्यतीति प्रचारं चास्य सोत्कण्ठः कामये । श्रीमता नेपालमहाराजेन ग्रन्थमीदृशं प्रकाश्य संस्कृतवाङ्मयस्य महानुपकारः कृतः, स च विद्वद्भिः प्रचारद्वारेण सफलतां नेय इति प्रार्थये ।

दिनाङ्कः चैत्र शु० १ शुक्रवासरे — गिरिधरशर्मा चतुर्वेदः

सं० २०१७

[ महामहोपाध्याय गिरिधर शर्मा चतुर्वेदको

नेपाली प्रकाण्ड विद्वान् श्रीसोमनाथ सिग्द्यालले प्रतिसंस्कार गर्नुभएको विशेष विवरण-

सहितको वैयाकरणसिद्धान्तकौमुदी ठाउँठाउँमा मैले हेरें। महाविद्वान् ग्रन्थकारले मूलको पनि प्रतिसंस्कार गर्नुभएको रहेछ तथा त्यसमाथि विवरण पनि लेख्नुभएको रहेछ। भाषाको उत्पत्ति कसरी भयो भन्ने कुरा आगममार्गअनुसार उठानमै लेखिएको, संस्कृतभाषामा लिङ्गतत्त्व कस्तो हुन्छ भन्ने कुरा स्त्रीप्रत्ययको उठानमै लेखिएको, क्रियासँग विभक्तिहरूको कसरी सम्बन्ध हुन्छ भन्ने कुरा र शाब्दबोधप्रकारलाई कारकप्रकरणमा लेखिएको विद्यार्थीहरूले बुझ्न खोज्ने विषय मूलमै लेखिएका छन् भन्ने कुराका उदाहरण हुन्। अरू पनि जहाँ जहाँ चाहियो, त्यहाँ त्यहाँ मूलमा नै प्रशस्त उदाहरण हालिएका रहेछन्। प्रक्रियाहरूमा पनि मूलको परिष्कार गर्दा प्रशस्त उदाहरण दिन विशेष परिश्रम गरिएको रहेछ। गणहरूमा श्रीभट्टोजिदीक्षितले सम्पूर्ण धातुपाठको सङ्ग्रह गर्नुभएको छ, जुन जुन धातुको कम्ती प्रयोग हुन्छ वा जुन जुन धातुको आजभोलि प्रयोग हुँदैन, त्यस्ता धातु यस ग्रन्थबाट हटाइएका रहेछन्। अरू कुरा जे जे गरिएको छ, त्यो सबै कुरा ग्रन्थकारले भूमिकामा देखाउनुभएकोले पाठकहरू बुझिहाल्नुहुन्छ। विवरण लेख्दाखेरि मुख्य आधार महाभाष्यलाई मानिएको रहेछ तथा ठाउँठाउँमा अरू शास्त्रका विषयहरूको पनि उपयोग गरिएको रहेछ। ग्रन्थ कठिन नहोस् भन्ने विचारले मनोरमा र शेखरका विषयचाहिँ कहीँ कहीँ मात्र सङ्ग्रह गरिएका रहेछन्। मानिसहरूका रुचि फरक फरक हुने र विचार पनि फरक फरक हुने हुनाले कहीँ कहीँ मेरो विचार पनि फरक हुन सक्छ। यस कारण मेरो दृष्टिमा उपयोगी केही विचारहरूको यहाँ सङ्ग्रह गरिएको छैन भनी भन्न सकिए तापनि समय सुहाउँदो ढङ्गले निकै मिहिनेत गरी यो प्रतिसंस्कार तयार गरिएको रहेछ भनी खुला हृदयले भन्छु। प्रतिसंस्कार गरिएको यो ग्रन्थ यस समयमा विद्यार्थीहरू र विद्वान्हरूलाई निकै उपयोगी हुनेछ भन्ने विचारले यसको प्रचार होस् भनी म चाहन्छु। नेपालका श्री ५ महाराजाधिराजबाट यस्तो ग्रन्थ प्रकाश गराइबक्सेर संस्कृतवाङ्मयको ठूलो उपकार गरिबक्सेको छ, विद्वान्हरूले यो ग्रन्थको प्रचार गरी यो काम सफल पार्नुपर्छ भनी म प्रार्थना गर्छु।

वि. सं. २०१७ चैत्रशुक्लप्रतिपद् शुक्रवार[1]

गिरिधर शर्मा चतुर्वेद]

### प्रसादचिह्नानि पुरःफलानि

२०१५ वैक्रमाब्दमार्गशुक्लाष्टम्यां वाराणस्यां रामघट्ट-शान्तिकुटीरभवने विद्वद्गोष्ठी नेपालराज्यप्रतिष्ठितैर्न्यायव्याकरणसाहित्यादिशास्त्रप्रौढपाण्डित्यशालिभिरास्तिकमूर्धन्यैः पण्डितप्रवरैः श्रीसोमनाथशर्मशास्त्रिमहोदयैर्बहु परिश्रम्य निबद्धं सिद्धान्तकौमुद्याः सव्याख्यं नवं प्रतिसंस्करणं विशिष्टविद्वत्सभासु समुपस्थापितम्। तदिदं विशिष्टं ग्रन्थरत्नं व्यवहारोपयोगितया व्युत्पादकतया च वैयाकरणानामन्येषां च संस्कृतानुरागिणां विदुषां महते प्रमोदाय, अन्तेवासिनामुपयोगाय, सौविध्याय चानुकूलमवश्यं प्रकाशनीयमिति निर्धार्यते।

तदिदमपरमपि धन्यवादास्पदं यत्– संस्कृतवाङ्मयरक्षाव्रतैः वीरराजन्यकुलमुकुटालङ्कारैः

१. वि. सं. २०१७ चैत्र ४ गते।

संमाननीयनेपालराजश्री ५ मन्महाराजाधिराजमहेन्द्रवीरविक्रमशाहदेवमहोदयैः नेपालएकेडमीमहासंस्थाद्वारा अस्य ग्रन्थस्य प्रकाशनमङ्गीकृतमिति सप्रमोदमभिनन्दयामः ।

वयं वाराणसेया विद्वांसः स्तुत्यस्यास्य निबन्धस्य प्रकाशनं समर्थयामहे ।

सभापतिः—

श्रीनारायणशास्त्री खिस्ते— महामहोपाध्यायः, साहित्यवारिधिः, वाराणसेयराजकीयसंस्कृतमहाविद्यालयभूतपूर्वाध्यक्षः, विद्वत्परिषदध्यक्षश्च ।

श्रीराजेश्वरशास्त्री द्राविडः— पण्डितराजः, साङ्गवेदविद्यालयाध्यक्षः ।

श्रीहरिरामशुक्लः— न्यायाचार्यः, साङ्गवेदविद्यालयन्यायाध्यापकः ।

श्रीताराचरणभट्टाचार्यः— साहित्याचार्यः, टीकमाणिसंस्कृतकालेजभूतपूर्वाध्यक्षः ।

श्रीपूर्णचन्द्राचार्यः— व्याकरणाचार्यः, रामानुजसंस्कृतकालेजभूतपूर्वाध्यक्षः ।

श्रीराजनारायणशुक्लः— न्यायाचार्यः, विद्वत्परिषन्मन्त्री, वाराणसेयशास्त्रार्थमहाविद्यालयाध्यक्षश्च ।

श्रीकमलाकान्तमिश्रः— व्याकरण-वेदान्ताचार्यः, गोयनकासंस्कृतमहाविद्यालयाध्यक्षः ।

श्रीकालीप्रसादमिश्रः— व्याकरणाचार्यः, हिन्दूविश्वविद्यालयीयसंस्कृतमहाविद्यालयभूतपूर्वाध्यक्षः ।

श्रीनिरीक्षणपतिमिश्रः— व्याकरणाचार्यः, हिन्दूविश्वविद्यालयव्याकरणप्राध्यापकः ।

श्रीरामप्रसादत्रिपाठी— न्यायव्याकरणाचार्यः, हिन्दूविश्वविद्यालयव्याकरणप्राध्यापकः ।

श्रीबदरीनाथशुक्लः— न्यायवेदान्ताचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालयन्यायविभागाध्यक्षः ।

श्रीअनन्तशास्त्री फडके— व्याकरणाचार्यः, मीमांसातीर्थः, वाराणसेयसंस्कृतविश्वविद्यालयेतिहासपुराणविभागाध्यक्षः ।

श्रीमुकुन्दशास्त्री खिस्ते— साहित्याचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालयसाहित्यविभागाध्यक्षः ।

श्रीमुरलीधरमिश्रः— व्याकरणवेदान्ताचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालयव्याकरणविभागाध्यक्षः ।

श्रीबालकृष्णशर्मपञ्चोली— व्याकरणाचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालयव्याकरणप्राध्यापकः ।

श्रीराजनारायणत्रिपाठी— व्याकरणाचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालयव्याकरणप्राध्यापकः ।

श्रीविभूतिभूषणभट्टाचार्यः— न्यायाचार्यः; वाराणसेयसंस्कृतविश्वविद्यालयग्रन्थपालः ।

श्रीयोगेश्वरझा— व्याकरणकेसरी, मुमुक्षुभवनसंस्कृतविद्यालयव्याकरणप्रधानाध्यापकः ।

श्रीब्रह्मदेवशुक्लः— व्याकरणाचार्यः, श्रीदाउजीसंस्कृतविद्यालयव्याकरणप्रधानाध्यापकः ।

श्रीरघुवीरपाण्डेयः— व्याकरणाचार्यः, श्रीचन्द्रसंस्कृतकालेजप्रधानाध्यापकः ।

श्रीचन्द्रबलिद्विवेदी— व्याकरणाचार्यः, अग्रवालसंस्कृतविद्यालयाध्यक्षः ।

श्रीरामअवधपाण्डेयः— व्याकरणाचार्यः, एम० ए०, बिरलासंस्कृतकालेजव्याकरणप्राध्यापकः ।

श्रीकृष्णमोहनठक्कुरः— व्याकरणसाहित्यवेदान्ताचार्यः, एम० ए०, हिन्दूविश्वविद्यालयीय–रणवीरसंस्कृत–पाठशालाध्यक्षः ।

श्रीकृष्णमणित्रिपाठी— व्याकरणसाहित्यसांख्ययोगपुराणेतिहासाचार्यः, एम० ए०, साहित्यरत्नम्, भारतीयसाहित्यविद्यालयव्यवस्थापकः ।

श्रीदिवाकरजोशी– व्याकरणाचार्यः, स्याद्वादविद्यालयव्याकरणप्राध्यापकः ।
श्रीरामप्रीतद्विवेदी– व्याकरणाचार्यः, दयालुसंस्कृतपाठशालाप्रधानाध्यापकः ।
श्रीदामोदरभट्टराई– वेदाचार्यः, हरिहरसंस्कृतपाठशालाध्यक्षः ।
श्रीकरुणाकरपनेरुः– सांख्यवेदान्तकाव्यतीर्थः, दुग्धविनायक वाराणसी ।
श्रीकेशवशर्मा वास्तोला– वेदान्ताचार्यः, नेपालीसंस्कृतविद्यालयप्रधानाध्यापकः ।
श्रीपूर्णचन्द्रोपाध्यायः– व्याकरणाचार्यः, केसरविद्यालयव्याकरणाध्यापकः ।

[वि. सं. २०१५ मार्गशुक्ल अष्टमीको दिन[२] काशी रामघाटको शान्तिकुटीरमा बसेको विद्वद्गोष्ठी

नेपालराज्यका प्रतिष्ठित विद्वान्, न्याय व्याकरण साहित्य आदि शास्त्रमा प्रौढ पाण्डित्य भएका, आस्तिकशिरोमणि, पण्डितप्रवर श्रीसोमनाथ शर्मा शास्त्रीले निकै परिश्रम गरी बनाउनुभएको सिद्धान्तकौमुदीको व्याख्यासहितको नयाँ प्रतिसंस्कार विशिष्ट विद्वान्हरूको सभामा राखियो । यो विशिष्ट ग्रन्थ व्यवहारमा उपयोगी हुने किसिमले लेखिएकोले र व्युत्पत्ति बढाउने भएकोले वैयाकरण-हरूको र संस्कृतप्रेमी अरू विद्वान्हरूको महान् आनन्दको लागि, विद्यार्थीहरूको उपयोगको लागि र सुविधाको लागि पक्कै प्रकाश गर्नुपर्छ भनी निश्चय गरिन्छ ।

संस्कृत वाङ्मयको रक्षा गर्ने व्रत लिने, वीर क्षत्रियहरूका कुलशिरोमणि, सम्माननीय, नेपालका राजा श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट ठूलो संस्था नेपालएकेडेमीद्वारा यो ग्रन्थ प्रकाश गर्ने कुरा स्वीकार गरिबक्स्यो भन्ने सुनेर प्रसन्न भई यस कुराको अभिनन्दन गर्दा धन्यवाद चढाउँछौँ ।

वाराणसीमा बस्ने हामी विद्वान्हरू प्रशंसनीय यस ग्रन्थको प्रकाशनको समर्थन गर्छौं ।]

श्रीविद्वद्वरसोमनाथशर्मभिः प्रतिप्रकरणं प्रतिविषयञ्च प्रतिसंस्कृता तदाह्वया सिद्धान्तकौ-मुदी सव्याख्या मया समवलोकिता, अस्यां तत्र तत्रावसरप्राप्ता व्याकरणसिद्धान्ता उपपादिताः, वर्णमातृ-काणाञ्च भाषान्तरवर्णमातृकाभ्य औचित्यं प्रतिपादितं मूलानि उपपत्तीश्च समाश्रित्य । विप्रकीर्णानि च सूत्राणि प्रकरणकल्पनया सञ्चितानि । प्रयोगाणाञ्च व्यवहारभूमयः प्रदर्शिताः । धातूनाञ्च यथासम्भवं प्रयोगा उपन्यस्ताः । कारकाणाञ्च विप्रतिपत्तिभूमयो महताऽऽयासेन सिद्धान्तावधारणेन परिष्कृताः इति सर्वं सम्प्रधार्याहं संमन्ये इयं कृतिः करिष्यति विनेयानां महतीमुपकृतिमिति ।

रघुनाथशर्मा
१७।१।५९ व्याकरणाचार्यः
वाराणसेयसंस्कृतविश्वविद्यालयवेदान्तविभागाध्यक्षः

२. वि. सं. २०१५ पौष ३ गते ।

[ पण्डित रघुनाथ शर्माको

श्रीविद्वद्वर सोमनाथ शर्माले प्रकरणपीछे विषयपीछे प्रतिसंस्कार गर्नुभएको व्याख्या-सहितको प्रतिसंस्कृता सिद्धान्तकौमुदी मैले राम्ररी हेरें । यस ग्रन्थमा उपयुक्त ठाउँमा व्याकरणका सिद्धान्त लेखिएका छन्, अरू भाषाका वर्ण र मातृकाभन्दा संस्कृतभाषाका वर्ण र मातृका उचित छन् भन्ने कुरा मूल र उपपत्तिको आधारमा प्रतिपादन गरिएको छ । प्रकीर्ण सूत्रलाई पनि प्रकरण मिलाई सङ्ग्रह गरिएको छ । प्रयोगहरूको व्यवहार देखाइएको छ । धातुहरूको पनि सम्भव भए जति प्रयोग समावेश गरिएको छ । कारकमा विरोध पर्ने ठाउँलाई निकै परिश्रम गरी सिद्धान्त ठहऱ्याई परिष्कार गरिएको छ । यी सबै कुरा विचार गर्दा यो ग्रन्थले विद्यार्थीहरूको निकै उपकार गर्नेछ भन्ने मेरो विचार छ ।

५९।१।१७[3] रघुनाथ शर्मा]

[यी संमतिका मूल भाग प्रतिसंस्कृता सिद्धान्तकौमुदीबाट लिइएका हुन् ।]

४ परिशिष्ट

# विद्वच्छिरोमणि हेमराज र पण्डितराज सोमनाथको सम्बन्ध

—नयराज पन्त

हेमराजज्यूको जन्म वि. सं. १९३५ आषाढ २० गते काठमाडौंमा भएको हो तथा मृत्यु वि.सं. २०१० पौष १२ गते ७५ वर्षको उमेरमा काशीमा भएको हो । सोमनाथज्यूको जन्म वि. सं. १९४१ आश्विन १९ गते काठमाडौंमा भएको हो तथा मृत्यु वि. सं. २०२९ आश्विन २८ गते ८८ वर्षको उमेरमा काशीमा भएको हो । उहाँहरू दुवै जनाले काठमाडौंमा आफ्नो पहिलो शिक्षा लिई काशीमा आफ्नो शिक्षाको पूर्णता गराउनुभएको हो । दुवै जना नेपालमा संस्कृतशिक्षाको माथिल्लो तहमा धेरै कालसम्म रहनुभएको हो । दुवैले पाण्डित्यपूर्ण कृति छोडेर जानुभएको छ । दुवैको सम्बन्ध पनि ४० वर्षभन्दा बढ्ता कालसम्म घनिष्ठ रूपमा रहेको थियो । दुवैले आआफ्ना लेखमा परस्पर प्रशंसा गर्नुभएको छ । सोमनाथजीले गर्नुभएका हेमराजज्यूका प्रशंसा माथि २०८–२०९, २१८–२२० पृष्ठमा परिसकेका छन् । अब यहाँ हेमराजज्यूले गर्नुभएका सोमनाथज्यूका प्रशंसालाई उद्धरण गरिन्छ ।

वि. सं. १९९५ मा हेमराजज्यूले काश्यपसंहिता प्रकाश गराउनुभयो । त्यसको मुखपृष्ठमा-

---

३. वि. सं. २०१५ माघ ४ गते ।

नेपालसंस्कृतग्रन्थमालायाः प्रथमः स्तबकः ।

काश्यपसंहिता ।

(वृद्धजीवकीयं तन्त्रं वा ।)

महर्षिणा मारीचकश्यपेनोपदिष्टा ।

तच्छिष्येण वृद्धजीवकाचार्येण संक्षिप्य विरचिता ।

तद्वंश्येन वात्स्येन प्रतिसंस्कृता ।

नेपालराजगुरुणा पं. हेमराजशर्मणा लिखितेन विस्तृतेन उपोद्घातेन सहिता ।

आचार्योपाह्वेन त्रिविक्रमात्मजेन यादवशर्मणा

नेपालदेशीयेन पं. सोमनाथशर्मणा च संशोधिता ।

मुंबईनगर्यां निर्णयसागरयन्त्रालये मुद्रापयित्वा प्रकाशिता ।

इ. १९३८. मूल्यं पञ्चरुप्यकम् । विक्रम संवत् १९९५.

उपोद्घातको अन्त्यमा

नेपालग्रन्थमालायाः प्रथमप्रकाशः

श्रीश्रीश्रीमन्नेपालमहाराजानां युद्धशमसेरजङ्गबहादुरराणानां नानाविधपदवीविभूषितानां विद्यानुरागं स्वदेशोपलब्धप्राचीनग्रन्थविशेषप्रकाशनाभिरुचिं च बहुशः समभिनन्द्य उपोद्घातोपन्याससमन्वितेयं काश्यपसंहिता नेपालग्रन्थमालायाः प्रथमस्तबकरूपेण प्रकाश्यते ॥

साहाय्यसमादरः

एतस्मिन्नुपोद्घातलेखे प्राचामर्वाचां वा प्राच्यानां पाश्चात्त्यानां च येषां विपश्चितां ग्रन्था विचारविशेषाश्चोद्धृत्य निर्दिष्टाः सन्ति तेषां नितरामधमर्णोऽस्मि । कृतज्ञतया तदनुस्मरणमन्तरेण नान्यमृणनिर्यातनस्य पन्थानमवगच्छामि । एतद्ग्रन्थप्रकाशने संशोधने च श्रीयुताप्ततमविद्वद्वरवैद्ययादवजीत्रिकमजीमहाभागानां सपरिश्रमं साहाय्यं बहु मानयंस्तेभ्यो धन्यवादानुपहरामि । अस्मिन् उपोद्घातलेखेऽसाधारणसहयोगदायितया प्रूफसंशोधनेऽपि साहाय्यदानेन पण्डितवरसोमनाथशर्मणेऽपि शतशो धन्यवादाः । डाक्टरगोकुलचन्द्रमहाशयेन माष्टर-इन्द्रविहारिशरणेन च यदत्र आङ्ग्लग्रन्थगतकतिपयस्थलसूचनादानं व्यधायि, तदनयोरप्युपकृतिं न विस्मरामि ॥

... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

विदुषां विधेयः–

नेपाल–काष्ठमण्डपराजधान्यां
वै० १९९४ श्रीधन्वन्तरिजयन्तीदिने

हेमराजशर्मा

(२३२ पृष्ठबाट)

I

नेपालग्रन्थमालाको प्रथम प्रकाश

श्री ३ महाराज जुद्धशमशेर जङ्गबहादुर राणाबाट देखाइबक्सेका विद्यानुराग तथा स्वदेशमा

पाइएका प्राचीन ग्रन्थको प्रकाशन गर्ने विशेष रुचिलाई बारंवार अभिनन्दन गरेर उपोद्घातसहितको यो काश्यपसंहिता नेपालग्रन्थमालाको प्रथमस्तबकको रूपमा प्रकाश गरिन्छ ।

सहायताको कदर

यो उपोद्घात लेख्ता प्राचीन अर्वाचीन प्राच्य पाश्चात्त्य जुनजुन विद्वान्हरूका ग्रन्थ र विशेष विचारका उद्धरण गरिएका छन्, उहाँहरूको म अत्यन्त ऋणी छु । कृतज्ञतापूर्वक उहाँहरूलाई सम्झनुसिवाय ऋण तिर्ने अरू उपाय मैले देखेको छैन । मेरा आप्ततम, असल विद्वान्, वैद्य श्रीयादवजी त्रिकमजीले यस ग्रन्थको प्रकाशन गर्दा र संशोधन गर्दा परिश्रमपूर्वक गर्नुभएको सहायताको आदर गर्दै उहाँलाई धन्यवाद चढाउँछु । यो उपोद्घात लेख्ता ठूलो सहायता दिएकाले र प्रूफ हेर्दा पनि सहायता गरेकाले पण्डितवर सोमनाथ शर्मालाई पनि धेरै धन्यवाद छ । डाक्टर गोकुलचन्द्र महाशय र मास्टर इन्द्रविहारिशरणले पनि अङ्ग्रेजी कितापमा भएका केही कुराहरूको सूचना दिए, त्यस कारण उनीहरूको उपकारलाई पनि म बिर्सन सक्तिनँ ।

नेपालको राजधानी काठमाडौँ — विद्वान्हरूका आज्ञाकारी–
वि. सं. १९९४ धन्वन्तरिजयन्ती — हेमराज शर्मा ]

वि. सं. २००५ मा सोमनाथज्यूको आदर्शराघव प्रकाशित भयो । त्यसमा हेमराजज्यूले प्रस्तावना लेख्नुभएको छ । सो प्रस्तावनाको एक अंशमा यस्तो लेखिएको छ–

यस्तो पवित्र श्रीरामचरित्र-सम्बन्धी साहित्यभूमिमा आदिकाव्यको रसको महानदीबाट ठूला साना नहरका रूपमा संस्कृत र भाषामय अनेक धारा निस्की करोडन् हृदय–क्षेत्रलाई भिजाई आनन्दका लहलहाउँदा अङ्कुर पैदा गरिरहेका छन् । हाम्रो नेपाली (गोरखाली) भाषामा अध्यात्म-रामायणको आधारबाट भानुभक्त कविले लेखेको रामायण प्रसिद्ध भइरहेको छ तापनि आदिकाव्य वाल्मीकिरामायणको आधारमा नेपाली परिष्कृत भाषामा रामायण लेख्नाको बहुतै आवश्यकता थियो । मेरा आप्ततम पण्डित सोमनाथ सिग्द्यालले जुन विद्वत्ता योग्यता र काव्य-कुशलताद्वारा नेपालीभाषामा यो आदर्शराघव लेखेका छन् त्यसको म अभिनन्दन गर्दछु । आफ्नो धेरै कालदेखिकै अध्ययन, अध्यापन, पुस्तकावलोकन, सत्सङ्गहरूले सुधारेको अन्तःकरणलाई परिश्रमसाथ श्रद्धाभक्तिपूर्वक श्रीरामचन्द्रको चरित्रगानतर्फ लगाई आफ्नो मातृभाषा नेपालीमा यो आदर्शराघव– महाकाव्य लेखकले लेखेको देखिन्छ । यसमा शब्द अर्थ भङ्गी प्रकृतिचित्रण कल्पनाहरूको वैचित्र्यले मनोरञ्जन गर्दै बिचबिचमा शुहाउँदा अरु रसको प्रसङ्ग भए पनि "एको रसः करुण एव निमित्तभेदाद्भिन्नः पृथक्पृथगिवाश्रयते विवर्तान्" भने झैं करुणमाश्रित शान्तिरसलाई प्रधानता दिई शान्तिको भावना उकाल्दै लगी सांसारिक परिस्थितिको वियोगान्त रहस्य दर्शाउनामा कविले प्रयत्न गरेको देखिन्छ । यसमा कविले कत्तिको सफलता पाएको छ सो पाठकलाई विदित हुन्यैछ । रामायणका नायक नायिका बान्धव मित्र परिवार भक्तहरूको चरित्रमा प्राचीन भारतको आदर्शलाई झल्काउँदै लगी रामायणबाट लिनुपर्ने उपदेश सच्चरित्रताको दिग्दर्शन गर्नालाई शुहाउँदो रचना गर्नामा विशेष प्रयत्न गरेको देखिन्छ । महाकाव्यको रचनामिल्दो

ऋतुवर्णन, चन्द्रोदय सूर्योदय आदिको वर्णन, शब्द–चित्र, अर्थ–चित्र, भाव, अलङ्कारहरूको विन्यासमा पनि विशेष परिश्रम परेको छ । नेपाल सरकारबाट उत्तरोत्तर सुदृष्टि बढाउँदै लगी नेपाली भाषाको साहित्यमा प्रगति गराउँदै लगिबक्सेको हुनाले समय सुहाउँदो रचनाद्वारा यस काव्यले असल स्थान पाउनेछ भन्ने आशा छ । पाश्चात्य विद्याको विकास देखेर कति विद्वान्हरूको दृष्टि त्यसतर्फ पनि ढल्कन लागी त्यताको आभा लिएर पनि वाङ्मयको निर्माण हुँदै आइरहेको र पुरानो परम्परा पनि चलिरहेकै हुनाले कविताको दुइ धार वहन लागेको देखिन्छ । यस काव्यमा कविताको धारा पुरानो भए पनि नयाँ विचार तरङ्ग पनि मिसिन आएको देखिनाले गङ्गा यमुनाको दुइ धाराको मिश्रण भई बहेको सन्धिकालको सरस्वतीको धार भन्न शकिन्छ । ईश्वरनिष्ठा, स्वदेश र स्वधर्ममा प्रेम, स्वभाषासम्बन्धी विशेष ज्ञान, नीतिबोधतिरको प्रवृत्ति, सात्त्विक प्रेम, पद्यरचनालाई चाहिने विशेष अपवाद छोडी नेपाली व्याकरणको शुद्धता, शब्दयोजना–माधुर्य, यमकानुप्रास आदि अगिका नेपाली कविको भन्दा यसमा विशेष देखिन्छ । हुनता यसमा संस्कृत शब्दको ज्यादा उपयोग भएको हुनाले सर्वसाधारणलाई सुबोध हुन नशक्नु पनि यौटा त्रुटि छ भने हुन्छ, तर अंग्रेजी उर्दू फार्सी आदि शब्दको मिश्रणभन्दा जसबाट हाम्री भाषा फुलिन् फलिन्, उनै मातृभाषाको आडमा सन्ततिभाषाले आफ्नो मनोभाव व्यक्त गर्नु अनुचित होइन । गद्यभन्दा पद्यको रचनामा धेरै अनुरोध सहनुपर्छ । हाम्रो भाषामा मनोभाव पूरा प्रकाश गर्ने साधन शब्द नपाएमा, पाए पनि सौन्दर्य नआउने भएमा त्यसको खातिर कामधेनु माता संस्कृत-भाषाको हात समातेर हिंड्नु उचितै हो । रचनालाई उच्च गराउन खोज्नेले उच्चभाषाको खुशामद नगरी पनि निर्वाह हुँदैन । बाहिरबाट खोजमेल गरेका अंशहरू शुहाउंदो ठाउँमा जड्नु पनि यौटा कला नै हो भने हुन्छ ।

(११–१४ पृष्ठबाट)

हेमराजज्यूको निकट सम्पर्कमा म ९ वर्ष (वि. सं. २००१ देखि वि. सं. २००९) सम्म रहेको छु । मेरा मातामह पं. भुवननाथ पाँडेले गर्नुभएको काम गर्ने भई हेमराजजीको सम्पर्कमा म पुगेको हुँ–

अमलेखगञ्ज

२००० पौष २९

पण्डित नयराज पन्तके नमस्कार.

पण्डित भुवननाथ पाँडेले अकस्मात् देहत्याग गरेको खबरले तिमीहरूलाई मात्र होइन मलाई पनि अत्यन्त अपसोस लाग्यो. पुरानो कुरा जान्ने, वयोवृद्ध असल ज्योतिषी थिए, बडो भरपर्दो काम गर्दथे मलाई पनि बखतबखतमा धेरै मदत गरेका थिए, प्रतिवर्षको पञ्चाङ्ग हेर्ने सोध्ने काममा त धेरैजसो उनैको साहारा थियो. के लाग्दो रहेछ देवको लाठो सहनै पर्दो रहेछ. ८१ वर्षको उमेर पुगी आफ्नो धर्मकर्ममा निरन्तर लागी तिमीहरू जस्ता छोरा नाती छोडी गएकाले उनको असल गति हुने कुरामा त सन्देहै छैन. तिमीहरूले पनि उनको मार्गबाट हिड्नाले इहलोक परलोकमा कल्याणै हुनेछ,

उनी गए तापनि तिमीहरूबाट पूरा मदत पाउँला भन्ने मलाई पनि पूरा विश्वास छ। दैवले पारेको कुरामा आफ्नो देहलाई ज्यादा चिन्तामग्न गराइ राखता अब हानिशिवाय केही नपाइने हुनाले धैर्य धारण गरी शोकलाई पतलो पार्दै लैजान्येछौ भन्ने पूरा मलाई विश्वास छ.

तिमीहरूलाई परेको दुःखले दुःखी–

हेमराज शर्मा

(पूर्णिमा १९ अङ्कको २२६ पृष्ठबाट)

यहाँ मेरा मातामहको विषयमा असल ज्योतिषी, पुरानो कुरा जान्ने, बडो भरपर्दो काम गर्थे, मलाई पनि बखतबखतमा धेरै मदत गरेका थिए, प्रतिवर्षको पञ्चाङ्ग हेर्ने सोध्ने काममा त धेरैजसो उनैको सहारा थियो भनी हेमराजजीले लेख्नुभएको छ।

मेरा मातामह असल ज्योतिषी हुनुहुन्थ्यो। पुरानो कुरा जान्ने = इतिहासज्ञ हुनुहुन्थ्यो। ईमानदारीसाथ लोभलालचा छोडी आफूले लिएको काम उहाँ पूरा गरी छोड्नुहुन्थ्यो। यी कुरा त उहाँको सम्पर्कमा आएका अरू विवेकशील मनुष्यले पनि देखे सुनेका थिए। प्रतिवर्ष पञ्चाङ्ग–संशोधन गर्ने काम बाहिर प्रकाशमा आएको थिएन, त्यसलाई पनि हेमराजज्यूले आफ्नै हस्ताक्षरले लेखेको चिठीमा व्यक्त गर्नुभएको छ। मेरो विचारमा मेरा मातामहका गुणको यथार्थ परीक्षा हेमराजज्यूले गर्नुभएको रहेछ भन्ने लाग्दछ।

हेमराजज्यू र सोमनाथज्यूको धेरै वर्षको निकटतम सम्पर्क भएकोले उहाँहरूको बीचमा धरै पत्रव्यवहार हुनु स्वाभाविक छ। ती पत्रहरूलाई खोजी प्रकाश गराउन सके उहाँहरूको सम्बन्धमा अरु बढी प्रकाश पर्थ्यो।

सूचना– वि. सं. २०२७ माघ फालगुन चैत्रको यो अङ्क हाम्रो कमजोरीले अहिले वि. सं. २०२९ माघमा मात्र निस्क्यो।

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध | पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|---|---|
| १८९ | ३ | गुरु | श्रीगुरु | २२१ | ५ | आजभोली | आजभोलि |
| १९६ | १३ | दिनअगडि | दिनअगाडि | २२१ | २५ | कुभम्कर्ण | कुम्भकर्ण |
| १९६ | २२ | मैलै | मैले | २२६ | ३ | ददानु | ददातु |
| २०१ | ५ | सः प्रपेदे | स प्रपेदे | २२७ | २७ | नपसक- | नपुंसक- |
| २०३ | १९ | -जत्यासत्तेः | -प्रत्यासत्तेः | २३१ | अन्तिम | हिंउदमा | हिउँदमा |
| २०३ | १९ | स्रौष्नः | स्रौघ्नः | २४५ | २९ | बोलिनं | बोलिनँ |
| २१२ | ११ | लब्धाः | लब्धा | २५१ | २२ | बहूत | बहुत |

का. जि. प्र. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ बटु सवलबहाल काठमाडौं नेपाल

# वि. सं. २०१९ माघ

यस अङ्कको मूल्य रु. ४।

मुद्रक–

युनिभर्सल प्रेस गङ्गापथ, काठमाडौं

फोन नं. १३८७७